# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **रुद्र खरेलको हास्यव्यङ्ग्यकारिता** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पारिएको छ ।

## १.३ विषय परिचय

नेपालको सदूरपूर्वी जिल्ला पाँचथरको च्याङ्थापुमा २००४ सालमा जन्मिएका हास्यव्यङ्ग्य निबन्धकार रुद्र खरेल नेपाली प्रगतिवादी साहित्यका एक उल्लेखनीय स्रष्टा हुन् । नेपाली भाषासाहित्यमा स्नातकोत्तर तहसम्मको औपचारिक शिक्षा प्राप्त गरेका सरल व्यवहार र उच्च विचारका धनी व्यक्तित्वका रूपमा परिचित खरेल नेपाली साहित्यका फाँटमा २०३०को दशकदेखि कलम चलाउने व्यक्तित्व हुन् । उनले आफ्नो साहित्ययात्रा कविता विधाबाट आरम्भ गरेको भएपनि उनी विशेषतः हास्यव्यङ्ग्य निबन्धलेखनमा चर्चित छन् । राजनीतिक, सामाजिक तथा सांस्कृतिक विषयक्षेत्रका विसङ्गत पर्यावरणमाथि व्यङ्ग्यको मट्याङ्ग्रो हान्ने खरेलका **छोरीलाई** (२०४७) कवितासङ्ग्रह र **तपाईंको नाम के हो** ?(२०४९), **तोरी लाहुरे चोकमा एकछिन** (२०५२), **बिर्सिस्यो कि ?** (२०५७), **आषाढस्य प्रथम दिबसे** (२०५९) **तेस्रो आँखा** (२०६१), **शब्दको भ्वाङ्** (२०६४) गरी जम्मा छ वटा निबन्धसङ्ग्रहहरू प्रकाशित भएका छन् । त्यस्तै **केही भाषाः केही साहित्य** (सहलेखन) पुस्तक र फुटकर लेखहरू समालोचना क्षेत्रका नमूना हुन् । नेपाली विषयका पाठ्यपुस्तक समेत लेखेका खरेलले **प्रतिनिधि नेपाली कथा** (२०४६,सहसम्पादन),**चालिसको दशकका केही कविताहरू** (२०६३)को सम्पादन तथा **पञ्चामृत, वेदना, उत्साह** आदि पत्रिकाहरूको समेत कुशल सम्पादन गरेका छन् । नेपाली राजनीतिक आन्दोलनमा पञ्चायती निरङ्कुशताका दमनचक्रमा परी २०३० सालदेखि २०३४ सालसम्म साढे चारवर्ष जेलजीवन बिताएका र २०४६ साल चैत्र ३ गते अन्य लेखकहरूसँगसँगै गिरफ्तारमा परेका खरेलका विभिन्न पत्रपत्रिकाहरूमा प्रशस्त लेख-रचना र समालोचनाहरू प्रकाशित भएका छन् । २०६५ श्रावण ७ गते दिवङ्गत भएका खरेल समकालीन नेपाली हास्यव्यङ्ग्य निबन्धका क्षेत्रमा प्रगतिपक्षीय जीवनदृष्टिका साथ कलम चलाउने खरो स्रष्टा हुन् । यसरी नेपाली हास्यव्यङ्ग्य निबन्धलेखनमा अत्यन्त गुरुत्व राख्ने स्रष्टा खरेलको व्यङ्ग्यकलाका बारेमा चर्चा गर्ने कार्य प्रस्तुत शोधपत्रमा गरिएको छ । उनको जीवनी र व्यक्तित्व, हास्यव्यङ्ग्य निबन्धयात्रा, उनका निबन्धहरूको वर्गीकरण र उनका निबन्धहरूको विषयवस्तु र भाषाशैलीका आधारमा अध्ययन गर्ने कार्य प्रस्तुत शोधपत्रमा गरिएको छ ।

## १.४ शोधसमस्या

साहित्यकार रुद्र खरेलले कविता सिर्जनाबाट आफ्नो साहित्यिक यात्रा आरम्भ गरेको भएपनि उनी हास्यव्यङ्ग्य निबन्धका क्षेत्रमा मूलतः प्रतिष्ठित हुनपुगेका छन् । २०२५ मा

**पञ्चामृत** पत्रिकामा **नमस्ते** शीर्षकको निबन्ध लेखेर निबन्ध विधामा प्रवेश गरेका उनका जम्मा ६ वटा हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह प्रकाशित भएको कुरा विषय परिचयमा नै उल्लेख गरिएको छ । यस्ता निबन्धसङ्ग्रहहरू प्रकाशित गरेर आफ्नो साहित्यिक व्यक्तित्व चम्काउने खरेलका हास्यव्यङ्ग्य निबन्ध सम्बन्धी कैयौं समस्याहरू विद्यमान छन् । २०२५ सालदेखि आरम्भ भएको उनको हास्यव्यङ्ग्य निबन्धलेखन यात्रा र उनका निबन्धहरूको सूक्ष्म अध्ययन हुन नसक्नु नेपाली साहित्यका सन्दर्भमा समस्याको विषय हो । प्रस्तुत शोधकार्य हास्यव्यङ्ग्य निबन्धकार रुद्र खरेलको जीवनी र व्यक्तित्वको परिचय सहित निबन्धमा निहित विषयवस्तु र प्रस्तुतिजस्ता विभिन्न पक्षलाई प्रकाशमा ल्याउनका लागि निम्नानुसारका समस्यासँग सम्बन्धित रहेको छ :

(क) रुद्र खरेलको जीवनी र व्यक्तित्व के-कस्तो छ ?

(ख) रुद्र खरेलका हास्यव्यङ्ग्य निबन्धहरूलाई के कति चरणमा राखेर अध्ययन गर्न सकिन्छ ?

(ग) रुद्र खरेलका हास्यव्यङ्ग्य निबन्धहरूमा केकस्तो विषयवस्तु र भाषाशैलीको प्रयोग गरिएको छ ?

## १.५ शोधकार्यका उद्देश्य

प्रस्तुत शोधकार्य समस्याकथनमा उठेका समस्याहरूको समाधानका लागि र निबन्धकार रुद्र खरेलका हास्यव्यङ्ग्य निबन्धहरूको व्यवस्थित रूपमा अध्ययन गर्नका लागि निम्नानुसारका उद्देश्यहरूमा केन्द्रित रहेको छ :

(क) रुद्र खरेलको जीवनी र व्यक्तित्वको बारेमा प्रकाश पार्नु ,

(ख) रुद्र खरेलका निबन्धहरूलाई विभिन्न चरणमा राखेर अध्ययन गर्नु ,

(ग) रुद्र खरेलका निबन्धहरूको विषयवस्तु र भाषाशैलीका आधारमा विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

हास्यव्यङ्ग्य निबन्धकार रुद्र खरेलका धेरै निबन्धात्मक कृतिहरू प्रकाशित भएपनि तिनको गहिरो अध्ययन अनुसन्धान हुन बाँकी नै रहेको देखिन्छ । प्रगतिशील विचारधारालाई अगाँलेर व्यङ्ग्यात्मक ढङ्गले निबन्धहरूको सिर्जना गर्ने भएकाले विभिन्न विद्वानहरूले आ-आफ्नै अभिमत प्रकट गरेको पाइन्छ । नेपाली हास्यव्यङ्ग्य निबन्धसम्बन्धी चर्चा गरिएका पुस्तक तथा विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर लेखहरूका माध्यमबाट विद्वानहरूले उनका बारेमा दृष्टिकोण प्रस्तुत गरेका छन् । प्रस्तुत शोधपत्र तयारीका क्रममा यसभन्दा अगाडि सम्पन्न भएका कार्यहरूका जे-जति सामग्रीहरू प्राप्त भएका छन्, तिनीहरूलाई कालक्रमका आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ :

गङ्गाप्रसाद उप्रेतीले 'नेपाली निबन्धमा व्यङ्ग्यको प्रयोग' (**शृङ्खला**,१३/२५, २०४७) शीर्षकको लेखमा 'हास्यको लचिलो परिवेशमा व्यङ्ग्यको गोली मार्ने र व्यङ्ग्यको विषय सामाजिक एवं राजनीतिक विकृतिलाई बनाउने खरेलका कतिपय व्यङ्ग्यहरू भने मानवीय स्वाभावगत कमजोरीप्रति खिल्ली उडाउँदै सुधारका लागि प्रेरित गर्ने खालका छन्' भनेर खरेलको व्यङ्ग्यचेतबारे स्पष्ट पारेका छन् ।

राजेन्द्र सुवेदीले **स्रष्टा सृष्टिः द्रष्टा दृष्टि** (२०४९) मा समाजवादी चिन्तनपद्धतिमा विश्वास राख्ने र यथार्थवादी अभिव्यक्ति दिने खरेल नेपाली भाषामा पाठयपुस्तक तयार गर्ने कविता र निबन्ध लेखनमा अनि पुस्तक सम्पादनमा समेत क्रियाशील व्यक्तित्व हुन् भनेर खरेलको व्यक्तित्वको चर्चा गर्दै 'नेपाली समाजमा दिनप्रतिदिन बढ्दै गरेका विखण्डित हुँदै

गएका मानवीय आदर्शलाई र जीवन एवं परिवेशका विसङ्गतिलाई यथार्थवादी ढङ्गले प्रस्तुत गर्ने र तिनमा रहेका विकृतिलाई चोटिलो पाराले प्रहार गर्ने खरेल नेपाली निबन्धका समसामयिक याथार्थवादी प्रतिभा देखिन पुगेका छन् ।' भनेर उल्लेख गरेका छन् ।

शक्ति लम्सालले 'नेपाली निबन्धपरम्परामा तपाईंको नाम के हो' (**कलम**, ५/७, २०४९/०५०) निबन्धसङ्ग्रहको चर्चा गर्दै 'लेखकले विचार आरोपितभन्दा यथार्थवादी स्तरमा आफूलाई स्थापित गराउन चाहेको देखिन्छ । सामाजिक कुसंस्कारको खिल्ली उडाई सबैका मनमा आनन्द सम्प्रेषित गर्नु लेखकको शैलीगत विशेषता रहन पुगेको छ ' भन्दै उल्लेख गरेका छन् ।

जगदीशचन्द्र भण्डारीले 'प्रगतिवादी नेपाली निबन्धपरम्परामा तोरीलाहुरे चोकमा एकछिन' (**वेदना**, १/२, २०५३) शीर्षकको लेखमा रुद्र खरेलको लेखकीय व्यक्तित्वको साथै उनको राजनैतिक व्यक्तित्वलाई समेत स्पष्ट पार्दै 'साहित्यकार रुद्र खरेल नेपालको वाम आन्दोलन र जनसङ्घर्षमा प्रत्यक्ष सहभागी हुँदै आएका हुनाले जीवनको यथार्थलाई आफ्नो सिर्जनाकर्मको माध्यमबाट प्रस्तुत गर्न र परिवर्तनकारी जीवनचेतनाको स्वर प्रगाढ बनाउन र उकास्नमा उनका रचनाहरू महत्वपूर्ण देखिन्छन् ।' भनेका छन् ।

कृष्णचन्द्रसिंह प्रधानले 'हास्यव्यङ्ग्यः प्राप्ति र पर्यवेक्षण' (**मधुपर्क**, ३०/४, २०५४) शीर्षकको लेखमा नेपाली हास्यव्यङ्ग्यविधालाई चारकालखण्डमा विभाजन गर्दै ती चार खण्ड मध्ये चौथो खण्डमा (२००७ देखि हालसम्म) लाई तीन चरणमा विभाजन गरी यस चौथो खण्डको तेस्रो चरणका नयाँ हास्यव्यङ्ग्यकारहरूका रूपमा उनको नाम लिएको पाइन्छ ।

विष्णुप्रभातले 'हास्यहीन व्यङ्ग्यको सुन्दर कृति' (**कान्तिपुर,** असोज, २६, २०५९) शीर्षकको लेखमा खरेलका तीनवटा निबन्धसङ्ग्रहहरू (तपाईंको नाम के हो ?, तोरीलाहुरे चोकमा एकछिन र बिर्सिस्यो कि?) का नाम लिँदै 'बिर्सिस्यो कि ?' निबन्धसङ्ग्रहभित्रका निबन्धहरूको विश्लेषण गरेका छन् । उनले 'हास्य छिचरोपन उनको पहिचान होइन, व्यङ्ग्यको गम्भीर वैचारिक आक्रमण उनको अभीष्ट हो ' भन्दै रुद्र खरेलको सारगर्भित व्यङ्ग्यचेतको उल्लेख गरेका छन् साथै उनले खरेललाई नेपाली व्यङ्ग्य निबन्धका क्षेत्रमा 'बिर्सनै नसकिने प्रतिभा' भनेका छन् ।

नरेन्द्र चापागाईंले 'रुद्र खरेलको तपाईंको नाम के हो ? को निबन्धकारिता' .(**वेदना,** २४/२, २०५४) शीर्षकको लेखमा 'तपाईंको नाम के हो ?' निबन्धसङ्ग्रहभित्रका निबन्धहरूको समालोचना गर्दा 'सम्पूर्णमा यी निबन्धहरूलाई लघु निबन्ध नै भन्न सकिन्छ ...' भनेका र सोही वाक्यलाई पूरा गर्ने क्रममा '....तापनि निबन्धमा प्रतिपादित विचारहरूको घनत्व अवश्य पाइन्छ ' भनेर सो सङ्ग्रहका निबन्धहरूको वस्तु र भावको ओजलाई स्वीकार गरेका छन्

रमेश भट्टराईले 'समकालीन निबन्धलेखन र तिनका प्रतिनिधि निबन्धकार' (**प्रलेस**, ५/७, २०५३) शीर्षकको लेखमा 'वर्तमानका प्रगतिशील निबन्धकारहरू र निबन्धवृत्ति' उपशीर्षक अन्तर्गत वर्तमानमा उभिएर वर्तमानलाई नै निबन्धको विषयवस्तु बनाउने निबन्धकार रुद्र खरेलका **तपाईंको नाम के हो** ?(२०४९)**, तोरीलाहुरे चोकमा एकछिन** (२०५२)**, बिर्सिस्यो कि** ? (२०५७) जस्ता निबन्धसङ्ग्रहहरू प्रकाशित भएका छन् ।

महेश पर्साईंले 'आषाढस्य प्रथमदिवसे' (**वेदना** २१/९, २०६०) शीर्षकको लेखमा 'साहित्य दुःख र समस्याहरूको पहाडमात्र होइन त्यहाँ इजाजहरू पनि छन् । सम्भावनाहरू पनि

छन् । रुद्र खरेल यस्तै सुखद निदान र सम्भावना देखाउन सक्ने एक सामर्थ्यवान साहित्यकार हुनुहुन्छ । साक्षी निबन्धहरू नै छन् ' भनी उल्लेख गरेका छन् ।

रामचन्द्र फुयाँलले **रुद्र खरेलको जीवनी, व्यक्तित्व र कृतित्व** (२०६२) स्नातकोत्तर शोधपत्रमा 'समग्रमा विसङ्गतिमाथि कतै-कतै न्यून हास्यको सिर्जना गरी मुख्यतया व्यङ्ग्यको भटारोले हिर्काउनु उनको हास्यव्यङ्ग्यगत निबन्ध प्रवृत्ति हो'भनेका छन् साथै 'यिनै निबन्धकार व्यक्तित्वका कारण रुद्र खरेल हाल एक सफल र सुपरिचित निबन्धकारका रूपमा प्रख्यात छन्' भनेका छन् ।

विष्णुप्रभातले 'बिर्सिस्यो कि ? हास्यहीन व्यङ्ग्य' (**शब्दसंयोजन,** ५/७, २०६५) शीर्षकको लेखमा 'न लामा न छोटा ठिक्कका हुनु, समसामयिकताभित्र साहित्यको मूल्य स्थापित हुनु, भाषाको प्रयोगमा भर्रोपन रहनु, दामपन्थी र वामपन्थी दुवै वैचारिक ध्रुवका खराबीप्रति आक्रमक हुनु, रोचकतापूर्ण अभिव्यक्तिसँगै आत्मपरकतालाई घुलमिल पार्नुजस्ता विशेषताले उनको हास्यव्यङ्ग्यकारिता भरिएको छ' भनेका छन् ।

जगत् प्रेक्षितले 'प्रगतिशील निबन्धकार रुद्र खरेल र उनका निबन्ध कृतिको परिचय' ( **शब्दसंयोजन,** ५/७, २०६५) शीर्षकको लेखमा 'नेपाली प्रगतिवादी क्षेत्रका मात्र होइन, २०४६ सालदेखि हालसम्मको नेपाली साहित्यको समग्र हास्यव्यङ्ग्य निबन्धक्षेत्रका सर्वाधिक प्रभावशाली र प्रतिनिधि प्रतिभा हुन्' भनेका छन् ।

निनु चापागाईंले 'रुद्र खरेललाई फर्केर हेर्दा' (**शब्दसंयोजन,** ५/७, २०६५) शीर्षकको लेखमा खरेलका ६ वटा निबन्धहरूको उल्लेख गर्दै ती सबै नेपाली समाजका विकृतिविरुद्ध लक्षित थिए, चारित्रिक पतनमाथि आक्रमक बनेर लेखिएका थिए' भनेर उल्लेख गरेका छन् ।

नरनाथ लुइटेलले 'रुद्र खरेलका व्यङ्ग्य निबन्धको विषयक्षेत्र' (**शब्दसंयोजन,** ५/७, २०६५) शीर्षकको लेखमा शिष्ट अभिव्यक्तिमा विश्वास गर्ने खरेल हास्य खासगरी व्यङ्ग्यधर्मी कलाका विशिष्ट स्रष्टा हुन् । म के लेखेर कसलाई अनि किन व्यङ्ग्य गर्दैछु भन्ने हेतु नराखी निरुद्देश्य ढङ्गले व्यङ्ग्य लेख्ने लेखन्तेहरूलाई मार्गदर्शन गराउने खालका निबन्ध छोडेर गएका छन् खरेलले' भनेर चर्चा गरेका छन् ।

हेमनाथ पौडेलले 'रुद्र खरेलका कवितामा अग्रगमन र परिवर्तनको स्वर' (**शब्दसंयोजन,** ५/७, २०६५) शीर्षकको लेखमा 'युगजीवनका राजनीतिक, सामाजिक यथार्थहरूलाई कथ्यविषय बनाई आफ्ना निबन्धमा तीखो व्यङ्ग्य प्रहार गरेका छन् ' भनेका छन् ।

रामचन्द्र फुयाँलले 'प्रगतिशील निबन्धकार रुद्र खरेल र उनका निबन्धकृतिको परिचय' ( **शब्दसंयोजन,** ५/७, २०६५) शीर्षकको लेखमा 'निबन्धकार रुद्र खरेल नेपाली व्यङ्ग्य निबन्ध फाँटका कहिल्यै न अस्ताउने घाम हुन् जसको प्रकाशले यो फाँट उज्यालो र तेजोमय भइरहने छ' भनेका छन् ।

पुण्यप्रसाद खरेलले 'त्यागी रुद्र खरेल' (**शब्दसंयोजन,** ५/७, २०६५) शीर्षकको लेखमा खरेलका निबन्धकृतिहरूको उल्लेख गर्दै भारतीय निबन्धकार हरिशङ्कर परसाईंबाट प्रत्यक्ष प्रभावित निबन्धकारका रूपमा रुद्र खरेललाई लिएका छन् ।

योगेन्द्रमणि दाहालले **नेपाली हास्यव्यङ्ग्य निबन्ध** (२०४६ सालपछि) स्नातकोत्तर शोधपत्रमा 'निबन्धकार खरेलले आफ्ना व्यङ्ग्यमा गहन विचारहरू प्रस्तुत गरेका छन् । विषयवस्तु सामान्य देखिएपनि उनका चिन्तन भने विशिष्ट छन् । **तपाईंको नाम के हो**बाट कृतिगत यात्रा तय गरेका खरेलले **शब्दको भ्वाङ्**सम्म आइपुग्दा आफ्नो विशिष्ट शैलीशिल्प र मान्यतालाई अगाडि राखेको पाइन्छ' भनेका छन् ।

यसरी हेर्दा हेर्दा नेपाली हास्यव्यङ्ग्य निबन्धको आधुनिक कालका विशिष्ट निबन्धकारको रूपमा परिचित रहेको जानकारी हुन्छ तथापि उनले के कस्ता र के कति निबन्ध लेखेका छन् तिनको उपलब्धि र सीमा के हो ? भन्ने बारेमा अध्ययन र मूल्याङ्कन प्रस्तुत शोधपत्रमा गरिएको छ । पूर्वजहरूबाट प्राप्त उपर्यक्त सामग्रीहरूले पनि प्रस्तुत शोधपत्र सम्पन्न गर्न सहयोग मिलेको छ । हास्यव्यङ्ग्य निबन्धकार रुद्र खरेलको हास्याव्यङ्ग्यकारिताका विषयमा विस्तृत र प्रमाणिक अध्ययनको न्यूनता रहेकाले यस शोधपत्रमा उनका हास्यव्यङ्ग्य निबन्धका विषयवस्तुगत प्राप्ति र भाषाशैलीगत वैशिष्ट्यहरूको व्यवस्थित अध्ययन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

लामो समयदेखि नेपाली साहित्यको हास्यव्यङ्ग्य निबन्धको क्षेत्रमा छुट्टै सत्ता कायम गर्न सफल निबन्धकार रुद्र खरेलका बारेमा बढी चर्चा भएको पाइदैन । केही अध्येताहरूबाट प्राप्त जानकारी समेत अपर्याप्त रहेकाले प्रस्तुत शोधपत्रमा उनको हास्यव्यङ्ग्य निबन्धकारिताका विषयमा व्यापक ढङ्गबाट अध्ययन अनुसन्धान गरी निष्कर्ष निकलिएकाले प्रस्तुत शोधकार्य स्वतः औचित्यपूर्ण रहनेछ । यसका साथै उनका विषयमा विस्तृत अध्ययन गर्न चाहने जो कोहीलाई पनि प्रस्तुत शोधपत्रले ठूलो सहयोग गर्ने देखिन्छ । यसैगरी खरेलका अलग-अलग निबन्धसङ्ग्रहहरूको कसैले अध्ययन-अनुसन्धान गर्न चाहेमा यस शोधकार्यको औचित्य रहनेछ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा निबन्धकार रुद्र खरेलको जीवनी र व्यक्तित्वको र उनको निबन्धगत चरणलाई समेत देखाउने कार्य गरिएको छ । त्यसैगरी विषयवस्तुका आधारमा उनका सम्पूर्ण निबन्धहरूको वर्गीकरण गर्ने कार्य समेत गरिएको छ । प्रस्तुत शोधपत्रको मुख्य लक्ष्य खरेलको हास्यव्यङ्ग्यकारिताका विषयमा प्रकाश पार्नु भएकाले उनका सबै सङ्ग्रहको विषयवस्तु र भाषाशैलीका आधारमा मात्र विश्लेषण गरिएको छ ।

## १.९ शोधविधि

### १.९.१ सामग्रीसङ्कलनविधि

प्रस्तुत शोधपत्रको निर्माणका क्रममा मूलतः पुस्तकालयीय अध्ययन-पद्धतिलाई सामग्रसङ्कलनको प्रमुख आधार बनाइएको छ । त्यसैगरी अन्य केही विद्वान्हरूको सम्पर्कबाट सामग्री सङ्कलन गरिएको छ ।

### १.९.२ अध्ययन तथा विश्लेषण विधि

प्रस्तुत शोधपत्र सुव्यवस्थित गर्नका लागि सङ्कलित सामग्रीहरूलाई वर्णनात्मक र विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरिएको छ । त्यसैगरी उनका निबन्धहरूको अध्ययन र विश्लेषण गर्दा समीक्षात्मक र व्यख्यात्मक दृष्टिकोण समेत अपनाइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित र क्रमबद्ध ढङ्गले प्रस्तुत गर्ने सन्दर्भमा निम्न अनुसारका छ  परिच्छेदमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद  : शोधपरिचय
दोस्रो परिच्छेद  : रुद्र खरेलको सङ्छिप्त परिचय
तेस्रो परिच्छेद  : रुद्र खरेलको हास्यव्यङ्ग्य निबन्धयात्रा
चौथो परिच्छेद  : रुद्र खरेलका हास्यव्यङ्ग्य निबन्धहरूको वर्गीकरण
पाँचौं परिच्छेद  : रुद्र खरेलका हास्यव्यङ्ग्य निबन्धहरूको विश्लेषण
छैटौं परिच्छेद  : उपसंहार
सन्दर्भग्रन्थसूची

## दोस्रो परिच्छेद
# रुद्र खरेलको सङ्क्षिप्त परिचय

## २.१ रुद्र खरेलको जीवनी
### २.१.१ जन्म र स्थान

रुद्र खरेलको २००४ साल भदौ १८ गते नेपालको सुदूर पूर्वी जिल्ला पाँचथरको च्याङ्थापुस्थित फलैचामा भएको हो ।[1] उनका पिताको नाम देवीचरण र माताको नाम भक्तिमाया हो ।[2] उनका तीन जना दाजुभाइ मध्ये उनी सबैभन्दा कान्छा हुन् ।[3] साहित्यलेखनका क्षेत्रमा कतै रुद्रप्रसाद खरेल तथा आर.पी. खरेल लेखेको पाइएपनि उनी विशेषतः रुद्र खरेलका नामबाट परिचित छन् ।

### २.१.२ बाल्यकाल

रुद्र खरेलको बाल्यकाल कारुणिक रहेको देखिन्छ । निम्नवर्गीय सिमित खेतिपाति भएका रुद्र खरेलका पिता देवीचरणका दाजुभाइ धेरै भएको हुँदा पैत्रक सम्पत्ति अपर्याप्त भएकाले उनी समग्र परिवार लिएर दार्जिलिङ्ग गए । दार्जिलिङ्गमा उनको ज्योतिषी पेसा थियो गुजाराका लागि उनले त्यहाँ ठूलो सङ्घर्ष गर्नुपऱ्यो ।[4] दार्जिलिङ्गमा समेत जीवन चलाउन निकै कठिन भएकाले त्यहाँको १/२ वर्षको बसाइपछि देवीचरण सपरिवार नेपाल फर्किएर इलामको तीनखोप्रे गाँउमा बसे ।[5] तीनखोप्रेमा केही समय बिताइसकेपछि त्यहाँबाट पनि बसाँइ सरी इलामको फिक्कल नजिक आइतबारे आएर बसे एवं घरबास र खानपुग्ने अलिकति जमिन जोडे ।[6] आइतवारे बसाइकै क्रममा २००८ सालमा रुद्र खरेल ४ वर्षको हुँदा उनका पिता देवीचरणको देहावसान भयो ।[7] पिताको निधन हुँदा आफू सानो भएको हुनाले आफ्ना पिताको आनिबानि, क्रियाकलाप र शारीरिक बनावटको कुनै सम्झना नभएको उनको कथन छ ।[8] पिताको निधन हुँदा परिवार धान्ने दायित्व आमाको काँधमा आयो र पारिवारिक अवस्था समेत कमजोर भएकाले उनलाई परिवार धान्न निकै कठिन भयो ।[9] यसरी वाल्यकालमै पिता गुमाएका रुद्र खरेलले निकै दुःख सहनुपऱ्यो ।

पिताको देहावसान पश्चात् परिवार धान्न माता भक्तिमायालाई निकै गाह्रोभयो । त्यो जटिल अवस्थालाई टार्न देवीचरणको मृत्यु पश्चात् छोराहरूसाथ असहाय महिला त्यस स्थानमा बस्न त्यति अनुकूल ठानिनन् र २०११ सालतिर जेठा भिनाजुसँगै सपरिवार झापा झरी

---

1. रामचन्द्र फुयाँल , **रुद्र खरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित शोधपत्र , ने.के.वि. त्रि.वि. कीर्तिपुर, २०६२, पृ.७ ।
2. जगत् प्रेक्षित, 'रुद्र खरेलको निबन्धकारिताको अध्ययन र विश्लेषण' **शब्दसंयोजन** (वर्ष ५, अङ्क ७, २०६५ कात्तिक) , पृ.९० ।
3. रामचन्द्र फुयाँल, **पूर्ववत,** ।
4. **ऐजन** पृ. ८ ।
5. **ऐजन** पृ. ८ ।
6. **ऐजन** पृ. ९ ।
७. **ऐजन** पृ. ९ ।
8. **ऐजन** पृ. ९ ।
9. **ऐजन** पृ. ९ ।

खुट्टिडाँगी,ऐयाबारी, माहुरमाडी जस्ता ठाँउहरूमा बसोबास गरे ।[10] जेठा भिनाजुको मृत्युपछि कान्छा भिनाजुको संरक्षकत्वमा धुलाबारीबाट शनिश्चरेको कालीथान भन्ने ठाँउमा बसोबास गर्नथाले ।[11] अस्थिर रूपमा यायावर उक्त परिवारले शनिश्चरेको कालीथानमा आइपुगेपछि केही मात्रामा स्थायित्व कायम गऱ्यो । त्यहाँ उनीहरूले अरूको खेति कमाइ गरेर बसोबास गरे । रुद्रखरेलकी आमा अनेक प्रकारका रोगबाट पीडित थिइन् ।[12] रुद्र खरेल ११ वर्षको हुँदा २०१५ सालमा उनकी आमाको समेत देहावसान भयो जुन क्षण उनका लागि सबैभन्दा दुःखद क्षण बन्नपुग्यो ।[13]

यसप्रकार रुद्र खरेलको बाल्यकाल अत्यन्त दयनीय हुनपुगेको देखिन्छ । आमा-बाबुको सानै उमेरमा भएको देहावसान तथा अस्थिर बसोबासका कारण उनको बाल्यावस्था अत्यन्त जटिल बनेको देखिन्छ ।

### २.१.३ शिक्षादीक्षा

सानै उमेरमा पितृवियोग, निम्नवर्गीय पारिवारिक स्थिति र अस्थिर बसोबासका कारण रुद्र खरेलको समयमै शिक्षाकालागि आवश्यक व्यवस्था मिल्न सकेन । सात-आठ वर्षको हुँदा वर्फल्याङ् गाँउबाट उनको अक्षरारम्भ भएको थियो ।[14] यहीँबाट खरेलले ठूलो वर्णमालाका नेपाली वर्णमालाका नेपाली वर्णहरू लेख्न पढ्न सिकेका कारण उनले देवीभागवत, रामायण जस्ता पुस्तकहरू पढ्न थालेको जानकारी पाइन्छ ।[15] नेपाली ठूलो वर्णमाला सिकेको केही वर्षपछि १२ वर्षको उमेरतिर धुलाबारी बजारको प्राथमिक स्कुलमा एक कक्षामा भर्ना भए तर भर्ना भएको केही समय पश्चात् यहाँ उनले मातृवियोग सहनुपऱ्यो र उनको शिक्षा ग्रहण गर्ने कार्यमा अर्को बाधा आइपऱ्यो ।[16] मातृवियोगले गर्दा अध्ययन रोकिएका खरेलले पुनः वि.स. २०१७ सालतिर एकैचोटि ४ कक्षामा भर्ना हुने अवसर प्राप्त गरे । विद्यालय अवस्थादेखि नै अत्यन्त लगनशील र परिश्रमका कारण विद्यालयमा हुने अनेक प्रकारका साहित्यिक गतिविधिमा समावेश हुँदै गएको कुरा उनको जीवनी पक्षको अध्ययनले देखाउँछ । खरेल विद्यालयीय जीवनदेखि नै पाठ्यक्रम र पाठ्यक्रम बाहिरका प्रशस्त पुस्तकहरु अध्ययन गर्ने गर्दथे ।[17] विभिन्न कारुणिक र पीडामय अवस्थाहरूसँग सङ्घर्ष गर्दै भएपनि उनले २०२४ सालमा शनिश्चरे हाइस्कुलबाट एस.एल. सी. द्वितीय श्रेणीमा उत्तीर्ण गरे ।[18] विद्यालयीय जीवनपछि विभिन्न प्रभाव र प्रेरणाले विस्तारै साहित्य तथा राजनीतिक क्षेत्रमा लागेका रुद्र खरेलले मेची क्याम्पसबाट २०२६ सालमा आई. ए. पास गरे ।[19] प्रमाणपत्र तह अध्ययन गर्ने समयमा खरेल समाचार सुन्ने र पत्रपत्रिका पढ्ने गर्दथे एवं वामपन्थी विचारको गहिरो अध्ययन समेत उनले

---

10. ऐजन पृ. १० ।
11. ऐजन ।
12. ऐजन ।
13. ऐजन ।
14. एजन पृ. १२ ।
15. ऐजन ।
16. ऐजन ।
17. ऐजन पृ.१२.
18. ऐजन ।
19. रामचन्द्र फुयाँल, 'प्रगतिशील निबन्धकार रुद्र खरेल र उनका निबन्धहरूको परिचय',**शब्लसंयोजन** (वर्ष ५, अङ्क ७, २०६५कात्तिका), पृ. ९५

यही समयमा गरे । तत्पश्चात् मेची क्याम्पसबाटै उनले बि.ए.उत्तीर्ण गरे ।[20] क्याम्पसमा अध्ययनका सिलसिलामा उनले आफूलाई सङ्गठन निर्माणमा समेत सक्रिय तुल्याएका थिए । जुन कार्य तत्कालीन पञ्चायती व्यवस्थाका शासकहरूका निम्ति चित्तबुभ्दो कार्य थिएन । फलस्वरूप उनले जेलजीवन समेत बिताउनु परेको समेत देखिन्छ ।[21] यस प्रकारको परिस्थितिको सामना गर्न पुगेका खरेलले आफ्नो अध्ययनको पाटोलाई सहजताका साथ अगाडी बढाउन बाधा बेहोर्नु परेको पाइन्छ । २०३४ सालतिर उनले काठमाडौंको नख्खु जेलमा बन्दी हुनुपरेको बेला नेपाली विषयमा एम्. ए. पास गरे । [22] एम्. ए. सम्मको औपचारिक शिक्षा प्राप्त गरेका रुद्र खरेलले साहित्यका विभिन्न विधाका तथा अन्य साहित्येतर ग्रन्थहरूको गहन अध्ययन निरन्तर रूपमा जीवनपर्यन्त गरेको पाइन्छ ।

## २.१.४ विवाह र सन्तान

२००५ साल माघ २९ गते गजप्रसाद थपलिया र माता दीपकुमारी थपलियाकी जेठी सुपुत्रीका रूपमा जन्मिएकी नीरा खरेलका साथ रुद्र खरेलको विवाह २०२९ सालमा भएको थियो ।[23] वाल्यकालदेखि नै चलाख नीरा थपलियाले शारदा वालिका मा.वि. भद्रपुरबाट २०२५ सालमा एस. एल.सी  पास गरिन् र २०२६सालमा मेचि क्याम्पसमा प्रवीणता प्रमाणपत्र तहमा भर्ना समेत भइन् ।[24] राजनीतिक गतिविधिबाट समेत चिनिएकी उनी२०२७ मा सम्पन्न स्व.वि. यु.निर्वाचनमा मेची क्याम्पसबाट बिजय हासिल गरेकी थिइन् ।[25] एस.एल.सी.पास गर्न भन्दा अघि देखि नै शिक्षण कार्यमा समेत संलग्न उनको कर्मठशील र लगनशील व्यवहारदेखि आकर्षित भएका रुद्र खरेलले उनलाई जीवनसाथीका रूपमा रोजे र नीरा थपलियाले पनि रुद्र खरेललाई पतिका रूपमा स्विकार्न पुगिन्  ।[26] यिनै दुई जोडी बीच २०२९ साल असार ८ गते दुवै परिवारको पहलमा मागी विवाह सम्पन्न भयो .[27]

## २.१.५ सन्तान

विवाह भएको एक वर्षको समयावधि पूरा हुन नपाउँदै  रुद्र खरेलले जेल  जीवन भोग्नुपयो । जसकारण छोटो समयमा नै केही समय पत्नीसँग विछोडिन पुगे ।  २०३१ देखि २०४२ सालसम्मको अवधिमा उनका चार छोराहरू जन्मिए पनि ती मध्ये कसैको जन्मदै र कसैको केही वर्ष बाँचेर नाबालकमै मृत्यु भएकाले उनलाई जीवनमा पुत्रशोकले अत्यन्त शोकाकूल बनायो ।[28] हाल उनका दुई छोरी छन् । ती मध्ये जेठी छोरी नुतन खरेलको २०३६ सालमा जन्म भएको हो भने उनले २०६३ सालमा त्रि.वि. बाट स्नातकोत्तर तह पुरा गरेकी छिन्

---

20. **ऐजन ।**
21. गङ्गाप्रसाद उप्रेती ,'रुद्र खरेल अर्थात् आस्थाका अविरल यात्री', **शब्दसंयोजन** (वर्ष ५ अङ्क ७, २०६५ कात्तिक), पृ. २७ ।
22. **ऐजन ।**
२३. रामचन्द्र फुयाँल, **रुद्र खरेलको जीवनी,व्यत्तित्व र कृतित्वको अध्ययन, पूर्ववत्** पृ.१४ ।
२४. **ऐजन** ।
२५. **ऐजन** पृ .१५ ।
२६. **ऐजन**  ।
२७. **ऐजन**  ।

28. **एजन** पृ. १५ ।

भने कान्छी छोरीको नाम दीक्षा खरेल हो र उनको जन्म २०३८ सालमा भएको थियो ।[29] परिवारसँग विछोडिएर जेलजीवनभित्रका समस्या र पीडामा पिल्सिएकै बेलादेखि नै पुत्रवियोगले आहत भएका रुद्र खरेलले पछिसम्म मर्माहत भइरहनु परेको देखिन्छ ।

## २.१.६. आर्थिक अवस्था

रुद्र खरेलको जन्म निम्नवर्गीय परिवारमा भएको थियो । सानै उमेरमा बाबु आमासँगै मुलुकभित्रै तथा प्रवासमा समेत विविध क्षेत्र चाहर्न पुगेका खरेलले अस्थायी बसोबासका कारण तथा प्रतिकूल आर्थिक अवस्थाका कारण समयमै राम्रो अध्ययनको अवसर पाएनन् ।[30] पिताका मृत्युपछि आमा र अन्य दाजुहरूसँगै जीवन धान्नका लागि पहाडबाट मधेस झरे । झापाका विभिन्न ठाँउमा बसाइका सन्दर्भमा आफन्तहरूका खेती, ठेक्का तथा विविध सर्तमा कमाइ गरेर जीवन निर्वाह गरे ।[31]आर्थिक अभावका कारण उनले विद्यार्थी जीवन निकै कष्टपूर्णताका साथ धान्नुपरेको देखिन्छ । प्रविणता प्रमाणपत्र तह स्नातक तह अध्ययनको अवधिमा जनता मा. वि. गौरादह झापामा २०२८ सालदेखि २030 सालसम्म जम्मा दुई वर्ष अध्यापन गरेर पढाइ खर्च चलाएका थिए ।[32] २०२५ सालदेखि झापाबाट प्रकाशित भएको **पञ्चामृत** पत्रिकाको सम्पादक भएर त्यस पत्रिकाको वितरणमा समेत आफैं संलग्न भएर केही आर्थिक सङकलन गरे ।[33] जेलमुक्त भएपछि २०३४ साल श्रावण १२ गतेदेखि नेपाल ल क्याम्पसमा प्राध्यपन गर्न थाले । उनले नेपाल ल क्याम्पसमा २०६२ साल वैशाखसम्म उपप्राध्यापकका रूपमा शिक्षण गरे साथै काठमाडौं स्कुल अफ ल मा आंशिक शिक्षकका रूपमा समेत शिक्षण गरेको देखिन्छ ।[34] शिक्षण पेसाबाट उनले आफ्नो आर्थिक अवस्थालाई केही बलियो बनाएको देखिन्छ । यस अतिरिक्त विभिन्न साहित्यकार, संघसंस्था आदिको सम्पादनबाट पनि उनले आर्थिक सङ्कलन गरेको देखिन्छ साथै उनकी श्रीमती समेत शिक्षण पेसामा संलग्न रहेका कारण पारिवारिक आयस्रोतमा अझ सहयोग पुगेको पाइन्छ भने पैत्रिक सम्पत्तिको सानो हिस्सा समेत नलिएका उनको कोटेश्वरमा दुइतले घर रहेको छ ।[35]

## २.१.७.कार्यक्षेत्र

### २.१.७.१.शिक्षण कार्य

रुद्र खरेलको जीवनी पक्षको अध्ययन गर्दा उनको प्रमुख कार्यक्षेत्र शिक्षण पेसा नै देखापर्दछ । शिक्षण कार्य उनले स्नातक तहको अध्ययनको समयदेखि नै गरेको पाइन्छ । खरेलको शिक्षण कार्यको आरम्भ २०२८ सालमा झापाको गौरादहस्थित जनता मा.वि.बाट भएको हो भने २०२९ सालदेखि नयाँ शिक्षा लागू भएपछि २०३० सालमा उनलाई त्यहाँबाट निष्कासन गरियो र तत्पश्चात् पञ्चायती शासकको पञ्जामा परी चार वर्ष जेलजीवन समेत

---

29. रामचन्द्र फुयाँल, 'प्रगतिशील निबन्धकार रुद्र खरेल र उनका निबन्धकृतिको परिचय', **पूर्ववत्** पृ.९५ ।
30. रामचन्द्र फुयाँल, **रुद्र खरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, पूर्ववत् पृ. १८ ।
31. **ऐजन** ।
32. **ऐजन** ।
३३. **ऐजन** ।
३४. समालोक देवी सुवेदीबाट प्राप्त जानकारी ।
35. रामचन्द्र फुयाँल, **रुद्र खरेलको जीवनी व्यक्तित्वको अध्ययन** ,पूर्ववत् पृ.१९ ।

बिताए ।[36] २०३५ साल श्रावण १२ गते देखि २०६२ सालसम्म नेपाल ल क्याम्पस र २०६२ जेठदेखि पाटन बहुमुखी क्याम्पसमा प्राध्यापन गरेका थिए । त्यस्तै काठमाडौं स्कुल अफ ल क्याम्पसमा पनि यसको स्थापना कालदेखि आंशिक शिक्षकका रूपमा अध्यापन गराए र आफ्नो अटुट शिक्षण सेवाको प्रतिफलका कारण उनी सुपरिचित भएको पाइन्छ ।

### २.१.७.२. सम्पादन र प्रकाशन कार्य

रुद्र खरेलले विद्यार्थी कालदेखि नै साहित्यिक वातावरणमा घुलमिल हुने अवसर प्राप्त गरेका थिए । ती साहित्यिक वातावरणहरू विभिन्न सिर्जना कार्यमा खरेलले आफूलाई संलग्न गराएको देखिन्छ । उनले विभिन्न साहित्यकारका कृति, संघसंस्थाका पुस्तक, पत्रपत्रिका आदिको सम्पादन तथा प्रकाशन गरेको देखिन्छ । उनले 'मुना साहित्य सेवा समिति' शनिश्चरे , झापाबाट प्रकाशित **समसामयिक सङ्कलन** को सम्पादन गरेको देखिन्छ ।[37] २०२५ सालदेखि झापाको भद्रपुरबाट प्रकाशित हुन थालेको प्रगतिशील विचार पक्षीय साहित्यिक मासिक पत्रिका **पञ्चामृत** प्रत्रिकाको सम्पादक रहेका थिए भने पञ्चामृत पत्रिकाको प्रकाशन र वितरणमा समेत उनको उल्लेखनीय भूमिका रहेको देखिन्छ । त्यसैगरी काठमडौंबाट प्रकाशित हुने **उत्साह** ,**वेदना** पत्रिकाको समेत सम्पादन गरेका छन् भने त्रि.वि. कानुन अध्ययन संस्थानबाट प्रकाशित **कानुन परिचर्चा**का सम्पादक तथा 'नेपाल बार एसोसिएसन' बाट प्रकाशित हुने **न्यायदूत**का उनी प्रबन्ध सम्पादक भएको पाइन्छ ।[38]त्यसैगरी **प्रतिनिधि नेपाली कथाहरू** (२०४६), **चालिसको दशकका केही कविताहरूको** सहसम्पादन गरेका छन् र प्रकाशन कार्यका क्षेत्रमा खरेलले लेखक पूर्णविरामको **झ्यालसँगको झ्यालिन्चा** कथासङ्ग्रहको प्रकाशनसमेत गरेको देखिन्छ । यसप्रकार रुद्र खरेलले सम्पादन र प्रकाशनका कार्यमा उल्लेखनीय योगदान गरेको पुष्टि हुन्छ ।

### २.१.७.३. सामाजिक कार्य

रुद्र खरेले जब **पञ्चामृत** पत्रिकाको २०२५ देखि सम्पादन प्रकाशन गर्ने कार्यको आरम्भ भएको देखिन्छ । समाजलाई सचेत बनाउन र प्रगतिशील विचारलाई आत्मसात् गर्न यस पत्रिकामार्फत खरेलको ठूलो योगदान रहेको देखिन्छ । आफूलाई सामाजिकीकरण गर्ने साधन खरेलले साहित्य साधनालाई बनाएको देखिन्छ ।[39] साहित्य सेवा समिति साहित्यिक उत्थानका लागि गठित समिति थियो भने रुद्र खरेल यस समितिको सचिव भई कार्य गरेको देखिन्छ ।[40] प्रगतिशील स्रष्टाहरूको सङ्गठन तथा प्रगतिशील साहित्य रचनाका क्षेत्रमा ठूलो भूमिका निर्वाह गरिरहेको प्रगतिशील लेखक सङ्गठनको पहिलो अधिवेशन भएपश्चात् २०४४ देखि यस संस्थामा क्रियाशील रहेका रुद्र खरेल प्रलेसका उपाध्यक्ष्यसमेत बन्न पुगेको देखिन्छ ।[41] 'कृष्णमणि साहित्य पुरस्कार व्यवस्थापन समिति' को सचिव भएर उनले कार्य गरेको देखिन्छ । त्यसैगरी साहित्य सेवामा समर्पितहरूको मूल्याङ्कनमा दत्तचित्त

---

36. गङ्गाप्रसाद उप्रेती, **पूर्ववत्** पृ. २० ।
३७. रामचन्द्र फुयाँल ,**रुद्र खरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, पूर्ववत् , पृ.२० ।
38= रामचन्द्र फुयाँल , प्रगतिशील निबन्धकार रुद्र खरेल र उनका निबन्ध कृतिको परिचय , **पूर्ववत्** , पृ. ९६ ।
39. गङ्गाप्रसाद उप्रेती , **पूर्ववत्** ,पृ .२९ ।
४०. **ऐजन** ।
41. आनन्ददेव भट्ट , जेलदेखि आर्यघाटसम्मको चिनापर्चि ,**शब्दसंयोजन** , (वर्ष ५ अङ्क ७, २०६५ कात्तिक), पृ. २२ ।

रहेका खरेल युद्धप्रसाद मिश्र प्रतिष्ठानका समेत रहेको पाइन्छ ।[42] ‘इन्देणी सांस्कृतिक समाज’का उपाध्यक्ष्य भएर कार्य गरेका उनले समाजको उत्थानका लागि शैक्षिक क्षेत्रको विकासमा उल्लेखनीय योगदान दिएको देखिन्छ । कोटेश्वर बहुमुखी क्याम्पसको संस्थापक शिक्षक समेत रहेका उनले प्रगतिशील प्राध्यापक सङ्गठनको सचिवालय सदस्य रहेर कार्य गरेको देखिन्छ ।[43] सामाजिक उत्थान, उन्नति र विकासमा समर्पित संस्थाहरूमा संलग्न रही खरेलले क्रियाशील भएर सामाजिक कार्यमा आफ्नो सफल भूमिका निर्वाह गर्नुका साथै महत्वपूर्ण योगदान दिएको पाइन्छ ।

### २.१.७.४.राजनैतिक क्षेत्रमा संलग्नता र जेलजीवन

रुद्र खरेलको जन्म एक निम्नवर्गीय परिवारमा भएको थियो । सानै उमेरदेखि सङघर्ष गरेर जीवन सञ्चालन गर्न पुगेका खरेललाई अर्काको पीडा र दर्दको बोध हुनपुगेको थियो । निम्नवर्गीय गरीब जनसमुदायमाथि सामन्तीहरूले गरेका अन्याय, अत्याचार र भेदभावपूर्ण व्यावहार देखेर उनी निकै दुःखी भएको पाइन्छ भने त्यस्ता घटनाको विरोध समेत गर्थे ।[44] बामपन्थी विचारधाराबाट प्रभावित खरेलले औपचारिकरूपमा २०२५ सालदेखि राजनैतिक क्षेत्रमा प्रवेश गरेको देखिन्छ । द्रोणाचार्य क्षेत्री, राधाकृष्ण मैनाली, विश्वराज रेग्मी, गोपीकृष्ण पर्साईं समेत रहेको ने.क.पा. पुर्वकोशीको स्थानीय एकाइ (झपा)को रुद्र खरेल पनि सदस्य बनेका थिए ।[45]२०२५ सालदेखि झापाबाट प्रकाशित हुन थालेको प्रगतिशील विचारपक्षीय साहित्यिक मासिक पत्रिका **पञ्चामृत** का सम्पादक रहेका खरेल निरङ्कुश पञ्चायतको निर्देशनमा झापाको प्रेसले उक्त पत्रिका छाप्न नमानेकाले सो पत्रिका प्रकाशनको प्रयोजनका लागि उनी वनारस गएभने त्यहाँ उनको पुष्पलाल श्रेष्ठसँग भेट भयो र पुष्पलालसँगको भेटघाटमा उनले वामपन्थी वैचारिक चिन्तनको छलफल गर्ने अवसर प्राप्त गरे जसबाट नेपाली कम्युनिष्टहरूका बारेमा निकै जानकारी प्राप्त भयो एवं उनी नेपाल फर्किएपछि राजनीतिमा अझ बढी सक्रिय रहन थाले ।[46] पञ्चामृत पत्रिकाले वामपन्थी विचारधारालाई ग्राह्यता दिन्थ्यो र देशका महत्वपूर्ण समस्याहरूको उठान गर्दै तिनको निराकरणको उपाय समेत यस पत्रिकाले दिने भएकाले लोकप्रिय बन्न पुगेको थियो । तत्कालीन समयमा कतिपय युवाहरू सैद्धान्तिक ज्ञान र परिपक्व निर्देशको अभावमा २०२७ सालपछि नक्सालवादी अराजक चिन्तनबाट प्रेरित भई एउटा समूहले विद्रोह गरेपछि मोहनचन्द्र अधिकारी, राधाकृष्ण मैनाली, सी.पी. मैनाली, खड्ग ओली, रामनाथ दाहाल, नेत्र घिमिरे आदि पार्टीबाट फुटेर गए । तत्पश्चात् रुद्र खरेलले संस्थापन पक्ष ने.क.पा. पूर्व कोशीको क्षेत्रीय समितिको संयोजक बनेर साङ्गठनिक तथा वैचारिक नेतृत्व सम्हालेको पाइन्छ ।[47]

---

42. रामचन्द्र फुयाँल , **रुद्र खरेलको जीवनी,व्यक्तित्वका र केतित्वको अध्ययन**, पूर्ववत्, पृ. २० ।
43. निनु चापागाई ,रुद्र खरेललाई फर्केर हेर्दा , **शब्दसंयोजन** (वर्ष ५ अङ्क ७, २०६५ कात्तिक), पृ.३५ ।
४४. रामचन्द्र फुयाँल ,**पूर्ववत्** ,पृ.२२ ।
४५. गङ्गाप्रसाद उप्रेती , **पूर्ववत्** , पृं २९ ।
46. रामचन्द्र फुयाँल, **पूर्ववत्** पृ. २२ ।
47. **ऐजन ।**

पञ्चायती निरङ्कुशताको रापले तत्कालीन समयमा निकै पोलेको थियो । त्यसका विरोधमा उनले लड्ने क्रममा जेलजीवन समेत भोग्नुपरेको थियो ।[48] २०२७ सालमा विद्यार्थी आन्दोलनमा परी सी.पी.मैनाली लगायतका विद्यार्थीहरूसँग रुद्र खरेलले समेत गिरफ्तार भई झापामा डेढ महिनाजति काराबास सजाय भोग्नुपर्‍यो ।[49] डेढ महिनाजति काराबास सजाय भोगेर मुक्त हुँदा उनी अझ क्रान्तिकारी भएर देखापरे । तत्पश्चात् साङ्गठनिक निर्माणमा संलग्न भए । उनी सहित युवा कम्युनिष्टहरूको संलग्नतामा झापा आन्दोलन सुरु भयो ।[50] झापा जिल्ला विद्रोहको केन्द्र थियो । व्यक्ति हत्या ठीक कि बेठीक भन्ने कुरामा युवा कार्यकर्ताबीच अरू ध्रुवीकरण बढेको थियो । यस्तो अन्तर्विरोधको क्रम झापामा कम्युनिष्ट कार्यकर्ता भनेर चिनिएका द्रोणचार्य क्षेत्री, लीला उदासी, रुद्र खरेल आदि व्यक्तिहरू व्यक्तिहत्याको पहिचान बोकेको झापा विद्रोहको विपक्षमा देखिए । फलस्वरूप उनीहरू प्रशासन र पार्टी भित्रैको विद्रोही शक्तिको दोहोरो निसाना बन्न पुगे ।[51] यही क्रममा खरेलले आफ्नो बसाइ विराटनगरमा सारे तर विराटनगर बसे पनि उनी प्रशासनको निगरानीमा रहेका कारण उनी झापाको गौरादहमा गएको बेला पक्राउ परी झापा जेलमा राखियो र झापाको विद्रोहको विपक्षमा रहेपनि उनलाई झापा विद्रोहको कट्टर हिमायतीका रूपमा तत्कालीन प्रशासनले हेर्ने गरेको थियो ।[52] २०३० साल चैत्रमा उनलाई भद्रपुर विमानस्थलबाट हवाइजहाजमा राखी कठमाडौंको सेन्ट्रल जेलमा लगेर कसैसँग बोल्न नदिई राखियो र एकरात सेन्ट्रल राखी भोलिपल्ट नख्खु जेलमा लगियो । जेलभित्र उनलाई 'क' श्रेणीको सिदा दिई शान्ति सुरक्षा ऐन अन्तर्गत राजनीतिक बन्दीका रूपमा राखियो ।[53] जेलभित्र रुद्र खरेलको भेट निर्मल लामा, आनन्ददेव भट्ट, कृष्णप्रसाद भट्टराई, भीमबहादुर लामा, रामजी जोशी, बोध विक्रम, पुरुषोत्तम बस्नेत आदि व्यक्तिहरूसँग भेट भयो एवं उनले जेलभित्र दर्शन, साहित्य तथा चिन्तनको गहन अध्ययन गरे ।[५४] यसै सन्दर्भमा उनलाई २०३४मा नेपालका धेरैजसो राजबन्दीलाई छोड्दा रुद्र खरेललाई पनि जेलमुक्त गरिएको थियो ।[54] रुद्र खरेल साहित्यकार मात्र थिएनन् । उनी नेपाली समाजको परिवर्तनमा सक्रिय उपस्थिति जनाउने एकजना सङघर्षशील नागरिक पनि थिए । पञ्चायत विरोधी अन्य क्रियाकलापमा जस्तै २०४६ सालको जनआन्दोलनमा पनि उनी सक्रिय थिए । २०४६ को गिरफ्तारीमा पनि उनी नेतृत्वदायी पङ्क्तिसितै थिए ।[55] कालो विधेयकको विरोधमा मात्र होइन प्रतिगमन विरोधी आन्दोलनमा पनि उनी सक्रिय थिए । २०४६ पछि उनी तत्कालीन जनमोर्चाको निकट देखिदै अप्रत्यक्षरूपमा पार्टी नजिक थिए र २०६२/६३ को लोकतान्त्रिक गणतन्त्रात्मक आन्दोलनमा सक्रिय भएर एक महिना जेल परेका खरेल पेसाले प्राध्यापक भएपनि राजनैतिक साङ्गठनिक कार्यमा त्यत्तिकै समर्पित थिए ।[56] तत्कालीन राजा ज्ञानेन्द्रको निरङ्कुश राजतन्त्रलाई फ्याँकेर देशमा लोकतन्त्रिक गणतन्त्र ल्याउने यस २०६२/६३ को सशक्त

---

48. सी.वी .आचार्य , 'गद्धी आरोहण मजेत्रो ओढ्ने प्रवृत्तिले प्रगतिवादी साहित्यलाई कता डोऱ्याउला ' **जनएकता साप्ताहिक** (वर्ष २ अङ्क ४३ २०५४ साल वैशाख ३० गते सामबार ) पृ. ५ ।
49. गङ्गाप्रसाद उप्रेती , **पूर्ववत्** ।
50. **ऐजन** ।
51. **ऐजन** ।
52. **ऐजन** ।
53. रामचन्द्र फुयाँल ,**पूर्बवत्** ।
54. **ऐजन** ।
55. **ऐजन** ।
५६. जगत प्रेक्षित ,**पूर्ववत्** ।

आन्दोलनमा रुद्र खरेलको उल्लेखनीय भूमिका रहेको पाइन्छ ।[57] यसप्कार वामपन्थी विचारधाराबाट प्रभावित उनी लोकतान्त्रिक आनदोलनप्रति प्रतिवद्धता राख्ने स्रष्टा हुन् । उनी जीवनको अन्तिम प्रहरमा ने.क.पा.एकीकृत केन्द्र मसाल र ने.क.पा. माले विभाजित भई बनेको ने.क.पा. (एकीकृत) का सदस्य थिए ।[58]

## २.७.५.साहित्यलेखन र प्रकाशित साहित्यिक कृति

कविता, नाटक, कथा, उपन्यास , निबन्ध आदि विशिष्ट सिर्जना नै साहित्य हो । साहित्य सिर्जना गने सन्दर्भमा पूर्वीय साहित्यशास्त्रीहरूले प्रतिभा ,व्युत्पत्ति र अभ्यासको खाँचो पर्दछ भनेका छन् । रुद्र खरेलको साहित्यविकासका सन्दर्भमा यी तीनै पक्षले प्रेरणा प्रदान गरेको पाइन्छ । अर्थात् रुद्र खरेलको साहित्यिक व्यक्तित्वको निर्माणमा पनि उनको अध्ययन, जीवनका अनुभव, अनैकौं प्रभाव र प्रेरणाहरूले प्रमुख स्थान पाँउछन् । विद्यालय जीवन देखिनै साहित्यिक वातावरणमा हुर्किएका उनलाई गुरुहरूले दिएको प्ररणा, विभिन्न साहित्यिक गोष्ठीहरूबाट प्राप्त पुरस्कारहरूले साहित्यलेखन फस्टाउँदै गएको पाइन्छ । विशेषत: क्यम्पसमा अध्ययनका सन्दर्भमा पत्रिका प्रकाशनमा आबद्ध रही कार्य गरेका खरेलको लेखनकार्य फस्टाउँदै गएको पाइन्छ । रुद्र खरेल जब जेलजीवन भोग्न बाध्य भए तब उनको त्यस समयमा नेपालका विभिन्न साहित्यकार , चिन्तकहरूसँग सम्पर्क हुनपुग्यो । उनीहरूसँग निरन्तर छलफल र अन्तक्रियाका कारण उनीभित्र रहेको सिर्जनशील क्षमताले अझ फस्टाउने मौका प्राप्त गर्दै निरन्तर साहित्यसाधनामा लागेको देखिन्छ । यस सन्दर्भमा उनले निम्नवर्गका मानिसहरूले आफ्नो अधिकार निर्वाधरूपमा प्रयोग गर्न पाउनुपर्छ र माथिल्ला वर्गका मानिसको व्यावहारमै सुधार आउनुपर्छ भन्ने जस्ता सन्देश आफ्ना कृतिमार्फत प्रतिध्वनित गरेका छन् । उनी कविता रचनामा आलोचनात्मक यथार्थवादी तथा प्रगतिवादी साहित्यकारका रूपमा परिचित छन् ।

रुद्र खरेलले कक्षा आठमा अध्ययन गर्दा कविता रचना र सुनाउने कार्यमा आफूलाई संलग्न गराएका थिए ।[59] विद्यालयका कविता गोष्ठीहरूमा उनले निकै पटक प्रथम पुरस्कार पनि जितेका थिए भने उनको प्रथम पटक कक्षा आठमा हुँदा प्रथम पटक **आह्वान** शीर्षकको कविता **उषा** पत्रिकामा प्रकाशित भएको थियो र २०२२/२३ सालतिर सिक्किमको **कञ्चनजङ्घा** पत्रिकामा पनि भानुभक्तका बारेमा उनको एउटा कविता प्रकाशित भएको थियो ।[60] यसैगरी अञ्चल स्तरीय कवि गोष्ठी र अन्य थुप्रै कार्यक्रम तथा वामपन्थी विचार धारामा आधारित **पञ्चामृत** पत्रिका प्रकाशन गर्न थालेपछि उनको लेखनकार्यले अझ गति प्राप्त गरेको देखिन्छ । २०२५ मा **नमस्ते** शीर्षकको व्यङ्ग्यात्मक निबन्ध प्रकाशन भएपछि उनले निबन्धलेखन कार्यलाई समेत अघि बढाए ।[61] त्यसैगरी खरेलले **पञ्चामृत**, **झटारो**, **आँधी**, **सङ्गम** आदि पत्रिकाहरूमा आफ्ना कविताहरू प्रकाशन गरेको देखिन्छ ।[62]

57= आनन्ददेव भट्ट , **पूर्ववत्** ।
58. जगत् प्रेक्षित **पूर्ववत्** पृ. ८३ ।
59. रामचन्द्र फुयाँल ,**पूर्ववत्** , पृ. २६ ।
60. ऐजन ।
61. ऐजन ।
62. ऐजन ।

यसप्रकार साहित्यलेखनका सन्दर्भमा रुद्र खरेलले कविता लेखनबाट आफूलाई अघि सार्दै आफ्नो सिर्जनात्मक क्षमता परिपक्व बनाएर क्रमश: निबन्धतर्फ आफूलाई समर्पित तुल्याएको पाइन्छ । २०४० को दशकमा कविता सिर्जनामा उनले विशेष सक्रियता देखाए पनि नेपाली निबन्धपरम्पराका आधुनिककालीन पछिल्लो चरणका उत्कृष्ट स्रष्टाका रूपमा उनी परिचित देखिन्छन् ।

**२.१.७.५.१. प्रथम प्रकाशित कृति**

साहित्यकार रुद्र खरेलको कृतिका रूपमा प्रथम प्रकाशित कृति **छोरीलाई** कवितासङ्ग्रह हो । प्रस्तुत कवितासङ्ग्रह २०४७ सालमा प्रकाशित भएको हो । यो नै एकमात्र उनको कविता सङ्ग्रहसमेत हो र यसपछि लेखनका दृष्टिले निबन्धसाधनामा उनको निरन्तरता र सफलता देखिन्छ । कवितासङ्ग्रह प्रकाशित गरेर उनले २०४६ सालको जन-आन्दोलनताका द्वन्द्वशील यथार्थलाई प्रस्तुत गरेका छन् । निबन्धकारका रूपमा चिनाउने उनको प्रथम निबन्धसङ्ग्रह २०४९ सालमा प्रकाशित **तपाइको नाम के हो** ? हो । यस निबन्धसङ्ग्रहमा सङ्ग्रहित निबन्धहरूले विशेषत: नेपाली समाजका क्षेत्रमा व्याप्त विसङ्गतिहरूप्रति तीखो व्यङ्ग्य कसेका छन् ।

**२.७.५.१ पुस्ताकाकारका रूपमा प्रकाशित कृतिहरू**

कविता विधाबाट आफ्नो लेखनयात्रा आरम्भ गरेको भएपनि विशेषरूपले निबन्धविधामा सफलता हासिल प्राप्त गरेका साहित्यकार रुद्र खरेलका पुस्ताकाकारका रूपमा निम्नलिखित कृतिहरू प्रकाशित भएको पाइन्छ ।

१. छोरीलाई (२०४७, कविताङ्ग्रह)
२. तपाईंको नाम के हो (२०४९),
३. तोरी लाहुरे चोकमा एकछिन (२०५२),
४. बिर्सिस्यो कि ?(२०५७),
५. आषाढस्य प्रथमादिवसे (२०५९),
६. तेस्रो अँखा (२०६१),
७. शब्दको भ्वाङ् (२०६४) ।
८. विशेष नेपाली (कानुन सङ्काय स्नातक तह दोस्रो वर्षको विशेष नेपाली विषयको पाठ्यक्रममा आधारित पाठ्यपुस्तक)

## २.१.८.सम्मान तथा पुरस्कार

२०४० को दशकदेखि विशेषत :निबन्धलेखन कार्यमा सक्रिय भई जीवनपर्यन्त यस विधामा सशक्त उपस्थिति जनाएका कारण उनलाई विभिन्न सम्मान तथा पुरस्कार प्रदान गरिएको देखिन्छ । रुद्र खरेलको दास्रो निबन्धसङ्ग्रह **तोरीलाहुरे चोकमा एकछिन** लाई स्रष्टा प्रकाशनले २०५२ साल भरिमा नेपाली साहित्यमा प्रकाशित सामाजिक यथार्थवादी कृतिहरूमा सर्वोत्कृष्ट ठहऱ्याई २०५३ सालको कृष्णमणि साहित्य पुरस्कार प्रदान गरी सम्मान गरेको देखिन्छ । त्यसैगरी 'हृदयचन्द्र सिंह प्रधान साहित्य सम्मान' एवं 'साहित्य सन्ध्या स्रष्टा सम्मान' द्वारा खरेल सम्मानित भएको देखिन्छ । [63]

63. ऐजन, पृ. ३०।

## २.२ रुद्र खरेलको व्यक्तित्वको परिचय

### २.२.२ साहित्यिक व्यक्तित्व

रुद्र खरेल नेपाली साहित्यका विशिष्ट साहित्यकार हुन् । उनको साहित्यिक व्यक्तित्वका स्रष्टा र द्रष्टा दुई वटा पाटा छन् । यी दुई पाटाको चर्चा तल गरिन्छ ।

### २.२.२.१ स्रष्टा व्यक्तित्व

रुद्र खरेल नेपाली साहित्यका प्रंगतिवादी एक सशक्त एवं शीर्षस्थ प्रतिभाका रूपमा परिचित स्रष्टा हुन् । उनले २०२२ सालमा **उषा** पत्रिकामा **आह्वान** कविता प्रकाशन गरेर औपचारिक रूपमा स्रष्टा व्यक्तित्वलाई अघि सारेका हुन् । यस कविताबाट आरम्भिक स्रष्टा व्यक्तित्वले जीवन पर्यन्त फस्टाउने कार्य गरेको देखिन्छ । रुद्र खरेल नेपाली साहित्यमा कविता, निबन्ध विधामा उत्कृष्ट स्रष्टा हुन पुगेका छन् । आलोचनात्मक यथार्थवादी धारालाई अँगाल्दै प्रगतिशील तथा प्रगतिवादी साहित्यको सिर्जना उनले गरेका छन् । रुद्र खरेलको स्रष्टा व्यक्तित्वअन्तर्गत पर्ने व्यक्तित्वहरूको चर्चा तल गरिएको छ ।

#### १. कवि व्यक्तित्व

साहित्यिक यात्राका दृष्टिले कविता विधानै उनको प्रथम पाइलो हो । **उषा** पत्रिकामा २०२२ सालमा प्रकाशित **आह्वान** कविता उनको प्रथम प्रकाशित कविता  हो । त्यसैगरी २०२२/२३ सालतिर सिक्किमको **कञ्चनजङ्घा** पत्रिकामा पनि भानुभक्तका बारेमा उनको एउटा कविता प्रकाशित भएको थियो । त्यसैगरी विभिन्न ठाँउमा भएका कवि गोष्ठीहरूमा प्रथम हुंदै उनले पुरस्कार प्राप्त गरेका थिए । उनले जिवनको पछिल्लो अवधिमा कविता साधनामा निष्क्रियता देखाएपनि पहिलो अवधिमै यस क्षेत्रमा उनले केही योगदान भने गरिसकेका छन् । उनले २०४६ सालमा **छोरीलाई** शीर्षकको कविता सङ्ग्रह प्रकाशित गरेका छन् । उनले यसमा भएका कविताहरूमा २०४६ सालको जनआन्दोलनले प्राप्त गरेको उत्कर्षता प्रस्तुत गर्नका साथै जनताको विरोधका कारण मरणासन्न अवस्थामा पुगेको तत्कालीन पञ्चायत निरङ्कुशता र त्यसले उत्पन्न गरेका सामाजिक, राजनीतिक विकृति एवं त्यसको मरणशील पक्ष र जनआन्दोलनका विषयलाई कथ्य सामग्री बनाएका छन् । पञ्चायती क्रूरतापूर्ण व्यवहारको प्रतीकात्मक प्रस्तुति र शोषण, दमन, र अत्यचारको बुलन्द आवाजलाई कविताको सामल बनाएको देखिन्छ । त्यसैगरी २०४७ सालमा **आन्दोलन कविताहरू** समेत सम्पादन गरेका छन् । **जनएकता** साप्ताहिकमा रुद्र खरेल को **मेडमलाई** शीर्षकको कविता प्रकाशित भएको पाइन्छ । उनको कवि व्यक्तित्वको अध्ययन गर्दा यस अतिरिक्त अन्य कविताहरू प्रकाशित भएको देखिदैन ।

#### २. निबन्धकार व्यक्तित्व

स्रष्टा रुद्र खरेलले कविताबाट लेखन प्रारम्भ गरेतापनि उनले आफूलाई निबन्धकारका रूपमा सशक्तताका साथ उभ्याउन सफल भएका छन् । निबन्ध विधामा पनि उनी खासगरी हास्यव्यङ्ग्यलेखन उनको प्रमुख क्षेत्र हो । २०२५ सालदेखि झापाबाट प्रकाशित हुन थालेको प्रगतिशील विचारपक्षीय साहित्यिक मासिक पत्रिका **पञ्चामृत** का सम्पादक रहेका खरेलले सोही पत्रिकामा २०२५ सालमा **नमस्ते** शीर्षको निबन्ध प्रकाशन गरेर आफ्नो औपचारिक

निबन्धयात्राको थालनी गरेका हुन् । यसपछि उनको जीवन जेलजीवन भोग्न बाध्य भयो । यसैकारण केही समय लेखन कार्यमा शैथिल्य आएपनि २०४० को दशकदेखि निबन्धसाधनामा आफूलाई जीवन पर्यन्त अग्रसर तुल्याएको देखिन्छ । विभिन्न पत्र पत्रिकाहरूमा उनका निबन्ध प्रकाशन भएको पाइन्छ । उनको प्रथम प्रकाशित निबन्धात्मक कृति **तपाईंको नाम के हो ?** हो भने यसको प्रकाशन २०४९ सालमा भएको हो । शाश्वत निबन्धमा रमेर कलम चलाउने खरेलका जम्मा ६ वटा निबन्धसङ्ग्रह प्रकाशित छन् । खरेलका प्रकाशित निबन्धात्मक कृतिहरू निम्नानुसार छन् :

१. तपाईंको नाम के हो (२०४९),
२. तोरी लाहुरे चोकमा एकछिन (२०५२),
३. बिर्सिस्यो कि ?(२०५७),
४. आषाढस्य प्रथमादिवसे (२०५९),
५. तेस्रो अँखा (२०६१),
६. शब्दको भ्वाङ् (२०६४) ।

निबन्धकार रुद्र खरेल आफ्ना निबन्धहरूमा राजनीतिक पार्टीभित्रका आन्तरिक खिचातानीप्रति व्यङ्ग्य गर्दछन् । सामाजिक तथा सांस्कृतिक विकृति विसङ्गतिको भण्डाफोर गर्ने यिनका निबन्धहरू काव्यात्मक देखिन्छन् । कानुनीतन्त्रको मनपरीतन्त्र, साहित्यिक आन्दोलनमा देखिने कुत्सित सत्कार, युद्धकालीन समयमा नेपालीको स्थिति तथा सामाजिक, आर्थिक, प्रशासनिक, धार्मिक, शैक्षिक, राजनीतिक आदि क्षेत्रका गलत आचरणलाई कटाक्ष प्रहार गर्न उनका निबन्धहरू सफल रहेका छन् । उनी राष्ट्रियताका सवालमा समेत उत्तिकै सचेत छन् । उनले भाषा, वंश, संस्कार, आचरण अनि माटाप्रतिको माया बोलीबाट नभएर व्यवहारबाट देखाउनुपर्ने मत राखेका छन् । निबन्धहरू प्रतीकात्मक आयोजनाले कसिलो बनेका छन् ।

### २.२.२.२ द्रष्टा व्यक्तित्व

हास्यव्यङ्ग्य निबन्धकार रुद्र खरेल द्रष्टा व्यक्तित्वका रूपमा समेत चिनिन्छन् । उनको द्रष्टा व्यक्तित्वअन्तर्गत पर्ने व्यक्तित्वहरूको चर्चा तल गरिएको छ ।

#### १.भूमिकामूलक व्यक्तित्व

रुद्र खरेलको व्यक्तित्व भूमिका लेखक व्यक्तित्वमा समेत फैलिएको देखिन्छ । भूमिका लेख्ने क्रममा सर्वप्रथम उनले २०३७/३८ सालतिर मोतीलाल नेपालीको **नेल्सन मण्डेला** शीर्षक जीवनीको भूमिका लेखेका थिए ।[64]त्यस्तै उनले २०४१ सालतिर शारदा भट्टराईको **जम्काभेट** शीर्षकको कथासङ्ग्रहको भूमिका लेखेका छन् । सीता शर्माको २०४७ सालमा **नालिस** शीर्षकको कवितासङ्ग्रहको भूमिका लेखेका छन् ।[65] २०५९ साल वैशाखमा प्रकाशित राममणि पोखेलको **सम्झनाको पोखरी र छचल्किएका छालहरू** शीर्षकको संस्मरणात्मक निबन्धसङ्ग्रहको, रुद्र चाम्लिङ्को २०५९ साल माघमा प्रकाशित कवितासङ्ग्रह **मेरो कथाभित्रको देशमा**को भूमिका समेत लेख्ने कार्य गरेका छन् । सहस्राब्दी प्रकाशन प्रा.ली.ले २०५९ फागुनमा प्रकाशित गरेको उदय जी. एम.को **पूच्छर नभएको हनुमान** शीर्षकको हास्यव्यङ्ग्यसङ्ग्रहको पनि भूमिका

---

64. रामचन्द्र फुयाँल, **पूर्ववत्** पृ.३८ ।
65. ऐजन ।

लेखेका छन् ।[66] पृथ्वी बहादुर सिंहको २०६१ साल वैशाखमा प्रकाशित '**दोसाँध'** उपन्यासको समेत भूमिका लेखी उक्त कृतिभित्र निहित विषयवस्तु र भाषाशैलीका विषयमा सम्यक् चर्चा गरेको पाइन्छ । त्यसैगरी उनले भूमिका लेख्ने सन्दर्भमा कृतिभित्र रहेका विषयवस्तु, तिनमा प्रयुक्त भाषा शैली, शिल्प, सौन्दर्य आदिको चर्चा गरेका छन् । भूमिका लेख्ने सन्दर्भमा उनले कृतिभित्र अन्तर्निहित शक्ति र सीमा औंल्याई उपयुक्त मार्गनिर्देन समेत गर्ने कार्य गरेका छन् ।

**२. समालोचक व्यक्तित्व**

रुद्र खरेलको व्यक्तित्व समालोचक व्यक्तित्वमा समेत परिचित रहेको छ । कविवर 'युद्धप्रसाद मिश्र विशेषाङ्क' का रूपमा प्रकाशित **वेदना**(साहित्यिक त्रैमासिक, माघ असार , २०५३-२०५४३, पूर्णाङ्क५८,वर्ष २४, अङ्क १) मा प्रकाशित 'कवि युद्धप्रसाद मिश्रको संक्षिप्त जीवनवृत्त' शीर्षकको जीवनी लेखेका छन् । यसमा उनले समालोचनात्मक टिप्पणी गरेका छन् भने सूर्य कन्दङ्वा स्मृति ग्रन्थ प्रकाशन समितिद्वारा २०५९ सालमा प्रकाशित'स्मृतिका पानामा सूर्य कन्दङ्वा' नामक स्मृति ग्रन्थमा 'सूर्य कन्दङ्वा र झापामा सम्पन्न प्रगतिशील साहित्य सम्मेलन' शीर्षकको समालोचनात्मक लेखमा रुद्र खरेलले सूर्य कन्दङ्वाको राजनीतिको जीवनवृत्त र उनको वैचारिक चिन्तनको समालोचनात्मक विश्लेषण गरेका छन् ।[67] २०६१ सालमा **सहिद रामनाथ दाहाल विशेषाङ्क**मा प्रकाशित 'स्मृतिमा कहिल्यै नधमिलिने बिम्ब' शीर्षकको समालोचनात्मक लेखमा खरेलले आफ्नो स्मृतिभित्रका सहिद रामनाथ दाहालको सम्झना प्रस्तुत गरेका छन् । उक्त लेखमा साहित्यिक प्रस्तुतिका साथ रामनाथ दाहालको जीवनवृत्त र नेपालको राजनैतिक इतिहासभित्र उनको योगदानको समालोचकीय विश्लेषण समेत गरेका छन् । यसप्रकार उनले विभिन्न व्यक्तिहरूको चर्चा गर्ने सन्दर्भमा सामालोचनात्मक विश्लेषण गरेका छन् । 'नेपाली साहित्यमा हास्यव्यङ्ग्य' समालोचनात्मक लेख प्रकाशन गरी आफ्नो समालोचकीय क्षमताको प्रदर्शनसमेत गरेका छन् ।

३. **प्रकाशक व्यक्तित्व**

रुद्र खरेलले कृति प्रकाशन गरेर आफूलाई प्रकाशक व्यक्तित्वका रूपमा समेत चिनाउने कार्य गरेका छन् । २०३६ सालमा साहित्यकार पूर्णविरामको **झ्यालसँगको झ्यालिन्चा** कथासङ्ग्रहको प्रकाशन गर्ने कार्य गरेका छन् ।[68]

## २.२.३ साहित्येतर व्यक्तित्व

रुद्र खरेलको व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये साहित्येतर व्यक्तित्व पनि उल्लेखनीय रहेको छ । उनको साहित्येतर व्यक्तित्वअन्तर्गत पर्ने व्यक्तिहरूको चर्चा तल गरिएको छ ।

### २.२.३.१ शिक्षक/प्राध्यापक व्यक्तित्व

रुद्र खरेलले आफ्नो जीवनको लामो समय शिक्षण पेसामा बिताएको देखिन्छ । उनले २०२८ सालमा जनता म.वि. गौरादहमा शिक्षण कार्य गरेको देखिन्छ भने नयाँ शिक्षा लागू भएपछि उनलाई त्यहाँबाट निष्कशन गरियो ।[69] त्यसैगरी उनले २०३५ सालदेखि २०६२ सालसम्म 'नेपाल ल क्याम्पस' मा र २०६२ देखि उनले 'पाटन बहुमुखी क्याम्पस'मा अध्यापन

66. ऐजन ।
67. ऐजन .
68. ऐजन ।
69. रामचन्द्र फुयाँल,**पूर्ववत्** , पृ.३४ ।

गराएको देखिन्छ एवं 'काठमाडौं स्कुल अफ ल'मा पनि स्थापनाकालदेखि अध्यापन गराएको पाइन्छ ।[70] उनको शैक्षिक क्षेत्रमा गरेका कार्यहरूको विशेष चर्चा शैक्षिक कार्यको शीर्षक (२.१.७.१) मा गरिएको छ । यसरी उनको व्यक्तित्व विशेषतः शिक्षकमार्फत परिचित बनेको पाइन्छ ।

### २.२.३.२ राजनैतिक व्यक्तित्व

रुद्र खरेलको व्यक्तित्व शिक्षण पेसादेखि अतिरिक्त राजनीतिक पेसामा विशेषतः परिचित रहेको पाइन्छ । सुरुमा ने.क.पा. पूर्वकोशीको स्थानीय एकाइका सदस्यको रूपमा रही कार्य गरेका खरेलले २०२७ साल र २०३० सालमा पञ्चायती विरुद्ध आन्दोलन गरेको आरोपमा केही समय जेलजीवनसमेत भोगेको पाइन्छ ।[71] त्यसेगरी उनले २०३० सालदेखि २०३४ सालसम्म राजनैतिका मुद्धा कै आरोपमा उनले साढे चार वर्ष काठमाडौंको नख्खु जेलमा जीवन बिताएको देखिन्छ । उक्त जेल बसाइका सन्दर्भमा उनको सम्पर्क निर्मल लामा, पारिजात, आनन्ददेव भट्ट, कृष्णप्रसाद भट्टराई आदि व्यक्तित्वहरूसँग सम्पर्क भएको पाइन्छ ।[72] त्यसैगरी उनले २०४६ सालको जन आन्दोलन, २०६२/०६३ को जनआन्दोलनमा समेत उल्लेखनीय भूमिका निभाएको पाइन्छ । आफ्नो राजनीतिक दल खुलेर बताउन नचाहने उनी जीवनको अन्तिम समयमा ने.क.पा. एकीकृत एकता केन्द्र मसाल र नेकपा माले विभाजित भई बनेको ने.क.पा. (एकीकृत) का केन्द्रीय सदस्य रहेको पाइन्छ ।[73] उनले राजनीतिक क्षेत्रमा गरेका कार्यहरूको विशद चर्चा उनको 'राजनीतिक क्षेत्रमा संलग्नता र जेलजीवन' (२.१.७.४) सम्बन्धी शीर्षकमा गरिएको छ ।

## २.३.मृत्यु

रुद्र खरेल नेपाली प्रगतिवादी साहित्यका एक जना सशक्त एवं शीर्षस्थ प्रतिभा हुन् । लेखनका क्षेत्रमा भने २०२५ सालदेखि नै कलम चलाउन थालेका खरेलले २०४० सालपछि मात्र आफ्नो लेखनलाई गति दिएका छन् । ६ वटा निबन्ध सङ्ग्रह, एउटा कवितासङ्ग्रह र पाँच दर्जनभन्दा बढी वैचारिक चिन्तनयुक्त लेखरचना प्रकाशन खरेलले गरेको पाइन्छ । पाटन संयुक्त क्याम्पस र काठमाडौं स्कुल अफ ल दधिकोट भक्तपुरमा प्राध्यापन गरिरहेका तथा ने. क. पा. एकीकृतका केन्द्रीय सदस्य रहेका रुद्र खरेल ढाढ दुख्ने रोगले च्यापेर २०६५ साल जेठ ३० गते जोरपाटीस्थित नेपाल मेडिकल कलेज अस्पतालमा भर्ना भए ।[74] उनको व्यथा बढेपछि त्यहाँबाट जेठ ३२ गते राति उनलाई त्रि.वि. शिक्षण अस्पताल महाराजगन्ज लगियो र आई. सी.यु. मा भेन्टिलेटरको प्रयोग गरी २ महिनाभन्दा बढी राखियो । उक्त समयमा अस्पतालमा उनलाई भेटी उनको स्वास्थ्यलाभको कामना गर्न उनका थुप्रै सहपाठी प्राध्यापक, राजनीतिज्ञ तथा उनलाई माया गर्ने व्यक्तित्वहरूको उपस्थिति रहेतापनि पुरै समय बेहोस रहेका खरेलले कसैलाई चिन्न र दोहोरो कुरा गर्न सकेनन् ।[75] असह्य व्यथाले गर्दा उनको अवस्था कारुणिक थियो । अन्तमा २०६५ साल भदौ ८ गते विहान २:३५ बजे दुई छोरी र एक श्रीमतीको परिवार र समग्र सहकर्मी साहित्यकार, राजनीतिज्ञ तथा पाठकहरूलाई छोडी उनी भौतिक जगत्‌बाट बिदा भए ।[76] उनको देहावसानले प्रगतिशील नेपाली साहित्यको फाँटमा तथा नेपाली वाम राजनीतिका क्षेत्रमा गम्भीर र अपूरणीय क्षति पुऱ्याएको पाइन्छ ।

---

70. ऐजन ।
71. ऐजन ।
72. गङ्गाप्रसाद उप्रेती, **पूर्ववत्** ।
73. जगत् प्रेक्षित, **पूर्ववत्** ।
74. रामचन्द्र फुयाँल , 'प्रगतिशील निबन्धकार रुद्र खरेल र उनका निबन्धकृतिको परिचय' **पूर्ववत्**
75. ऐजन ।
76. ऐजन ।

तेस्रो परिच्छेद

# रुद्र खरेलको हास्यव्यङ्ग्य निबन्धयात्रा

## ३.१. पृष्ठभूमि

नेपाली हास्यव्यङ्ग्य निबन्धलेखनको आधुनिक कालका पछिल्लो चरणका उल्लेखनीय स्रष्टाका रूपमा रुद्र खरेल परिचित छन् । वि.सं. १९८२/८३ मा भारतबाट प्रकाशित हुने पत्रपत्रिकामार्फत हास्यव्यङ्ग्य निबन्धलेखनको सुरुआत भएको हो । यतिखेरको **गोरखासंसार** (१९८३) पत्रिकामा प्रकाशित वेदनिधि शर्मा तथा विद्यावतीका निबन्धभित्र हास्यमिश्रित व्यङ्ग्यात्मक अभिव्यक्तिहरू भेटिन्छन् । वि.सं. १९९२ सालमा **शारदा**को प्रकाशनपछि हास्यव्यङ्ग्य निबन्धले अझ शसक्तता प्राप्त गर्छ । यसै पत्रिकाका माध्यमबाट सिलवाल पण्डित, हरिनाथ खनाल, हृदयचन्द्रसिंह प्रधान, लक्ष्मीप्रसाद देवकोटा, वासुदेव शर्मा लुइँटेल, केशवराज पिँडाली आदि निबन्धकारहरूले हास्यव्यङ्ग्य निबन्धलेखनपरम्परालाई अझ शसक्तताका साथ अगाडि बढाउँछन् । २००७ सालको क्रान्तिपछि लेखनस्वतन्त्रताका कारण रुद्रराज पाण्डे, लीला ध्वज थापा, केशवलाल कर्माचार्य आदि निबन्धकारहरू विभिन्न क्षेत्रभित्र विद्यमान विकृति र विसङ्गतिहरूमाथि शसक्तताका साथ व्यङ्ग्य गर्दै निबन्ध लिएर देखापर्छन् । २०१७ सालपछि नेपाली हास्यव्यङ्ग्य निबन्धले केशवराज पिँडाली, भैरव अर्यालजस्ता व्यक्ति प्रतिभाहरूको प्रवेशले अझ शसक्तता प्राप्त गर्छ । यस अवधिमा रामकुमार पाँडे, कृष्णचन्द्रसिंह प्रधान, श्याम गोतामे, नेरेन्द्रराज पौडेल, चोलेश्वर शर्मा, खगेन्द्र सङ्ग्रौला आदि हास्यव्यङ्ग्य निबन्धकारहरूले देशभित्र र बाहिरका अनेक खराब पक्षमाथि तीव्र प्रहार गर्दै आफूलाई स्थापित तुल्याएका छन् । त्यसैगरी २०४६ सालपछि हास्यव्यङ्ग्य निबन्धक्षेत्र अझै गतिशील बनेर देखापरेको छ । यस समयमा राजेन्द्र सुवेदी, विष्णु प्रभात, लक्ष्मण गाम्नागे, नरेन्द्रराज पौडेल आदि निबन्धकारहरूको समकालीन निबन्धकारका रूपमा रुद्र खरेलको आगमन भएको पाइन्छ । निबन्धकार रुद्र खरेल कविता लेखनबाट साहित्यलेखनमा प्रवेश गरेका हुन् । कवितालेखनबाट आफ्नो साहित्ययात्रा आरम्भ गरेको भएपनि उनी विशेषतः निबन्धकारका रूपमा स्थापित हुन पुगेका स्रष्टा हुन् । २०४० को दशकदेखि व्यङ्ग्यलेखनमा बढी सक्रिय रहेका खरेल सशक्त हास्यव्यङ्ग्य निबन्धकारका रूपमा आफूलाई स्थापित तुल्याउने स्रष्टा हुन् ।

वि.सं. २०२५ मा झापाबाट प्रकाशित हुने प्रगतिवादी विचारधारालाई विशेष मान्यता दिने **पञ्चामृत** पत्रिकामा **नमस्ते** शीर्षकको निबन्ध प्रकाशन गरेर खरेले निबन्ध लेखनकार्य आरम्भ गरेका हुन् । यसपछि केही समय निबन्धलेखनमा शिथिलता आएको देखिन्छ । २०४० को दशकसँगै हास्यव्यङ्ग्य निबन्धलेखनलाई प्रमुख थलो बनाँउदै उनले जीवनपर्यन्त निबन्धलेखनलाई सशक्तताका साथ अघि बढाएको देखिन्छ । उनले आफ्नो जीवन-अवधिमा जति निबन्ध लेखे ती निबन्धहरू मार्फत सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक आदि क्षेत्रमा रहेका विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य गर्दै सुधारको अपेक्षा समेत गरेका छन् । उनले आफ्ना निबन्धमा प्रगतिवादी विचारधारालाई ग्रहण गर्दै बढो कलात्मकताका साथ प्रस्तुत गरेका छन् । २०४०को दशकदेखि सक्रियताका साथ अघि बढेका खरलेका हालसम्म निम्नलिखित निबन्धसङ्ग्रहहरू पकाशित भएका छन्:

१. तपाईंको नाम के हो ?(२०४९),

२. तोरीलहुरे चोकामा एकछिन (२०५२),

३. बिर्सिस्यो कि ?(२०५७),

४. आषाढस्य प्रथम दिवसे (२०५९),

५. तेस्रो आँखा (२०६१),

६. शब्दको भ्वाङ् (२०६४) ।

निबन्धकार रुद्र खरेलका प्रारम्भिक निबन्धहरू विशेष गरी पञ्चायती व्यवस्थामा देखिएको शाहीशासनको चरम निरङ्कुशता तथा २०४६ सालको जनआन्दोलन पश्चात् नेपाली राजनीतिका कारण नेपालमा देखापरेका सामाजिक, राजनैतिक, सांस्कृतिक, आर्थिक क्षेत्रमा पसेका खराब प्रवृत्तिप्रति तीव्र रोष प्रकटीकरण भएको पाइन्छ । यी निबन्धमा पञ्चायती र शिशु प्रजातन्त्रकालीनि कुरूप राजनैतिक सामाजिक यथार्थमाथि प्रहार गरिएको छ । वि. सं. २०५० पछिका निबन्धमा नेपाली समाजको यथार्थलाई अझ गहिरो ढङ्गले हेर्ने कार्य गरेका छन् । सामन्तीवादी पूँजीवादी शासन व्यवस्थाद्वारा उत्पन्न गरिएको खराब प्रवृत्तिप्रति तीव्र रोष प्रकट गरेका छन् । बहुदलीय प्रजातन्त्रकालीन सरकार, पार्टीहरू र तिनका नेताहरूका माध्यमबाट राजनीतिक मूल्यमान्यतामा आएको ह्रासप्रति बज्रमुक्का प्रहार गरिएको छ । २०५८ पछिका निबन्धमा नेपालको राजनीतिमा माओवादी जनयुद्धले चरमरूप ग्रहण गरेको र त्यसलाई दमन गर्ने नाममा सरकारले सङ्टकाल घोषणा गरी निर्मम व्यवहार गरेको, शाही सरकारको आगमन र त्यसको चरमरूप तथा लोकतान्त्रिक गणतन्त्रसँग सम्वन्धित विभिन्न विषयवस्तुलाई अन्तर्वस्तु बनाएर निबन्ध रचना गर्ने कार्य गरेका छन् । यसकारण उनको  लगभग चारदशक लामो निबन्धयात्राको अवधिलाई भिन्न-भिन्न चरणमा वर्गीकरण गरी उनका निबन्धहरूको अन्तर्विकासलाई स्पष्ट पार्न सकिन्छ ।

निबन्धकार रुद्र खरेलका निबन्धहरूले समयक्रममा देखापरेका परिवर्तित अवस्थाहरुमाथि व्यङ्ग्य कसेका छन् भने उनको निबन्ध यात्रामा विषयवस्तुको प्रयोग, प्रवृत्ति, संरचनात्मक स्वरूप, हार्दिकता र बौद्धिकताको उपयोग, भाषाशैली,  अभिव्यक्तिको ढाँचा तथा भावना एवं चिन्तनको प्रयोगगत विविधता पाइन्छ । यस आधारमा उनको निबन्ध यात्रामा मूलतःतीन चरण वा मोडहरू पाइन्छन् । तिनलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

पहिलो चरण (२०२५ सालदेखि २०४९ सालसम्म)

देस्रो चरण (२०५० सालदेखि २०५७ सालसम्म)

तेस्रो चरण (२०५८ सालदेखि २०६४ सालसम्म)

### ३.१.१ पहिलो चरण

वि. संस २०२५ मा **पञ्चामृत** पत्रिकामा प्रकाशित **नमस्ते** शीर्षकको निबन्धबाट निबन्धयात्रा प्रारम्भ गर्ने रुद्र खरेलको निबन्धयात्राको प्रथम चरण २०२५ सालदेखि सुरु भएर २०४९ सम्म विस्तारित भएको छ । यस चरणमा २०४९ सालमा **तपाईंको नाम के हो** ? शीर्षकको निबन्धसङ्ग्रह प्रकाशन भएको पाइन्छ । यस निबन्धसङ्ग्रहमा समसामयिक युग र परिस्थितिसँग सम्वन्धित १६ वटा निबन्धहरू सङ्ग्रहित रहेका  छन् । यसमा सङ्ग्रहित निबन्धहरू मध्ये कतिपय पहिले नै विभिन्न पत्रिकामा प्रकाशित भएका छन् भने कतिपय यसै सङ्ग्रहमा प्रथम पटक प्रकाशित भएका छन् ।

यस चरणका निबन्धहरूले नेपाली समाजका विभिन्न क्षेत्रमा व्याप्त विसङ्गतिहरूप्रति तीखो व्यङ्ग्य कसेका छन् । यस चरणका उनका निबन्धले विषयवस्तुगत विविधतालाई समेटेका छन् । विविध विषयवस्तुको गहण गर्दै तिनभित्र अन्तर्निहित विकृति र विसङ्गतिप्रति धारिलो

व्यङ्ग्यबाण कसेका छन् । 'राजनीभित्रको पोलिटिक्स', 'फोस्ला' जस्ता निबन्धहरूले राजनैतिक व्यङ्ग्य, देशभक्ति र राष्टिय चिन्तन व्यक्त गरेका छन् । विषयवस्तुका दृष्टिले सामाजिक विकृतिमाथि 'विश्वसघात', 'डाक्टर बन्ने धोको', जस्ता निबन्धले व्यङ्ग्य कसेका छन् , । सामाजिक बिडम्बनाको यथार्थ चित्रण प्रस्तुत गरेका छन् । यसैगरी उनले यस चरणमा मानवीय व्यक्ति विसङ्गति, शैक्षिक, बौद्धिक विसङ्गति जस्ता विषयवस्तु समेत ग्रहण गरेर निबन्धसाधना गरेको देखिन्छ । आर्थिक क्षेत्रभित्र प्रवेश गरेको जनविरोधी पक्षप्रति उच्च रोष प्रकट गरेक छन् ।

प्रगतिशील वैचारिक चिन्तन उनका यस चरणका निबन्धहरूले दिने प्रयास गरेका छन् । सम्पूर्ण क्षेत्रका तमाम विकृतिहरूलाई हटाउँदै स्वच्छ, सबल, र जनहितकारी लोकतान्त्रिक समाजको स्थापना गर्न समग्र क्षेत्रका नागरिकहरूले आफ्ना दुष्प्रवृत्ति, स्वार्थ, लोभ, गलत विचार र खराब बानी व्यहोरा त्यागेर आजैदेखि लागिपर्नु पर्ने यथार्थ चित्र प्रस्तुत गर्ने निबन्धरू यस चरणमा देखापरेका छन् । काम नलाग्ने नेता, अबोध जनता, जाली फटाहा, शिक्षा क्षेत्रमा देखिएका नराम्रा पक्षहरू, मुलुकको बिग्रदों अवस्था, नेताको स्वार्थीपना, आर्थिक दूरावस्था, छलकपट, र धोका, सामन्तीराज्य सत्ता र यसका पृष्ठपोषकले गरेका अत्यचार, पञ्चायती व्यवस्थाको दमन र हत्या नीति, सामाजिक सांस्कृतिक क्षेत्रका विकृतिमाथि तीक्ष्ण प्रहार गरिएको पाइन्छ ।

प्रथम चरणका निबन्धहरूमा प्रतिपादित विचारहरूको घनत्व उच्च रहेको पाइन्छ । प्रस्तुतिको रोचकता, अभिव्यक्तिको तीक्ष्णता र शिल्पको प्रतीकात्मकता उनका यस चरणको निबन्धगत वैशिष्ट्य हुन् । आंशिक आत्मपरकताको आभास देखिएपनि वस्तुपरकताकै प्रखरता पाइने उनका निबन्धमा भावात्मकताको हलुको स्पर्शसँगै वैचारिक गहनता बढी मुखरित रहेको पाउन सकिन्छ ।

यस चरणका निबन्धको भाषाशैली स्पष्ट देखिन्छ । सरल, बोधगम्य र साधारण पाठकले समेत बुझ्न सक्ने भाषाको प्रयोग गरिएको देखिन्छ भने वर्णनात्मक, विवरणात्मक, प्रतीकात्मक, नाटकीय, तीक्ष्णव्यङ्ग्यात्मक जस्ता विविध शैलीको प्रयोग भेटिन्छ । राजनीतिक, कानुनी, प्राविधिक, अनुकरणात्मक, बोलिचाली अर्थात् कथ्य शब्दहरूको समेत प्रयोगले निबन्धको भाषिक प्रयोगमा कलात्मकता र विशिष्टता ल्याएको छ । शब्द छनौटका दृष्टिले तत्सम र आगन्तुक शब्दको प्रयोग विषयवस्तु अनुसार समुचित प्रयोग देखिन्छ । प्रचुर मात्रामा झर्रा नेपाली र तद्भव शब्दहरूकै उपयोग गरेको भेटिन्छ । उनले यस चरणमा आन्तरिक र बाह्य दुबै कथनपद्धतिको प्रयोग गरेका छन । संरचनाका कोणबाट हेर्दा कतिपय निबन्धहरू छोटा र केही लामा भएपनि न अपूर्ण छन् न पट्यार लाग्दा छन् । शब्दालङ्कार र अर्थालङ्कारको सहज र समुचित प्रयोग भेटिन्छ । उखान-टुक्काको समुचित र सान्दर्भिक प्रयोगले निबन्धहरू अझ ओजस्वी बन्न पुगेका छन् । सरल र सहज भाषा र वर्णनात्मक शैलीको उच्चता उनका निबन्धमा पाइने प्रमुख वैशिष्ट्य हुन् ।

### ३.१.२ दोस्रो चरण

हास्यव्यङ्ग्य निबन्धकार रुद्र खरेलको द्वितीय चरण प्रथम पटक प्रकाशित **तोरीलाहुरे चोकमा एकछिन** निबन्धबाट प्रारम्भ भएर २०५७ सालसम्म फैलिएको छ । यस चरणमा आइपुग्दा खरेलको निबन्धकारिताले उत्कर्षता प्राप्त गर्नका साथै प्रथम चरणमा मुखरित भएका कतिपय प्रवृत्तिहरू कायम राखी विषयवस्तुको छनौट, अभिव्यक्ति शिल्प र चिन्तनका

क्षेत्रमा नयाँ-नयाँ प्रवृत्तिहरूलाई आत्मसात गरेको देखिन्छ । २०५० साल देखि २०५७ सालसम्मको अवधिमा निबन्धकार खरेलका निम्न २ वटा निबन्धसङ्ग्रह प्रकाशित भएका छन् :

१. तोरीलाहुरे चोकमा एकछिन (२०५२) ।

२. बिर्सिस्यो कि ? (२०५७) ।

पहिलो निबन्धसङ्ग्रहमा २०५० देखि २०५२ सालसम्म लिखित निबन्धहरू सङ्ग्रहित छन् । दोस्रो सङ्ग्रहमा २०५३ देखि २०५७ सालसम्म लेखिएका निबन्धहरू सङ्कलित छन् । यी दुवै निबन्धसङ्ग्रहले बहुदलीय प्रजातन्त्रकालीन सरकार, पार्टीहरू र तिनका नेताहरूका माध्यमबाट भित्रिएको गलत प्रवृत्ति राजनैतिक मूल्य र मान्यतामा आएको ह्रास, खसी बोकाझैं सांसद र मन्त्रीहरू किनबेच हुने परिपाटी आदि विकृत पक्षहरूको उद्घाटन र तिनमाथिको कठोर व्यङ्ग्य मूल प्रवृत्तिका रूपमा देखापरेको छ । त्यसैले यस अवधिलाई खरेलको निबन्धयात्राको द्वितीय चरण मान्नु पर्ने हुन्छ ।

**तोरीलाहुरे चोकामा एकछिन** निबन्धसङ्ग्रहमा सङ्कलित निबन्धहरूमा खरेलले अन्तर्वस्तुका रूपमा नेपाली समाजको यथार्थलाई स्विकारेका छन् । विशेषतः सामन्ती पूँजीवादी शासन व्यवस्थाद्वारा सिर्जित उत्पीडनमय अवस्थाको अङ्कन यस सङ्ग्रहमार्फत भएको देखिन्छ । भ्रष्ट हुँदै गएका अवसरवादी चरित्र, अर्थहीन र बकम्फुसे कुरा गरेर देश र जनतालाई ठग्ने प्रवृत्तिको विरोध निबन्धहरूमा गरिएको छ । यथास्थितिवादी शोषणधर्मी सामन्तीवादी व्यवस्थालाई टिकाइराख्न मरिहत्ते गर्नेहरू, देश र जनताप्रति कर्तव्य बिर्सेका अवसरवादीसाहित्यकार चिन्तकहरू, देशलाई निखार्ने राष्ट्रघाती जनघातहरूप्रति तीखो बज्रमुक्का प्रहार गर्ने जोसिलो कार्य यस सङ्ग्रहमार्फत निबन्धकारले गरेका छन् ।

**बिर्सिस्यो कि** ? निबन्धसङ्ग्रहमा १६ वटा निबन्धहरू सङ्कलित छन् । प्रयोजनबद्ध प्रस्तुतिको वैशष्ट्य अगाँलेर यथार्थलाई प्रतीकात्मक भाषामा पुनर्रचना गर्नु र त्यसमार्फत सामाजिक सुधारको सन्देश दिनु उनको लेखनधर्मिता यस सङ्ग्रह मार्फत अभिव्यञ्जित भएको देखिन्छ । सदाचार, नैतिकता, नियम, कानुन र आदर्श सबै नैतिक मूल्यमान्यतालाई लत्याँउदै आफ्नो घ्याम्पे भुँडी मात्र फैलाउने र जनतालाई दमन गर्ने, मिच्ने र थिच्ने आदि गलत प्रवृत्तिहरूको उद्घाटन गरिएको छ ।

यस चरणमा निबन्धकार रुद्र खरेलले निबन्धको अन्तर्वस्तु वा विषयवस्तुप्रयोगमा विविधता ल्याएको देखिन्छ । राजनैतिक, सामाजिक, मानवीय व्यक्ति विसङ्गति, सामन्ती र शोषक वर्गले निम्त्याएको अवस्थाभित्र अन्तर्निहित विकृति विसङ्गतिको चिरफार गर्ने कार्य उनले गरेका छन् । त्यसैगरी असक्षम प्रशासनले ल्याएको राष्ट्रियतामाथिको खतराप्रति व्यङ्ग्य कसेर उनले निबन्ध रचना गरेका छन् । कानुनका क्षेत्रमा विद्यमान खराब पक्ष, साहित्यका क्षेत्रमा रहेका विकृत पक्षलाई सशक्तताका साथ औंल्याउने कार्य निबन्धहरूमा गरिएको देखिन्छ । लैङ्गिक असमानता र स्त्रीपीडक समाजमाथि उनले तीब्रताका साथ प्रहार गरेका छन् । सांस्कृतिक विषयवस्तुको प्रयोग गरिएका निबन्धले नेपालमा भित्रिँदै गएको खराब सँस्कारको विरोध गरेका छन् । शैक्षिक जगत्मा समेत अनेकानेक विकृत पक्षको प्रवेश भएको र त्यसको निराकरण हुन नसकेको कुरा उनले नैबन्धिक विषयवस्तुको रूपमा प्रयोग गरेका छन् । यस प्रकार यस चरणका निबन्धले समाजका विसङ्गति मुलुकका पीडा, मानवीय क्षुद्रता, राजनीतिक विद्रूपता, असमानता र व्यक्तिमनसायको अन्त्य गर्दै सुसङ्गत्, स्वच्छ र सुसंस्कृत समाज तथा आदर्श व्यक्तिको विकास, लोकतान्त्रिक राज्यव्यवस्थाको स्थापना, लैङ्गिक समानता, शोषण सामन्ती

संसकारबाट मुक्ति, प्रगतिशील साहित्य सिर्जनाको कामनाजस्ता महत्वपूर्ण वैचारिक चिन्तन उनका यस चरणका निबन्धमा मुखरित भएको पाइन्छ । प्रगतिवादमा विश्वास राख्ने हुँदा विसङ्गत यथार्थको विरोधमा सुसङ्गत् यथार्थको निर्माण गर्ने लक्ष्य उनको रहेको देखिन्छ । विसङ्गतिजन्य क्षेत्रका सबै चिन्तन नष्ट नगरी मुलुकमा सङ्गतिपूर्ण सामाजिक परिपाटीको स्थापना नहुने वैचारिक चिन्तन प्रकटीकरण भएको देखिन्छ ।

यस चरणका निबन्धको शिल्पक्षको अवलोकन गर्दा निबन्धहरू चिटिक्क परेका छोटा स्वरूपका छन् जुन निबन्ध विधाका निम्ति आवश्यक देखिन्छ । उनले सबैजसो निबन्धमा आफ्नो दृष्टिकोण, चिन्तन र जीवनदृष्टि प्रस्तुत गर्नका लागि प्रतीक र बिम्बको आश्रय लिएका छन् । वस्तुजगत्को विश्लेषणमा नवीनता, आह्लादपना र तीखोपना ल्याउनका लागि खरेलले सहज लेखनभन्दा भिन्न ध्यन्यात्मक लेखनशैली अँगालेका छन् । उनका निबन्धहरू स्मृति, चिन्तन, अध्ययनजन्य बौद्धिकताले परिपुष्ट रहेका छन् । उनले निबन्धमा स्वैरकल्पनकात्मक शैलीको समेत सहारा लिएको देखिन्छ । व्यङ्ग्यात्मक चेतका दृष्टिले निबन्धहरू बढी प्रखर बनेका छन् ।

निबन्धहरू रोमाञ्चक, कारूणिक, यथार्थपरक, व्यङग्यात्मक, प्रतीकात्मक शीर्षकमा आबद्ध रहेका छन् । भाषाशैलीका दृष्टिले निबन्धहरूमा सरल भाषा र सामान्य पाठकका लागि पनि बोधगमय हुने शैलीको प्रयोग पाइएपनि कतिपय पद तथा पदावलीहरू प्रतीकात्मक तथा व्यङ्ग्यात्मक प्रयोजनमा प्रयोग भएको पाइनाले र विभिन्न बिम्ब तथा अलङ्कारको प्रयोगले निबन्धहरू आलङ्कारिक र सबल छन् । कतिपय निबन्धहरूमा अन्य कवि तथा लेखकका सिर्जनालाई साभार गरी निबन्धको व्यङ्ग्य र भाव प्रस्तुतिलाई ओजपूर्ण बनाउँदै सुनमा सुगन्ध थपे झैं पारेको बोध हुन्छ ।

समग्रमा यस चरणका निबन्धमा विशेषतः विचारको प्रौढता, भावगत तीक्ष्णता, प्रयोजन निष्ठता, उद्देश्यपरकता, वैदग्ध्यपूर्ण व्यङ्ग्यात्मकता जस्ता विशेषता छन् । विषयवस्तु, अभिव्यक्ति शिल्प र शीर्षकीकरण आदि कोणबाट यस चरणका खरेलका निबन्धले सशक्तता प्राप्त गर्न सक्षम बनेको देखिन्छ ।

### ३.१.३ तेस्रो चरण

वि.सं. २०५८ सालपछि निबन्धकार रुद्र खरेलको निबन्धलेखन यात्राले अझ उत्कर्षता प्राप्त गरेको समयावधि हो । २०५८ सालपछि नेपालको राजनीतिमा माओवादी जनयुद्धले चरमरूप ग्रहण गरेको र त्यसलाई दमन गर्ने नाममा सरकारले सङ्कटकाल घोषणा गरी देशव्यापी आतङ्क सिर्जना गरेको एवं दोहोरो मारमा परेर सर्वसाधारण जनताले भोग्नुपरेको असह्य पीडा अनि प्रारम्भिक अभ्यास र २०६१ को शाहीप्रतिगमन पूर्ण अभ्यास र शाहीप्रतिगमन विरुद्ध संसदीय पार्टीहरू र जनयुद्धरत माओवादी बीचको १२ बुँदे सहमति अनि त्यसैका बलमा थालिएको २०६२/०६३को लोकतान्त्रिक गणतन्त्रात्मक आन्दोलन र त्यसको सफलतासम्म हुँदै जीवनपर्यन्त (२०६५) को समयावधि रुद्र खरेलका निबन्धयात्राको तेस्रो वा अन्तिम चरण हो । यस चरणमा उनका निम्न तीनवटा निबन्धात्मक सङ्ग्रह प्रकाशित भएका छन् :

१. आषाढस्य प्रथमदिवसे (२०५९),
२. तेस्रो आँखा (२०६१),
३. शब्दको भ्वाङ् (२०६४) ।

यस चरणका निबन्धहरूको मूलप्रवृत्ति युद्धको विरोध, दरबारिया शाहीप्रतिगमनप्रति आक्रोष र जनविद्रोह वा जन आन्दोलनमा जोड दिनु रहेको पाइन्छ । २०५८ सालपछि नेपालको अवस्था जटिल बन्दै गएका कारण रुद्र खरेलका निबन्धमा अझ हास्य कम र व्यङ्ग्यको प्रभाव बढी देखापर्दछ । यसले राष्ट्रिय समस्याका रूपमा प्रकट भएका नवीन सवाल एवं सन्दर्भलाई बौद्धिक ढङ्गले गम्भीर तवरमा व्यङ्ग्यात्मक प्रहार गरेका छन् । निबन्धहरूले न्यायालयको गिर्दो अवस्था, धार्मिक, आडम्बरी चरित्र, खस्कँदो मानव अधिकार आदि राष्ट्रिय एवं अन्तराष्ट्रिय विसङ्गतिप्रति व्यङ्ग्य गरेका छन् ।

निबन्धकार खरेलले पछिल्लो चरणका निबन्धमा विषयवस्तुगत विविधता प्रस्तुत गरेका छन् । औधी चोटिला निबन्धहरू समेत रचना गरेका छन् । निबन्धहरूले शैक्षिक, राजनैतिक, मानवीय विसङगति, सामाजिक न्यायिक, प्रशासनिक क्षेत्रमा विद्यमान विकृति विसङ्गतिमाथि चोटिलो प्रहार गरेका छन् । **आषाढस्य प्रथमदिवसे** सङ्ग्रहमा सङ्ग्रहित निबन्धले कानुनको अकर्मण्यता, घुसतन्त्रमा अडिएको राजनीति तथा प्रशासनिक राज्यव्यवस्थाका कुरुपता, मातृभूमिप्रति गद्धार लठैत बुद्धिजीवी, राष्ट्रिय ढुकुटी रित्याउने नेता , देशमा द्वन्द्व चर्काउने र हिंसा बढाउने हत्यारा मनोवृत्तिको मानव जत्था, मानव अधिकारमाथि धावा बोल्ने अनैतिक व्यक्ति, जनदमनकारी निरङ्कुश राज्यसत्ता र सामाजिक शैक्षिक तथा समग्र क्षेत्रका गलत प्रवृत्तिप्रति हास्यसँगै व्यपाक प्रहार गरेका छन् । **तेस्रो आँखा**मा सङ्कलित निबन्धले मुलुकमा गम्भीर र जल्दाबल्दा समस्यामाथि राजनीतिक तथा प्रशासनिक विकृति, विद्रूपता र छाडापनमाथि उपहास गर्दै श्रमजीवीको थाप्लामा रजाइँ गर्नेहरू, जन्मभूमिप्रति उदासीनहरू, अरूको कुरा काटी दिन बिताउनेहरू, अर्धमानवीय मूल्य भएका लघुमानवहरू, कलासाहित्यका धमिराहरू तथा जनदमनकारी निरङ्कुश सत्ताधारीहरूमाथि खरो व्यङ्ग्य गरेका छन् । मुलुकमा समग्र विकृति हटाई सुन्दर र प्रगतिशील समाजको निर्माण गर्नु यसमा सङ्कलित निबन्धहरूको मूल अभिप्राय देखिन्छ । रुद्र खरेलको अन्तिम व्यङ्ग्यात्मक निबन्धसङ्ग्रह **शब्दको भ्वाङ**भित्रका निबन्धहरूले दरबार हत्याकाण्ड, क्रान्ति दबाउन खोज्ने शासकीय कृत्य, वाक्स्वतन्त्रताको हनन्, लैङ्गिक, विविधता, बोली र व्यवहारको असमानता, व्यक्तिमा देखिने हतारो प्रवृत्ति, आयोगको प्रतिवेदनको वेवास्ता, भ्रमपूर्ण विधान तथा सामन्ती संस्कारका छोटे राजाहरूको कार्यशैलीलाई विषयवस्तु बनाएका छन् ।

निबन्धयात्राको पछिल्लो चरणमा आइपुग्दा खरेलले आफूलाई मन्दहास्यमा तीव्र व्यङ्ग्य गर्ने सशक्त निबन्धकारका रूपमा उभ्याएका छन् । उनको यस चरणको लेखनको मूल उद्देश्य व्यक्ति, समाज, शाहीशासनका गलत कृत्य, राजनीति, शिक्षा आदि जस्ता विविध क्षेत्रका बाह्य र आन्तरिक विकृति र विसङ्गतिमाथि प्रहार गरी आमूल परिवर्तनको अपेक्षा राख्नु हो । यसका लागि उनले हास्यलाई उपकरणका रूपमा मात्र प्रयोग गरेका छन् । हास्यको उद्देश्य मनोरञ्जन सिर्जना गर्नु हो र व्यङ्ग्यको उद्देश्य सबै प्रकारका विसङ्गत पक्षको उत्खनन गरी शक्तिशाली शब्दबाणद्वारा तिनमाथि निर्ममतापूर्वक प्रहार गर्नु हो र समाजलाई सही मार्गमा हिड्न समेत प्रेरित गर्नु हो ।

पछिल्लो चरणका उनका निबन्धले पूर्वोक्त चरणको भाषाशैली भन्दा विशिष्टता प्राप्त गरेका छन् । एक दुई निबन्ध बाहेक अधिकांश निबन्धहरूको भाषाशैली सरल र बोधगम्य देखिन्छ । उनले सरलता र सरसतालाई बाधा नपारीकन नयाँ नयाँ शब्दको निर्माण गरी आफ्नो प्रयोगात्मक शिल्पको परिचय दिएका छन् । निबन्धको भाषाशैलीमा प्रवाहमयता र कवितात्मकताको आभास पाइन्छ । अन्त्यानुप्रासीय श्रुतिमधुरशैलीले यसलाई झनै प्रष्ट्याँउछ ।

कतै कतै प्रशासनिक तथा कानुनी क्षेत्रका शब्दहरूको प्रयोगले भाषिक प्रयोगमा विशिष्टता ल्याएको छ । निन्धमा सहज र स्पष्ट शैलीको प्रयोग गरेका छन् । पत्रात्मक, वर्णनात्मक, संवादात्मक विवरणात्मक, प्रतीकात्मक, तीब्र हास्यव्यङ्ग्यात्मक, समालोचनात्मक, आदि शैलीको प्रयोग गरेका छन् । व्यख्यात्मक तथा विश्लेषणात्मक पद्धति अपनाउँदै विषयवस्तुभित्र भाव र कलाको संयोजन गर्न उनी सफल बनेका छन् । खरेलले निबन्धको विषयवस्तु अघि बढाउँदा आत्मपरकताका साथै कतै सम्वोधनात्मक र कतै लोककथात्मक शैली अपनाउन पुगेको देखिन्छ । उखान-टुक्काको समुचित प्रयोगले निबन्धहरू बढी वजनदार बन्न पुगेका छन् । उपमामूलक र दृष्टान्तमूलक अलङ्कारको प्रयोगबाट निबन्धले उच्चता प्राप्त गरेका छन् ।

शिल्पशैलीका दृष्टिले मात्र होइन वैचारिक कोणबाट समेत निबन्धहरू उच्च छन् । सामाजिक यथास्थितिको आलोचना गर्नु, समुन्नत, समतामूलक, समृद्ध र वैज्ञानिक सामाजिक संरचनाको अपेक्षा गर्नु अनि त्यसको निर्माणका लागि गरिने क्रान्तिकारी यन्त्रको औजारका रूपमा आफ्ना रचनाहरूलाई प्रस्तुत गर्न उनी सफल छन् । समाजको आमूल रूपान्तरण आवश्यक छ भन्ने विचार  व्यक्त गरेका छन् । हाम्रो मुलुकमा राज्यसत्ता र मानवसमाज पछौटे हुनुमा कर्तव्यनिष्ठ र आदर्श व्यक्तिको अभावले गर्दा नै हो भन्ने वैचारिक चिन्तन उनका यस चरणका निबन्धले प्रस्तुत गरेका छन् ।

## ३.२ निष्कर्ष

उनको निबन्धयात्रामा विषयवस्तुको प्रयोग, प्रवृत्ति, संरचात्मक स्वरूप, हार्दिकता र बौद्धिकताको उपयोग, भाषाशैलीय अभिव्यक्तिको ढाँचा र चिन्तनको प्रयोगगत विविधताका आधारमा उनको हास्यव्यङ्ग्य निबन्धयात्रा तीन चरणमा अन्तर्विभाजित हुने देखिन्छ । २०२५ सालमा **पञ्चामृत** पत्रिकामा **नमस्ते** निबन्ध प्रकाशित गरेर आफ्नो निबन्धयात्रा प्रारम्भ गर्ने खरेलको प्रथम चरण २०४९ सालसम्म विस्तारित भएको पाइन्छ । यस चरणका निबन्धमा विशेष गरेर शिशु प्रजातन्त्रकालीन कुरूप राजनीतिक र सामाजिक यथार्थमाथि प्रहार गरिएको पाइन्छ । आंशिक आत्मपरकताको प्रयोग पाइएपनि त्यो विषयवस्तुलाई कलात्मक रूप दिने साधनका रूपमा प्रयोग भएको देखिन्छ । उनको हास्यव्यङ्ग्ययात्राको दोस्रो चरण २०५० देखि २०५७ सालसम्म फैलिएको पाइन्छ । यस चरणमा विशेष गरेर सामाजिक, राजनीतिक, प्रशासनिक, आदि क्षेत्रमा रहेका वेथितिको राम्रो प्रत्यङ्कन गरिएको देखिन्छ । विषयवस्तुको छनौट, अभिव्यक्तिशिल्प र चिन्तनका क्षेत्रमा नयाँ-नयाँ पवृत्तिको आत्मसात यस चरणमा भएको देखिन्छ । उनको हास्यव्यङ्ग्यलेखनको तेस्रो चरण २०५८ सालदेखि २०६४ सालसम्म विस्तारित भएको देखिन्छ भनें यस चरणको समयावधिभित्र प्रकाशित पूर्वोक्त तीन वटा निबन्धसङ्ग्रहहरूले उनको हास्याव्यङ्ग्यकारितालाई परिचित गराएका छन् । २०५८ सालको दरबार हत्याकाण्ड, २०५९ को शाहीप्रतिगमनको प्रथम अभ्यास, २०६१ को शाहीप्रतिगमनको पूर्ण अभ्यास र २०६२/०६३को जन-आन्दोलन र यसले प्राप्त गरेको सफलता र पुनः राजनेताहरूमा देखिन थालेको गलत प्रवृत्तिको प्रकटीकरण यस चरणमा विशेष गरेर भएको पाइन्छ । यस चरणको लेखनको मूल उद्देश्य व्यक्ति, समाज, शाहीशासनका गलतकृत्य, राजनीति, शिक्षा आदि जस्ता विविध क्षेत्रका बाह्य र आन्तरिक विकृति र विसङ्गतिमाथि प्रहार गरी आमूल परिवर्तनको अपेक्षा नै रहेको देखिन्छ ।

## चौथो परिच्छेद
# रुद्र  खरेलका हास्यव्यङ्ग्य निबन्धहरूको वर्गीकरण

रुद्र खरेलको साहित्यिक यात्राका दृष्टिले कविता नै पहिलो हो र त्यसपछि निबन्ध देखिन्छ । कवितालेखनबाट साहित्यिक यात्रा आरम्भ गरेको भएपनि उनको सफलता निबन्धविधाबाट प्राप्त भएको देखिन्छ। निबन्धमा उनी २०२५ सालदेखि झापाबाट प्रकाशित हुन थालेको मार्क्सवादी विचारलाई ग्राह्यता दिने **पञ्चामृत** पत्रिकामा प्रकाशित **नमस्ते** शीर्षकको निबन्धबाट उनको औपचारिक निबन्धयात्राको थालनी भएको हो। खरेल चालिसको दशकपछि यही विधालाई लेखनको मूल विधा बनाई जम्मा ६वटा निबन्धसङ्ग्रह प्रकाशित गरी स्थापित भएका स्रष्टा समेत हुन्। उनको जीवन अवधिमा प्रकाशित भएका निबन्धसङ्ग्रहको उल्लेख तल तालिकाबद्ध गरिएको छ :

| क्र.सं. | निबन्ध सङग्रह | निबन्ध सङ्ख्या | प्रकाशित वर्ष |
|---|---|---|---|
| १ | तपाईंको नाम के हो ? | १६ | २०४९ |
| २. | तोरीलाहुरे चोकमा एकछिन | १७ | २०५२ |
| ३. | बिर्सिस्यो कि ? | १६ | २०५७ |
| ४. | आषाढस्य प्रथम दिवसे | १७ | २०५९ |
| ५. | तेस्रो आँखा | १४ | २०६१ |
| ६. | शब्दको भ्वाङ् | १९ | २०६४ |

यसरी खरेलका जम्मा ६ वटा निबन्धसङ्ग्रहरू प्रकाशित भएको पाइन्छ । निबन्धहरू रचना गर्ने सन्दर्भमा विषयवस्तु प्रयोगका आधारमा विविधता देखाएका छन् । विविध विषयवस्तुको उपयोग गरी तत्सम्वन्धी देखापरेका विकृत र असङ्त पक्षमाथि हास्यव्यङ्ग्यात्मक अभिव्यक्ति उनले निबन्धमार्फत दिने कार्य गरेका छन् । त्यसकारण उनका निबन्धहरूको वर्गीकरण विषयवस्तुका आधारमा गर्न सकिने देखिन्छ। हुनतः उनले एउटै निबन्धमा दुई वा सो भन्दा बढी विषयवस्तुको प्रयोग समेत गरेको देखिन्छ तर ती निबन्धमा प्रयुक्त विषयवस्तुको प्राधान्यताका आधारमा ती निबन्धलाई सोही अनुसार वर्गीकरण गर्ने कार्य यहाँ गरिएको छ । तल उनका हास्यव्यङ्ग्य निबन्धहरूको विषयवस्तुका आधारमा गरिएको वर्गीकरणलाई संक्षेपमा चर्चा गरिएको छ।

राजनीतिक विषयवस्तुमा आधारित निबन्धहरू :

| निबन्धको शीर्षक | प्रकाशन स्रोत |
|---|---|
| हातको गेली प्रुफ र जोकर बाजेको उल्टो कोट | तपाईंको नाम के हो ?(नि.सं.२०४९) |
| विश्वासघात | तपाईंको नाम के हो ?(नि.सं.२०४९) |
| नेताको कोशगत अर्थ | तपाईंको नाम के हो ?(नि.सं२०४९) |
| शिशु प्रजातन्त्र र शिशुप्रतिगामी | तपाईंको नाम के हो ?(नि.सं.२०४९) |
| नरेन्द्रको आतङ्क | तोरी लाहुरे चोकमा एकछिन(नि.सं.२०५२) |
| भ्यागुतो हुनुको वस्तविकता | तोरी लाहुरे चोकमा एकछिन(नि.सं.२०५२) |

| | |
|---|---|
| आयो हल्लाउँदै झमझम इस्टकोट | बिर्सिस्यो कि ?(नि.सं.२०५७) |
| भालेको डाकको प्रतीक्षामा | बिर्सिस्यो कि ?(नि.सं.२०५७) |
| प्रगतिवाहरूको आत्मपरिचय | बिर्सिस्यो कि ?(नि.सं.२०५७) |
| राजनीतिक भ्रष्टाचार | आषाढस्य प्रथमदिवस (नि.सं.२०५९) |
| आषाढस्य प्रथमदिवसे | आषाढस्य प्रथमदिवसे (नि.सं.२०५९) |
| मन्त्री र झारफुके | आषाढस्य प्रथमदिवसे (नि.सं.२०५९) |
| म भ्रष्ट हुन्थें भने | आषाढस्य प्रथमदिवसे (नि.सं.२०५९) |
| भिक्षु र नगरबधू | आषाढस्य प्रथमदिवसे (नि.सं.२०५९) |
| माननीय मन्त्रीको सारगर्भित भाषण | आषाढस्य प्रथमदिवसे (नि.सं.२०५९) |
| सत्तापक्षीय मुसो | आषाढस्य प्रथमदिवसे (नि.सं.२०५९) |
| डुहुरे मुसाको कुर्सीकोमोह | तेस्रो आँखा(नि.सं.२०६१) |
| सगरमाथाको फेदीबाट रुस्लानलाई यो सम्बोधन | तेस्रो आँखा (नि.सं.२०६१) |
| ओथेलो कम्ब्याट ड्रेस | तेस्रो आँखा (नि.सं.२०६१) |
| एउटा दन्त्यकथा | तेस्रो आँखा (नि.सं.२०६१) |
| बोलपत्र | तेस्रो आँखा (नि.सं.२०६१) |
| शुक्रबार | शब्दको भ्वाङ् (नि.सं.२०६१) |
| अञ्जुलीमा एकपित्को आगो दुईथान अरिमट्ठे तिघ्राहरू | शब्दको भ्वाङ् (नि.सं.२०६१) |
| आजराति के देखें सपना | शब्दको भ्वाङ् (नि.सं.२०६१) |
| गम्भीर हुनेबारे | शब्दको भ्वाङ् (नि.सं.२०६१) |
| कट्टुसत्य | शब्दको भ्वाङ् (नि.सं.२०६१) |

राजनैतिक विषयवस्तुमा आधारित निबन्धहरूमा विशेषतःसमसामयिक राजनीतिमा देखापरेका विकृति र विसङ्गतिको प्रत्यङ्कन गर्ने कार्य गरिएको छ । आरम्भिक अवस्थाका राजनैतिक विषयवस्तुमा आधारित निबन्धहरूमा उनले पञ्चायती शासनव्यवस्थामा पञ्चशासकहरूले जनदमन गरेर सर्वसाधारण जनताले भोग्नुपरेको कहालीलाग्दो परिस्थितिको चित्रण गरिएको छ । त्यसैगरी प्रजातन्त्रको पुनर्वाहाली पश्चात् जन आन्दोलनमा संलग्न भएका नेताहरू नै ऐस, आराम र भ्रष्टाचारजन्य क्रियाकलापमा आफूलाई गराएको दुष्कृत्यको भण्डाफोर तीब्र व्यङ्ग्यात्मक भाषशैलीमार्फत गरिएको छ । वामपन्थी नेता भनाउँदाहरू समेत वैयक्तिक स्वार्थमा लागेर सर्वाहारावर्गको हित विपरीत देखिएको तीतो यथार्थ यस प्रकारका निबन्धहरूमा प्रस्तुत गरिएको देखिन्छ । त्यसैगरी राजनैतिक दलका नेताहरू गुट-उपगुट निर्माणमा लागेर शत्रुता र मित्रताको रेखा कोर्न लागेको कट्टुसत्य निबन्धहरूमा प्रकटीकरण गरिएको छ । सरकारले जनयुद्ध समाप्त पार्न हतियार खरिद गरेर सर्वाहारावर्गलाई उपेक्षा गरेको तिक्त यथार्थ समेत निबन्धहरूमा अभिव्यक्त गरिएको छ । त्यसैगरी दोस्रो जनआन्दोलन पश्चात् पुरानै हावाले नेतालाई छुन थालेको र गणतन्त्रिक नेपालको कल्पना समेत सन्दिग्ध बनेको विचार यस खालका निबन्धहरूमा अभिव्यक्त गरिएको छ । उनका सबैजसो राजनैतिक निबन्धहरूमा गलत राजनीतिको विकास भएका कारण राष्ट्रियता र देशभक्ति भावनामा समेत आघात पुऱ्याएको वैचारिक सन्देश मुखरित भएको पाइन्छ ।

सामाजिक विषयवस्तुमा आधारित निबन्धहरू :

| शीर्षक | प्रकाशन स्रोत |
|---|---|
| लघुशङ्का | तपाईंको नाम के हो ?( नि.सं.२०४९) |
| नामको खाम | तपाईंको नाम के हो ?( नि.सं.२०४९) |
| प्रेमप्रसाद | तपाईंको नाम के हो ?( नि.सं.२०४९) |
| एउटा दुइवटा लिखा त जसका टाउकामा पनि हुन्छन् | तपाईंको नाम के हो ?( नि.सं.२०४९) |
| अकर्मण्यताको निख्लो प्रचार | तोरी लाहुरे चोकमा एकछिन( नि.सं.२०५२) |
| च्वाँक इन्टर प्राइजेज | तोरी लाहुरे चोकमा एकछिन( नि.सं.२०५२) |
| प्रजातन्त्रको अभ्यास | तोरी लाहुरे चोकमा एकछिन( नि.सं.२०५२) |
| खाली कुर्सी | तोरी लाहुरे चोकमा एकछिन( नि.सं.२०५२) |
| भोजन र प्रेम | बिर्सिस्यो कि ? (नि.सं.२०५७) |
| साला | बिर्सिस्यो कि ? (नि.सं.२०५७) |
| सलाम ती काला खुट्टाहरूलाई | आषाढस्य प्रथमदिवसे ( नि.सं.२०५९) |
| फिजी | आषाढस्य प्रथमदिवसे ( नि.सं.२०५९) |
| महिला साथी, पुरुष साथी | शब्दको भ्वाङ् (नि.सं.२०६१) |
| झाडी मुनिकी द्रौपदी : ठमेलका साइबर सिर्किस्न | शब्दको भ्वाङ् (नि.सं.२०६१) |

सामाजिक विषयवस्तुमा आधारित निबन्धहरूमा विशेषतः समाजमा देखापरेका अनेका प्रकारका विकृत अवस्थाको चित्रण पाइन्छ । समाजमा वर्गीय विभाजनका कारण तल्लो र मथिल्लो वर्गको निर्माण भएको र माथिल्लो वर्गका भनाउँदाहरूले समाजमा विकराल र डर लाग्दो अवस्थाको परिवेश सिर्जना गरेको तथ्य उद्घाटन गर्दै कसिलो व्यङ्ग्य गरिएको छ । आफ्नो नामको खाम लगाएर बिना योगदान आफू परिचित हुन चाहने मान्यताले समाजमा व्यापकता छाएको विकृत अवस्थाको चित्रण यस प्रकारका निबन्धमा गरिएको छ । पितृसत्तात्मक सामाजिक संरचनाका कारण यस्तो भएको हो भन्ने वैचारिकता यस प्रकारका निबन्धहरूमा व्यक्त गरिएको देखिन्छ । समाजमा नारीहरूले नारकीय जीवन बिताइरहेका छन् भन्दै उनीहरूको सम्मानपूर्ण जीवनको समेत अपेक्षा यस प्रकारका निबन्धहरूमा गरिएको छ । वर्गविहीन समाजको परिकल्पना समेत गरिएका यस प्रकारका निबन्धहरूमा समाजमा आफ्नो वृहत् गल्तीलाई गल्ती नठान्ने तर अर्काको सानो गल्तीलाई ठूलो बनाएर होच्याउने गलत

सामाजिक आचरणको तीब्र विरोध सामाजिक विषयवस्तुमा आधारित निबन्धहरूमा गरिएको देखिन्छ ।

मानवीय व्यक्ति विसङ्गतिमा आधारित निबन्धहरू :

| शीर्षक | प्रकाशनस्रोत |
|---|---|
| आफन्तहरू | तपाईंको नाम के हो ?(नि.सं.२०४९) |
| जूनकीरी र गुहेकीरो | तपाईंको नाम के हो ?(नि.सं.२०४९) |
| तपाईंको नाम के हो ? | तपाईंको नाम के हो ?(नि.सं.२०४९) |
| वासुदेव कृष्ण र गोवर्द्धन पहाड | तोरीलाहुरे चोकमा एकछिन(नि.सं.२०५२) |
| फास्नर | तोरीलाहुरे चोकमा एकछिन(नि.सं.२०५२) |
| चाट्नेहरूसँग भगवान वराह वा खैरो सुँगुर | तोरीलाहुरे चोकमा एकछिन(नि.सं.२०५२) |
| आत्मालोचनाको मृत्युमा | तोरीलाहुरे चोकमा एकछिन(नि.सं.२०५२) |
| बिर्सिस्यो कि ? | बिर्सिस्यो कि ?(नि.सं.२०५७) |
| माटाको माया | आषाढासस्य प्रथमदिवसे(नि.सं.२०५९) |
| राष्ट्रिय सहमति | आषाढसस्य प्रथमदिवसे(नि.सं.२०५९) |
| हामी सबै टेकबहादुर | आषाढसस्य प्रथमदिवसे(नि.सं.२०५९) |
| दिमागको ध्वाँसो | आषाढसस्य प्रथमदिवसे(नि.सं.२०५९) |
| शीतलहर र शुनःशेप र साहित्य | आषाढसस्य प्रथमदिवसे(नि.सं.२०५९) |
| कुरा काट्नेहरूको समर्थनमा | तेस्रो आँखा(नि.सं. २०६१) |
| पासपोर्ट साइज | तेस्रो आँखा(नि.सं. २०६१) |
| कुलमान दाइको तेस्रो आँखा | तेस्रो आँखा(नि.सं. २०६१) |
| अझ पनि मोजा सुँध्ने ? | तेस्रो आँखा(नि.सं. २०६१) |
| हतारै हतार | शब्दको भ्वाङ(नि.सं.२०६४) |
| थरी-थरीका लात्तीहरू | शब्दको भ्वाङ(नि.सं.२०६४) |
| मुण्ड मुण्ड बुद्धि ! | शब्दको भ्वाङ(नि.सं.२०६४) |
| श्रीमान वङ्को नाकमा धुलो | शब्दको भ्वाङ(नि.सं.२०६४) |
| पुच्छर उम्रिएपछि | शब्दको भ्वाङ(नि.सं.२०६४) |
| सुरक्षित अवतरण | शब्दको भ्वाङ(नि.सं.२०६४) |

शैक्षिक विसङ्गति :

| शीर्षक | प्रकाशन स्रोत |
|---|---|
| डा. बन्ने धोको | तपाईंको नाम के हो ?(नि.सं..२०४९) |
| फोस्ला | तपाईंको नाम के हो ?(नि.सं..२०४९) |
| सरस्वती पूजा | बिर्सिस्यो कि ?(नि. सं. २०५७) |
| डफलीवाला डफली बजा | बिर्सिस्यो कि ?(नि. सं. २०५७) |

शैक्षिक विसङ्गति विषयवस्तु प्रयोग गरिएका निबन्धहरूमा शैक्षिक क्षेत्रमा प्रवेश भएका गलत आचरणको विरोध गरिएको छ। विद्यार्थीहरूमा अध्ययन गर्ने स्वभावको भन्दा होहल्ला मच्चाएर शैक्षिक थलोलाई विकृत बनाउन थालेको र राजनीतिको नाउँमा गलत राजनीतिक परिपाटीको सिको गरेर अनेक प्रकारका विकृति र विसङ्गतिले भित्रिने अवसर प्राप्त गरेको पक्षमाथि तीव्र प्रहार गर्ने कार्य गरिएको पाइन्छ। पढेर सफलता पाउनुपर्नेमा चिट चोरेर सफलता हासिल गर्न खोज्ने प्रवृत्तिका कारण शैक्षिक क्षेत्रमा निरन्तर भित्रिँदै गरेको गलत परिपाटीको तीव्र विरोध यसप्रकारका निबन्धहरूमा भएको पाइन्छ। चिट संस्कृतिले नराम्रो परिस्थिति सिर्जना र शैक्षिक जगत्लाई अव्यवस्थतातिर धकेल्न प्रशासनले समेत उत्तिकै भूमिका निर्वाह गरेको कुरा निबन्धमा गरिएको पाइन्छ। प्राध्यापकहरूले समेत वैयक्तिक स्वार्थमा लागेर अध्यापन कार्य अगाडि नबढाएको र चिट् संस्कृतिलाई मलजल गरेको तीतो यथार्थलाई प्रष्ट्याउने कार्य यसप्रकारका निबन्धहरूमा गरिएको पाइन्छ। शैक्षिक पदवी हासिल गर्ने सन्दर्भमा चाकडी र चाप्लुसीले जरा गाडेको र शैक्षिक योग्यताको कदर हुन नसकेको प्रति तीक्ष्ण व्यङ्ग्य यस प्रकारका निबन्धमा प्रस्तुत गरिएको छ।

सामन्ती र शोषक वर्गमाथि व्यङ्ग्य गरिएका निबन्धहरू :

| शीर्षक | प्रकाशनस्रोत |
|---|---|
| मलुवा खैनीको रजत जयन्ती | तोरीलाहुरे चोकमा एकछिन(नि.सं.२०५२) |
| याल बुद्धिजीवी | तोरीलाहुरे चोकमा एकछिन(नि.सं.२०५२) |

नेपाली समाज सामन्तीव्यवस्था अनुसारको भएकाले अनेक प्रकारका सञ्जाल रचेर सर्वहारावर्गलाई निरन्तर शोषण गरिरहेको तथ्य यसप्रकारका निबन्धहरूमा प्रस्तुत गरिएको छ। समाजमा असमानताका खाडल देखिनुमा सामन्तवादी सोच नै हो भन्दै शोषकहरू सामन्तवादी विचारलाई बढावा दिई थिचोमिचोमा सँधै लागिरहन्छन् भन्ने व्यङ्ग्यात्मक अभिव्यक्ति यस प्रकारका निबन्धहरूमार्फत प्रस्तुत गरिएको पाइन्छ।

असक्षम प्रशासनिक क्षेत्रमाथि व्यङ्ग्य गरिएका निबन्धहरू :

| शीर्षक | प्रकाशनस्रोत |
|---|---|
| तोरीलाहुरे चोकमा एकछिन | तोरीलाहुरे चोकमा एकछिन(नि.सं.२०५२) |
| आयोग अर्थात् खायोग | तोरीलाहुरे चोकमा एकछिन(नि.सं.२०५२) |

नेपालको प्रशासनिक संयन्त्र एकदम फितलो भएको पक्षप्रति तीव्र व्यङ्ग्यात्मक अभिव्यक्ति यसप्रकारका निबन्धहरूमा दिएको पाइन्छ। नेपालमा अपराधी कार्यमा संलग्न मान्छेले सजाय भोग्नु पर्नेमा उल्टै निर्दोष जनताले कार्वाही भोग्नुपर्ने तीतो यथार्थको सटिक अभिव्यक्ति यसप्रकारका निबन्धहरूमा व्यक्त गरिएको पाइन्छ। प्रशासन हातमा लिएर आफू फुत्किने र निमुखा जनतामथि मात्रै लादन चाहने नेपालको शैक्षिक गतिविधिको तीव्र विरोध गरिएको छ। समय-समयमा बनेको विभिन्न आयोगहरूको निष्कर्षको कार्यान्वयन नभएको पक्षहरूको समेत यस प्रकारका निबन्धहरूले भण्डाफोर गरेका छन्। मल्लिक आयोग, रायमाझी आयोगले तयार पारी पेस गरेको प्रतिवेदनको निर्णय कार्यान्वयन गर्न नेपालको प्रशासन असक्षम बनेको तीतो यथार्थलाई देखाउने कार्य यसप्रकारका निबन्धहरूले गरेका छन्। यसरी प्रशासनिक क्षेत्रमा व्याप्त अनेकप्रकारका विकृति र विसङ्गतिको

चर्चा गर्दै प्रशासनिक संयन्त्रमा पूरै सुधार आउनुपर्ने धारणा यसप्रकारका निबन्धहरूमा प्रस्तुत गरिएको छ ।

साहित्यिक विषयवस्तु प्रयोग गरिएका निबन्धहरू :

| शीर्षक | प्रकाशनस्रोत |
|---|---|
| जुँगे साहित्य र जुँगे संस्कृति | तोरीलाहुरे चोकमा एकछिन(नि.सं.२०५२) |
| तपाईंका हृदयका कान छन् | शब्दको भ्वाङ्(नि.सं.२०६४) |
| शब्दको भ्वाङ् | शब्दको भ्वाङ्(नि.सं.२०६४) |

उनका सम्पूर्ण निबन्धहरू प्रयोजनमूलक भएर देखापरेका छन् । साहित्यिक विषयमा आधारित निबन्धहरूमा साहित्यिकारहरू पद, प्रतिष्ठा र सम्मान प्राप्त गर्नका लागि आफ्नो वास्तविक धरातल बिर्सेर विचलनशीलतालाई आगाँल्न पुगेको प्रति तीव्र व्यङ्ग्य उनका यस प्रकारका निबन्धहरूमा पाइन्छ । साहित्यकारहरूमा जीवनबोध आउनुपर्छ भन्ने अवधारणा र सर्वसाधारण जनताले भोगेका दु:ख, करुणा र वेदनाको अभिव्यक्ति यस प्रकारका निबन्धहरूमा पाइन्छ । जीवनको चित्रणमा आफ्नो सिर्जनात्मक क्षमतालाई खर्च गर्नुपर्छ भन्ने धारणा साहित्यिक विषयमा आधारित निबन्धले अभिव्यक्ति गरेका छन् । साहित्यमा समेत सामन्तवादी जुँगे संस्कृतिले गाँज्न पुगेको छ भन्दै प्रगतिशीलतालाई साहित्यकार र साहित्यिक कृतिले अगााल्नुपर्छ भन्ने वैचारिकता यस प्रकारका निबन्धले अभिव्यक्त गरेका छन् ।

आर्थिक विषयमा आधारित निबन्धहरू :

| शीर्षक | प्रकाशनस्रोत |
|---|---|
| भाषण र ताली | तपाईंको नाम के हो ?(नि.सं..२०४९) |
| घर | तपाईंको नाम के हो ?(नि.सं..२०४९) |

आर्थिक विषयमा आधारित निबन्धहरूमा उनले विशेष गरेर राजनीतिक वेथितिका कारण उत्पन्न आर्थिक विसङ्गतिको चित्रण गरेका छन् । आर्थिक अवस्थाको असमानताका कारण युवा पुस्ता निरन्तर विदेशतिर पलायन भइरहेका छन् भन्ने तीतो यथार्थ उनका निबन्धले प्रस्तुत गरेका छन् । राष्ट्रिय अर्थतन्त्र शून्यमा पुगिसकेको र यसले गर्दा राष्ट्रियता खतरामा परेको विषयवस्तु यस प्रकारका निबन्धमा प्रस्तुत गरिएको पाइन्छ ।
कानुनी विसङ्गतिमा आधारित निबन्धहरू :

| शीर्षक | प्रकाशनस्रोत |
|---|---|
| कानुनको आत्मसंस्करण | तोरीलाहुरे चोकमा एकछिन(नि.सं.२०५२) |
| जुनसुकै कुरा लेखिएपनि..... | तोरीलाहुरे चोकमा एकछिन(नि.सं.२०५२) |
| बिग्रेको मति खुस्केको धोती | तेस्रो आँखा(नि.सं.२०६१) |

कानुनलाई विषयवस्तुको स्रोत बनाइएका निबन्धहरूमा कानुनी राज्यका नाममा कानुनमाथि नै अपराध गरिरहेको पक्षको उद्घाटन गरिएको पाइन्छ । कानुन सम्बन्धी विषयवस्तुको आडमा रचिएका निबन्धहरूमा नेपालमा जीवनका सुन्दरतम पक्षहरूलाई भाँचभुँच पारी मानवीय मूल्यहरू र गरिमा माथि नै निरन्तर आक्रमण भइरहेको तीतो यथार्थलाई सशक्तताका साथ व्यक्त गरेका छन् ।

## पाँचौ परिच्छेद
# रुद्र खरेलका हास्यव्यङ्ग्य निबन्धहरूको विश्लेषण

रुद्र खरेलको निबन्धसाधना २०२५ सालदेखि **पञ्चामृत** पत्रिकामा प्रकाशित **नमस्ते** शीर्षकको निबन्धबाट आरम्भ भएको देखिन्छ । प्रारम्भमा पत्रपत्रिकामा छरिएका उनका निबन्धहरू पछि सङ्ग्रहित रूपमा प्रकाशन भएको पाइन्छ । रुद्र खरेलको **तपाईंको नाम के हो ?** (२०४९) निबन्ध प्रथम कोपिलाको रूपमा फक्रेको पाइन्छ । त्यसपछि **तोरीलाहुरे चोकमा एकछिन** (२०५२), **बिर्सिस्यो कि** ?,(२०५७), **आषाढस्य प्रथमदिवसे** (२०५९), **तेस्रो आँखा** (२०६१), **शब्दको भ्वाङ** (२०६४) निबन्धसङ्ग्रहहरू उनको जीवन अवधिमा प्रकाशित भएको देखिन्छ । यसरी रुद्र खरेलका २०४९ सालदेखि २०६४ सालसम्ममा प्रकाशित भएका ६ वटा निबन्धसङ्ग्रहहरूको विषयवस्तु र भाषाशैलीका आधारमा यहाँ विश्लेषण गरिएको छ ।

## ५.१ 'तपाईंको नाम के हो ?' निबन्धसङ्ग्रहको विश्लेषण
### ५.१.१ परिचय

प्रस्तुत निबन्धसङ्ग्रह रुद्र खरेलको प्रथम प्रकाशित निबन्धसङ्ग्रह हो । प्रस्तुत निबन्धसङ्ग्रहको आवरण पृष्ठ पानी रङ्गको पृष्ठभूमिमा सिम्रिक रङ्गमा अमूर्त आकृति रहेको देखिन्छ भने बाँकी भागमा हल्का रातो रङ्ग लगाएको देखिन्छ । आवरण पृष्ठको अघिल्लो भागको सिरानमा निबन्धसङ्ग्रहको नाम लेखिएको छ । यसै पाताको तल्लो दाँया भागमा लेखकको नाम उल्लेख गरिएको छ । प्रस्तुत सङ्ग्रहको दोस्रो पातो खालि रहेको छ । तेस्रो पाताको सिरानमा निबन्धसङ्ग्रहको नाम लेखिएको छ । पुच्छारमा लेखकको नाम उल्लेख गरिएको छ । तेस्रो पाताकै पछिल्लो भागमा प्रकाशक, प्रकाशन मिति, मुद्रक आदिका विषयमा जानकारी दिने कार्य गरिएको छ । चौथो पातामा निबन्धक्रमका बारेमा जानकारी दिइएको छ ।

२०४९ सालमा **पाठ्यसामग्री प्रकाशन काठमाडौंद्वारा** पकाशन गरेको प्रस्तुत सङ्ग्रह मध्यम आकृतिको देखिन्छ । यस कृतिमा २०४० देखि **योजना, साप्ताहिक**, **यद्यपि**, **श्रृङ्खला**, **वेदना** आदि पत्रपत्रिकामा प्रकाशित निबन्धहरू सङ्कलित छन् भने कतिपय निबन्धहरू एकैचोटि यसै सङ्ग्रहमा सङ्ग्रहित हुनपुगेका छन् । यी निबन्धहरू व्यङ्ग्यात्मक शैलीमा लेखिएका छन् । नेपाली समाजका विभिन्न क्षेत्रमा व्याप्त विसङ्गतिहरूप्रति तीखो व्यङ्ग्य यी निबन्धहरूमा गरिएको छ । सोह्र वटा निबन्धहरू समावेश गरिएको प्रस्तुत सङ्ग्रहमा 'दुई शब्द बारे दुई शब्द' शीर्षकको भूमिका लेखी भूमिका खण्डलाई विषयवस्तु बनाएर निबन्ध नै तयार गरिएको छ । यसैगरी यसमा व्यङ्ग्यात्मक पक्ष सशक्त देखिन्छ । भूमिका खण्डका रूपमा आएको लेखमा पृष्ठ सङ्ख्या दिइएको छैन भन्ने अन्य निबन्धहरू जम्मा ६६ पृष्ठमा अटाएका छन् । यहाँ विषयवस्तु र भाषाशैलीका आधारमा निबन्धसङ्ग्रहमा समाविष्ट निबन्धहरूको विश्लेषण गरिएको छ ।

### ५.१.२ विषयवस्तु

| शीर्षक | विषयवस्तु |
|---|---|
| १.भाषण र ताली | प्रस्तुत निबन्ध यस सङ्ग्रहको प्रथम क्रममा रहेको छ । प्रस्तुत निबन्ध नौ वटा अनुच्छेद र तीन पृष्ठको लघु आकारमा संरचित छ । राजनीतिक |

| | |
|---|---|
| | विसङ्गतिले उब्जाएको आर्थिक वेथितिलाई विषयवस्तु बनाई निबन्धमा प्रस्तुत गरिएको छ । राष्ट्र खोक्रँदै गएर हरितन्नम भइसकेको छ तर नेताहरू जिम्मेवारी छोडेर दिन प्रतिदिन भाषण ठोकी हिड्नु व्यर्थ हो भन्ने धारणा निबन्धकारले अभिव्यञ्जित गरेका छन् । राष्ट्रिय अर्थतन्त्र शून्यमा पुगिसकेको छ । युवाशक्ति विदेशतिर पलायित हुदैछ । यसकारण राष्ट्रियता समय -समयमा सङ्कटमा परेको छ । निम्नवर्गीय जनतालाई पानी खान नदिएर बहुराष्ट्रिय कम्पनीका उत्पादन कोकाकोला आदि देखाएर सरकारले गिज्याउँदै छ भनी निबन्धमा तीखो मुक्का हानिएको छ । हामी केवल भाषण र ताली जस्ता निकम्मा वस्तु मात्र उत्पादन गरी वित्थामा समय खेर फालिरहेका छौं भन्ने विचार अभिव्यञ्जित गरिएको छ । निबन्धमा भाषण र तालीकै आधारमा महान् सिद्ध गर्ने नेता, अभिनेता एवं अधिनेताले यसै दुष्कलाद्वारा विदेशलाई दुहेर आफ्ना महत्वाकाङ्क्षाको मरुभूमिलाई रसिलो पार्न चाहेको विषालु प्रवृत्तिप्रति धारिलो व्यङ्ग्य प्रहार निबन्धमा गरिएको छ । |
| २.लघुशङ्का | प्रस्तुत निबन्ध यस सङ्ग्रहको दोस्रो स्थानमा रहेको निबन्ध हो । यस निबन्धको संरचना छोटा-छोटा बाह्र वटा अनुच्छेद र दुई पृष्ठको कलेबरमा निर्माण भएको देखिन्छ । राष्ट्रियताका नाममा अनेक प्रकारका विकृति र विसङ्गति बढिरहेको विषय निबन्धमा प्रस्तुत गरिएको छ । जनताको कुभलो गरेर आफ्नो व्यक्तिगत महत्वाकाङ्क्षा पूरा गर्ने कार्य जो गर्दछ त्यही नै समाज तथा राष्ट्रमा महान् कहलाउने गर्दछ अनि शोषण, दमन, भ्रष्टाचार तथा तस्करी गर्ने महापातकी समरस्वाँठहरू नै सच्चा व्यक्ति ठहरिने दूषित संस्कृतिप्रति व्यङ्ग्य गरिएको छ । पञ्चायती व्यवस्था अन्त्य हुने समयको सेरोफेरोमा सिर्जित यस निबन्धमा समाजभित्रका टाठाबाठा शोषकहरूले मीठा कुरा गरी प्रत्येक निमुखा जनतालाई उल्लु बनाउने ठगी गर्ने र ब्रह्मलुट मच्चाउने गर्दछन् भन्ने यथार्थ प्रस्तुत गरिएको छ । हेपिएको अवस्थामा समेत सर्वसाधारण जनताले चुप लागेर बस्नुपर्ने बाध्यता कानुनी कर्तव्य बनिसकेको पक्षप्रति कडा झापट् हानिएको छ । यसरी राष्ट्रमा व्याप्त शोषण, दमन, जस्ता रोगको निर्मूल पार्ने औषधी जनसङ्घर्ष नै हो भन्ने सन्देश निबन्धमार्फत् भएको हुनाले निबन्धले अग्रगामी वैचारिक अभिव्यक्तिलाई विषयवस्तुका रूपमा ग्रहण गरेको देखिन्छ । |
| ३. डाक्टर बन्ने धोको | प्रस्तुत निबन्ध यस सङ्ग्रहको तेस्रो क्रममा रहेको छ । एघार वटा अनुच्छेदमा विभाजित प्रस्तुत निबन्ध सात वटा पृष्ठमा फैलिएको छ । अन्य निबन्धहरूको तुलनामा अलि दीर्घ आकृतिको प्राप्त गरेको प्रस्तुत निबन्धमा विद्यावारिधिका नाममा डाक्टर हुने, गाइड बन्ने र प्रमाणपत्र किनबेच गर्ने दुष्प्रवृत्तिले स्थान लिएको र सत्ताका पछि लाग्ने तथाकथित डाक्टरहरूलाई कतै गधाका रूपमा र कतै डाँगाका रूपमा प्रस्तुत गरिएको छ । विद्यावारिधीको महत्ताहीन मूल्यप्रति तीक्ष्ण व्यङ्ग्य गरिएको |

| | |
|---|---|
| | छ । नेपालमा निर्देशकका नाममा व्याप्त अज्ञानता, निष्क्रियता र अहङ्कारका द्वन्द्वमा पेलिनुपर्ने स्थिति अनि भारतीय निर्देशकमा रहेका अर्थलोलुपताको दुर्गन्ध उद्घाटन निबन्धमा गरिएको छ । फारसी सामन्ती संस्कृति पूरै वर्णशङ्कर बन्न पुगेको विषयलाई समेत निबन्धमा प्रस्तुत गरिएको छ । दानमा पाएको डा.पदवीले डा.बनेर तपस्वी र असली विद्वानहरू विस्थापित बन्दै गएका छन् र शैक्षिक पदवी किन्न पाइने अवस्थाले निम्त्याएको शैक्षिक विकृतिको भण्डाफोर गर्ने कार्य निबन्धमा प्रस्तुत गरिएको छ । यसरी निबन्धले शैक्षिक क्षेत्रका अनेक प्रकारका विकृति-विसङ्गतिप्रति तीतो व्यङ्ग्य कसेको छ । |
| ४.हातको गोली प्रुफ र जोकर बाजेको उल्टोकोट | प्रस्तुत निबन्ध यस सङ्ग्रहको चौथो क्रममा रहेको छ । यो निबन्ध आठ वटा अनुच्छेद र चार पृष्ठको लमाइमा फैलिएको छ । पञ्चायती व्यवस्थापछि प्रजातन्त्रको उदय पश्चात् नेपालको यथार्थ अङ्कन गर्ने विषयवस्तु यस निबन्ध आएको देखिन्छ । विकृति र विसङ्गतिले देश भत्किन लागेको अवस्थाको चित्रण निबन्धमा गरिएको छ । समग्र क्षेत्रलाई सच्याउन र बनाउनुपर्ने गरी भताभुङ्ग भएको देश र उल्टोपाल्टो भएको कानुनी राजको दुःखद स्थितिको चित्रण प्रस्तुत निबन्धमा भएको देखिन्छ । विकृति र विसङ्गतिले देश निखिसकेको छ तर देशका लेखक विचारक , नेताहरूको अमूर्त व्यख्याले गर्दा प्रतिगमन र यथास्थितिकै पृष्ठपोषण भइरहेको विचार निबन्धमा अभिव्यञ्जित भएको देखिन्छ । यँहा जो काम गर्छ त्यो भोको र नाङ्गो छ भन्दै निबन्धकारले जोकर बाजेले लाएको उल्टोकोटको प्रसङ्ग झिकेर विषयवस्तुलाई अझ प्रष्ट पार्ने काम निबन्धमा गरेका छन् । खीनहीन गरीबको पक्षमा कानुनले देखाएको निष्क्रियताप्रति लेखकको तीव्र रोष छ । तस्करहरूले नेपालको अर्थतन्त्रमा बाघले बाच्छीको गर्धनमा जस्तै दारेका छन् । सत्तावादी महामूर्खहरू महान् गनिएका छन् तर सच्चा विद्वत्वर्ग उपेक्षित छन् । शान्तिको नाममा भ्रान्तिले बास पाएको कुरालाई बढो आकर्षक ढङ्गले प्रस्तुत गरिएको छ । यसरी निबन्धमा गरीबगुरुवाका पसिना चोर्नेहरूका दुष्कृत्यहरूको पर्दाफास निबन्धमा गरिएको छ । |
| ५. नामको खाम | प्रस्तुत निबन्ध यस सङ्ग्रहको पाँचौ निबन्ध हो । एघार वटा अनुच्छेद र पाँच पृष्ठमा संरचित प्रस्तुत निबन्धमा आफ्नो नाम राम्रो राख्ने आफूलाई चर्चामा ल्याउन चाहने र अन्य व्यक्ति वा जातिको मान्छेहरूका नाममा एकार लगाएर होच्याउन खोज्ने नेपाली सामन्ती मानसिकतामाथि व्यङ्ग्य गर्ने विषय प्रस्तुत गरिएको छ । गरीब र निमुखा नेपालीहरू पेटको भोकले सताइएका छन् तर मध्यम वर्ग र उच्चवर्गीय मान्छेहरू नाम कमाउने भोकले ग्रस्त बनेको गलत प्रवृत्तिप्रति कसिलो प्रहार गरिएको छ । नामले होइन काम र सेवाको भोक तिनमा जाग्नुपर्छ भन्ने विचार व्यक्त गरिएको छ । आयातित पश्चिमा संस्कृतिका क्राइस्टेली नाम राख्ने सम्भ्रान्त वर्गीय परम्परा, संस्कृत भावपधान नाम राख्ने चलन, अल्पशिक्षित सोझा साझाहरूले जडाउरो नाममा चित्त बुझाउने |

| | |
|---|---|
| | प्रसङ्ग र कतिपय जनजातिमा नाँउ राख्ने अनौठा र हास्यास्पद प्रचलन आदि यथार्थको चर्चा निबन्धमा गरिएको छ । ठूलाखाले नामले श्रमजीवीका थाप्लोमा ताण्डव नृत्य गर्ने र विश्वबन्धुत्वको कुरा गर्नेहरू व्यक्ति नाममै अल्भ्mेर बस्ने सामाजिक र मानवीय कुप्रवृत्तिप्रति प्रहार गरिएको छ । |
| ६.विश्वासघात | प्रस्तुत निबन्ध यस सङ्ग्रहको छैटौं निबन्ध हो । नौ वटा अनुच्छेद र तीन पृष्ठमा यो निबन्ध संरचित भएको देखिन्छ । यस निबन्धमा कुकुरहरू प्रतीकका रूपमा प्रयुक्त देखिन्छन् । मनपरीतन्त्रलाई नै आफ्नो राजनीतिको आदर्श मान्ने दलविशेषको प्रतीकात्मक अभिव्यञ्जना प्रस्तुत निबन्धमा गरिएको छ । कुकुरको चर्चा निबन्धको विषयवस्तुका रूपमा प्रस्तुत गर्दै साच्चैंको कुकुर चरित्र बोकेका पञ्चसरकार  यसका भरौटेहरू दिनप्रतिदिन जनतालाई ठोक्ने, तर्साउने, स्वच्छन्द सहवास गर्ने, सडकमै वलात्कार गर्ने कुकृत्यको भण्डाफोर निबन्धमा गरिएको छ । पञ्चसरकारले कुकुरभन्दा तल्लो दर्जामा ओर्लिएर जनतालाई सताएको थियो भने तिनै कुकुरहरू फेरि प्रजातन्त्रको वहस गर्दै हिडेको हुनाले जनता अझै निर्धक्क भएर हिड्ने दिन नआइसकेको र विश्वासघात भएको वैचारिकता निबन्धमा अभिव्यञ्जित भएको देखिन्छ । यसप्रकार २०४६ सालको जन-आन्दोलनको सन्दर्भलाई विषय बनाएर पञ्चायती निरङ्कुशताका पक्षपोषकहरू र कुकुरहरूलाई समरूपमा राखेर प्रजातन्त्र पुनःस्थापनापछि तिनीहरूले कसरी भुकाइ फेरेर दलहरूमा प्रवेश गरे भन्ने तीतो यथार्थको अङ्कन निबन्धमा गरिएको छ । |
| ७. आफन्तहरू | प्रस्तुत निबन्ध यस सङ्ग्रहको सातौं क्रममा रहेको निबन्ध हो । आठ वटा अनुच्छेदमा विभक्त प्रस्तुत निबन्ध पाँच पृष्ठमा संरचित छ । आफन्त जस्तो पवित्र र विश्वासिलो नाता सम्वन्धका क्षेत्रमा गाँजिदै गएको विकृति र आफन्तहरूले फइदाका लागि आफन्त भइटोपल्ने बिगबिगी र सच्चा आफन्तहरू लोप हुन लागेको अवस्थालाई निबन्धले विषयवस्तुका रूपमा प्रस्तुत गरेको छ । धनाढ्य, सामन्ती, अर्धसामन्ती संस्कारका रोगले ग्रसित व्यक्तिहरूसँग आफन्तभाव राख्नु अपराध हुने निबन्धकारको धारणा छ ।  आफन्तहरू विभिन्न ओहदामा भएपनि अन्याय, अत्याचार, भ्रष्टाचार, तस्करी, शोषण,दमन, तथा उत्पीडन जस्ता  बानीब्यहोरा भएका छन् भने आफन्तभाव राख्नु गलत हुने विचार निबन्धकारले व्यक्त गरेका छन् । साधनहीन र कुनै ओहदामा नरहेका व्यक्तिले कसैको ध्यान आफूतिर तान्न नसक्ने अवस्था रहेको र यस्ताले आफन्तहरूको जमघटमा तासको जोकर हुनुपर्ने विकृत अवस्थाको भण्डाफोर निबन्धमा प्रस्तुत गरिएको छ । समाजमा धेरै दक्षप्रजापतिहरू रहेको चर्चा गर्दै टाउको छिनालेर बोकाको टाउको जडान गरिएको पौराणिक कथा विद्यमान समाज व्यवस्थाका विकृतिहरू छर्लङ्ग बुझ्ने प्रतीक हुनसकने विषय निबन्धमा प्रस्तुत गरिएको छ । आफूभन्दा माथि उठेर देश र समाजको वर्तमान कहालिलाग्दो |

| | |
|---|---|
| | अवस्थाप्रति चिन्तन र परिवर्तन चाहनेहरू आफन्त हुन् भन्ने विचार निबन्धमा व्यक्त गरिएको छ । |
| ८. जूनकीरी र गुहेकीरो | प्रस्तुत निबन्ध यस सङ्ग्रहको आठौं स्थानमा रहेको छ । एघार वटा अनुच्छेद र चार पृष्ठमा यस निबन्धको सरचना निर्माण भएको देखिन्छ । निबन्धकारले प्रतीकात्मकताका साथ गुहेकीरालाई सामन्तवादी प्रवृत्तिका रूपमा र जूनकीरीलाई श्रमजीवीको रूपमा प्रस्तुत गरेका छन् । आाफ्ना दुष्प्रवृत्तिविरुद्ध आफैं लड्न तयार हुनुपर्ने विषय प्रस्तुत गर्दै परम्परावादी निरङ्कुरश शक्तिलाई गुहेकीरो र आफू मरेर पनि स्वतन्त्रता दिने वीर सहिदलाई जूनकीरीका रूपमा प्रस्तुत गरिएको छ । अरूका विसङ्गति देख्ने र विरोध गर्ने प्रवृत्ति छोडेर प्रत्पयेकले पहिले आफ्ना विकृति र विसङ्गतिलाई जरैदेखि उखेलेर फ्याँक्नुपर्ने धारणा निबन्धमा प्रस्तुत गरेका छन् । आपसी सम्बन्ध बिग्रिएमा जूनकीरीलाई दबाउन संसारभरका गुहेकीरा सक्रिय बनेको तथा गुहेकीरो नेपालको आर्थिक प्रशासनिक राजनैतिक सम्पूर्ण क्षेत्रमाथि चढेको छ र उसले सयौं जूनकीरीहरूलाई सहिद बनाएको पक्ष प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ । सहिदको रगतको उपेक्षा भएको परिप्रेक्ष्य र निरङ्कुशताद्वारा सर्वसाधारणलाई दमन र हत्या गरेको वयङ्ग्यचित्रलाई निबन्धले विषयवस्तु वनाएको देखिन्छ । |
| ९.फोस्ला | प्रस्तुत निबन्ध यस सङ्ग्रहको नवौं निबन्ध हो । नौ वटा अनुच्छेद र पाँच पृष्ठमा प्रस्तुत निबन्धको संरचना निर्माण भएको पाइन्छ । शैक्षिक-बौद्धिक क्षेत्रभित्रका विसङ्गत पक्षमाथि व्यङ्ग्य गर्ने विषय निबन्धमा प्रस्तुत गरिएको छ । ‘फोस्ला’ शब्द निबन्धकारले आफैं निर्माण गरेका हुन् । यसको अर्थ दिने सन्दर्भमा शैक्षिक क्षेत्रभित्रका साथै मुलुकका विभिन्न क्षेत्रका विभिन्न विसङ्गतिलाई चिरफार गर्ने कार्य निबन्धकारले गरेका छन् । निबन्धमा कक्षाकोठामा पारिजातको ‘मैले नजन्माएको छोरो’ कथा पढाउने बेलाको सन्दर्भ ल्याँउदै जताततै राजनीतिक पार्टीहरू प्रतिबन्धित रहेका अवस्थामा फोस्ला प्रचार निकै भएको र त्यसका सदस्यहरू जुल्फे मुन्द्रे रहेको हास्य प्रसङ्ग छ । शून्यतामा केही खोज्नु, हल्लाखल्ला धेरै हुनु तर यथार्थमा केही नहुनु फोस्ला हो । स्वेच्छाचारी प्रवृत्ति फोस्ला सङ्गठनको मूलमन्त्र हो भन्ने वैचारिक चिन्तन निबन्धमा पाइन्छ । शैक्षिक विकृतिलाई केन्द्रविन्दु बनाएर विश्वविद्यालय र कलेजका विद्यार्थीहरूबीच बढेको छाडा तथा उच्श्रृङ्खल गतिविधि तथा अर्कातिर विश्वपरिप्रेक्ष्यमा हाम्रो मुलुकमा पछौटेपना र दुर्गतिको यथार्थ निबन्धमा प्रस्तुत गरिएको छ । |
| १०.प्रेमप्रसाद | प्रस्तुत निबन्ध यस सङ्ग्रहको क्रममा रहेको छ । बाह्र वटा अनुच्छेद र चारवटा पृष्ठमा निबन्धको संरचना भएको देखिन्छ । प्रस्तुत निबन्धमा प्रेमप्रसाद शोषक तथा उत्पीडक संस्कृतिको प्रतीकका रूपमा प्रस्तुत छ । अझ यो सत्ताको हिंस्रक प्रवृत्तिलाई प्रतीकात्मक अभिव्यञ्जनाका रूपमा प्रस्तुत गरिएको छ । निबन्धकारले सत्ताको आडमा जनतालाई सधैं |

| | |
|---|---|
| | दबाइराख्न चाहने शासकीय दुष्कृत्यलाई निबन्धको विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । जालझेल, छलकपट, तथा वैयक्तिक स्वार्थको दुर्गन्धित प्रवृत्तिलाई निबन्धमार्फत गरिएको देखिन्छ । लेखकले प्रेमप्रसाद नामक हात्ती मरेको प्रसङ्ग ल्याउँदै आफ्ना मामा पर्ने एवं पञ्चायती शासनकालीन भ्रष्ट खरिदार प्रेमप्रसादको ढोंगी, आडम्बरी र दोहोरो चरित्रलाई उदाङ्गो पार्ने कार्य गरिएको छ । प्रत्येक पटक हुने सत्ताको परिवर्तन केवल मुकुन्डो बदलिएको मात्र हो । हरेक प्रेमप्रसादहरू सत्तामा पुगेपछि निरङ्कुश बन्ने प्रवृत्ति अपरिवर्तनीय भइसकेको हुनाले यस्तो चिन्तन बोकेका र सत्ताका जडलाई निर्मूल नपारेसम्म हामी प्रेमप्रसादबाट शासित भइरहने छौं भन्ने चिन्तन निबन्धमा पाइन्छ । |
| ११.राजनीतिभित्रको पोलिटिक्स | प्रस्तुत निबन्ध यस सङ्ग्रहको एघारौं निबन्ध हो । नौ वटा अनुच्छेद र तीन पृष्ठमा यस निबन्धको संरचना निर्माण भएको पाइन्छ । राजनीतिज्ञहरूले पद र सेवाको दुरुपयोग गरेर जनतालाई आक्रान्त पारेको हुनाले आज राजनीति नै छलकपट, विश्वासघात, धोका जस्तो बद्नाम भएर नकारात्मक रूपले तानिन थालेको पक्षको उद्घाटन गरिएको छ । आमजनता राजनीतिमा समावेश भएको यस्तो कलङ्क हटाएर राजनीतिलाई जनसेवा राष्ट्रसेवा जस्तो मर्यादित स्थितिमा पुऱ्याउनुपर्ने विषय निबन्धमा प्रस्तुत गरिएको छ । सेवा गर्ने राजनीति जस्तो पवित्र कार्यक्षेत्रलाई बेइमान र स्वार्थी राजनेताहरूले सबैभन्दा तुच्छ र कलङ्कित क्षेत्रका रूपमा उभ्याएको यथार्थलाई निबन्धले अभिव्यक्ति गरेको देखिन्छ । कूटनैतिक ज्ञान नभएका जनताको मर्मप्रति संवेदनशील होइन अझ नुनचुक छर्कने घातक प्रवृत्तिको पर्दाफास भएको पाइन्छ । |
| १२.एउटा दुईवटा लिखा त जसका टाउकामा पनि हुन्छन् | प्रस्तुत निबन्ध यस सङ्ग्रहको बाहौं क्रममा रहेको छ । छवटा अनुच्छेद र तीन पृष्ठमा प्रस्तुत निबन्धले आकार प्राप्त गरेको देखिन्छ । निबन्धमा जुम्रालाई सामन्ती एवं परम्परागत शोषण प्रक्रिया तथा गरीबीको प्रतीक मानिएको छ । शोषण प्रक्रिया खास वर्गविशेषमा मात्र होइन सामन्यतः सबैमा धेरथोर रहेको छ भन्ने विचार निबन्धमा प्रस्तुत गरिएको छ । नेपाली जनजीवनमा देखापरेका रोग, भोक, अशिक्षा र अज्ञानको उद्घाटन निबन्धमा भएको छ । जुम्रा मुक्त बनाउनु प्रजातन्त्रको लक्ष्य हुनुपर्ने सन्देश निबन्धले दिएको छ । यसप्रकार निबन्धमा जुम्रा शक्तिले देश र जनतालाई कप्लक्कै खान लागेको संकेत गर्दै मनिसका मस्तिष्कभित्र रहेका कुविचाररूपी जुम्रा लिखाबाट मुक्तहुनुपर्ने आशय मुखरित गरिएको छ । |
| १३.घर | प्रस्तुत निबन्ध यस सङ्ग्रहको तेह्रौं निबन्ध हो भने यसको संरचना बाह्रवटा अनुच्छेद र पाँचवटा पृष्ठमा फैलिएको देखिन्छ । काठमाडौंमा घर बनाउने सपना बोकेका विशेषतः निम्नमध्यम वर्गीय व्यक्तिहरूका साझा पीडालाई समेट्न सफल अनुभव, अनुभूति र विचारको गहनतापूर्वक नितान्त यथार्थपरक विषयवस्तुलाई निबन्धले प्रस्तुत गरेको |

| | |
|---|---|
| | छ । कालो धन्दा, घुसखोरी, अमानवीय व्यापार आदिबाट पैसा सोहोर्नेहरूले मात्र घर बनाउन सक्ने विकट परिस्थितिको सृजना भएकाले त्यसबाट प्रपीडित जनवर्गको पीडालाई निबन्धमा प्रस्तुत गरिएको छ । |
| १४.तपाईंको नाम के हो ? | प्रस्तुत निबन्ध यस सङ्ग्रहको चौधौं निबन्ध हो । यसै निबन्धको शीर्षकबाट प्रस्तुत सङ्ग्रहको नामकरण गरिएको छ । समाजका समग्र विकृतिमाथि व्यङ्ग्यलाई विषयवस्तुको रूपमा निबन्धमा प्रस्तुत गरिएको छ । निबन्धमा अरूले नाम सोध्दा लेखकीय मनमा उत्पन्न भाव तरङ्गहरूलाई प्रस्तुत गरेको छ । यसमा  प्रशासन, राजनीति, व्यापार, शिक्षा आदि क्षेत्रमा छलबल र कलले नाम कमाउने प्रवृत्तिप्रति घुमाउरो पारामा प्रहार गरिएको छ अर्थात् व्यक्तिवचक मानवीय नामलाई आधार बनाई समसामयिक विकट र विसङ्गत परिस्थितिको पारदर्शी चित्र निबन्धमा उतारिएको छ । |
| १५.नेताको कोशगत अर्थ | प्रस्तुत निबन्ध यस सङ्ग्रहको पन्ध्रौं निबन्ध हो । यो निबन्ध चार वटा अनुच्छेद र तीन पृष्ठको लघु आकारमा संरचित भएको पाइन्छ । निबन्धमा आचरणका आधारमा नेताजस्तो पङ्गु, बदमास्, कुलाङ्गार, समाज र राष्ट्रघातीजस्तो सबैभन्दा ठूलो शत्रु, देशद्रोही कोही नभएको विषय उद्घाटन गरिएको छ । नेताहरूमा जन सेवाको भावना नआई जनशत्रु, बलात्कारी, व्यभिचारी, पथभ्रष्ट, हत्यारा, फटाहा, ठग, दुष्टसाबित हुन पुगेका छन् भन्ने विषय निबन्धमा प्रस्तुत गरिएको छ । विद्यार्थीदेखि डाक्टर, प्राध्यापक, कृषक, महिला, पुरुष जस्ता विविध क्षेत्रमा नेतागिरी फस्टाएको छ । महिला अधिकारको ठेक्का लिएको दाबी गर्ने सङ्गठन प्रमुख नेताहरूबाट पदको मर्यादापालन र सेवा प्रदान गर्नमा भन्दा नेतागिरीमार्फत विसङ्गतितर्फ डोऱ्याइएको छ भन्ने विषय निबन्धमा प्रस्तुत गरिएको छ । |
| १६.शिशु प्रजातन्त्र | प्रस्तुत निबन्ध यस सङ्ग्रहको सोह्रौं निबन्ध हो । प्रस्तुत निबन्ध दशवटा अनुच्छेद र चार पृष्ठमा संरचित भएको पाइन्छ । २०४० सालपछि प्रजातन्त्रलाई शिशु भन्ने तर सुधारका लागि कुनै प्रयत्न नगर्ने तत्कालीन नेतृत्वप्रति निबन्धकारले कसिलो व्यङ्ग्य प्रहार गरेका छन् । प्रजातन्त्रको शिशु अवस्थामा नै यसको घाँटी निमोठ्ने प्रयास हुँदै गरेको प्रतिगामी सोचलाई निबन्धकारले झापट् हानेका छन् । आर्थिक अभावका कारण पिल्सनु पर्दाको दूरावस्था र राजनैतिक विकृतिको सजीव चित्रण समेत उतार्ने कार्य निबन्धमा गरिएको छ । सामान्य जनताहरू परजीवी जस्तो शोषकबाट शोषित, स्वतन्त्रता र न्यूनतम मानवीय हकबाट बञ्छित छन् भन्ने वैचारिकता निबन्धमा प्रस्तुत गरिएको छ । |

## ५.१.२ भाषशैलीयविन्यास

रुद्र खरेलको **तपाईंको** नाम **के हो** हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहमा सङ्कलित निबन्धहरूमा सरल, सहज, र स्पष्ट भाषाशैलीको प्रयोग गरिएको देखिन्छ । सोह्रवटा निबन्धहरू मध्ये पन्ध्रवटा निबन्धहरूमा प्रथमपुरुषीय कथनपद्धतिको प्रयोगमा सिर्जना भएका छन् भने एउटा मात्र निबन्धमा तृतीयपुरुषीय कथनपद्धतिको प्रयोग गरिएको प्रस्तुत सङ्ग्रहका हास्यव्यङ्ग्य निबन्धहरूभित्र सरल, संयुक्त, तथा मिश्र तीनै किसिमका वाक्यहरूको समानुपातिक प्रयोग भएको भेटिन्छ । यथार्थ प्रस्तुतिका लागि कथ्य तथा क्षुद्र वाक्यको पनि प्रयोग देखिन्छ जस्तैः'यी यहाँ उभिन्छ बुझिस्' ।[77] त्यसैगरी तत्सम, तद्भव, तथा आगन्तुक तीनै किसिमका शब्दहरूको प्रयोग भएको देखिन्छ । जस्तैः अध्ययन, भाषण(पृ.२.), लक्ष्मी, गौरी (पृ.१६) निरङ्कुश (पृ.३१), प्रतीक (पृ.३५.),निर्वस्त्र (पृ.४१.) आदिको सार्थक प्रयोग भएको भेटिन्छ । निबन्धहरूमा प्रशस्त मात्रामा तद्भव शब्दहरूको प्रयोग भएको भेटिन्छ । जस्तै :बीउ(पृ.२), रोग,सेतो (पृ.४) लाखौं, राम्रो (पृ.४१) आदि । त्यसैगरी आगन्तुक शब्दहरूको प्रयोग समेत विषयवस्तु अनुसार सार्थक र समुचित देखिन्छ । एड्स (पृ.२)डाउन,फारसी (पृ.९) वाहियात ( पृ.२३), पार्टी (पृ.४१) पोलिटिक्स (पृ.४५) जस्ता धेरै आगन्तुक शब्दहरूको प्रयोगमा खरेलले निबन्धहरूमा पूर्णतया सचेतता अपनाएको देखिन्छ । आगन्तुक शब्दहरूको प्रयोगमा विशेषतः अङ्ग्रेजी शब्दहरूको प्रयोग गरेको भेटिन्छ । यसरी निबन्धहरूमा तीनै प्रकारका शब्दहरूको प्रयोग गरेको भएपनि अधिकांश निबन्धहरूमा तद्भव शब्दहरूको बाहुल्य देखिन्छ । निबन्धसङ्ग्रहभित्र नामको खाम (पृ.१७), कवाफ खाँदा फालेको हाड (पृ.१८), ढडु नाच (पृ.२१) आदि टुक्काहरूको प्रयोगले निबन्धहरू बढो रोचक, आकर्षक, प्रभावकारी बन्नपुगेको देखिन्छ । त्यसैगरी उपमामूलक र दृष्टान्तमूलक कथनले गर्दा निबन्धको भाषाशैली अत्यन्त सौन्दर्यपूर्ण बन्नपुगेको देखिन्छ । 'आफ्नो आङ्को भैंसा नदेख्ने अरूको आङ्को जुम्रा देख्ने' (पृ.५०) 'अगुल्टाले हानेको कुकुर बिजुली चम्कँदा तर्से झैं' (पृ.२६) जस्ता उखानहरूको प्रयोगले निबन्धहरू अत्यन्त कलात्मक बन्नपुगेका देखिन्छन् । ङ्यार्र (पृ.२४) भट्याक-भट्याक (पृ.२३) जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले निबन्धहरू अझ वजनदार बन्नपुगेका देखिन्छन् ।

यसप्रकार निबन्धहरूमा सरल, बोधगम्य, र साधरण पाठकले समेत बुझ्न सक्ने भाषाको प्रयोग भएको देखिन्छ । त्यसैगरी नाटकीय, विवरणात्मक, वर्णनात्मक, प्रतीकात्मक, तीव्र हास्यव्यङ्ग्यात्मक जस्ता विविध शैलीको प्रयोग निबन्धहरूमा भएको पाइन्छ । कतिपय सन्दर्भमा प्रयोग गरिएका दन्त्यकथाका प्रसङ्गले भाषाशैलीमा अझ रौनक र आकर्षकपना थपेको देखिन्छ ।

## ५.१.४ निष्कर्ष

छोटकरीमा 'तपाईंको नाम के हो ?' निबन्धसङ्ग्रहका निबन्हरू ६६ पृष्ठको लघु आकारमा रचना भएका एकै बसाँइमा बिना पट्यार पढेर सिध्याउने खालका छन् । सबै निबन्धहरूमा साधरण पाठकले बुझ्न सकने सरल, स्पष्ट र आकर्षक भाषाशैलीको प्रयोग गरिएको छ । खरेलको आरम्भिक सङ्ग्रहका रूपमा उपस्थित यसभित्र रहेका निबन्धात्मक रचनाहरूले उनको उज्वल भविष्यको रेखा कोर्न सक्षमता देखाउन सफल भएका देखिन्छन् । प्रगतिशील वैचारिक चिन्तनले ओतप्रोत यस सङ्ग्रहमा उनले काम नलाग्ने नेता, अबोध जनता,

77. रुद्र खरेल, **तपाईंको नाम के हो ?**, काठमाडौं, पाठ्यसामग्री प्रकाशन , घटस्थापना, (२०४९),पृ. ३ ।

जाली फटाहा, शिक्षा क्षेत्रमा व्याप्त नराम्रा पक्ष, मुलुकको बिग्रदों अवस्था, नेताको स्वार्थी प्रवृत्ति, आर्थिक दूरावस्था, सामन्ती राज्यसत्ता र यसका पक्षपोषकले गरेका अत्याचार, पञ्चायती अवस्थाको दमन र हत्या नीति, सामाजिक सांस्कृतिक क्षेत्रका विकृतिलाई विषयवस्तु बनाई निबन्ध सिर्जना गरेका छन् ।

## ५.२ 'तोरीलाहुरे चोकमा एकछिन' निबन्धसङ्ग्रहको विश्लेषण

### ५.२.१ परिचय

'तोरीलाहुरे चोकमा एकाछिन' रुद्र खरेलको २०५२ सालमा प्रकाशित दोस्रो व्यङ्ग्यात्मक निबन्धसङग्रह हो सिम्रिक रङ्गको पृष्ठ भएको यस निबन्धसङ्ग्रहको आवरण पृष्ठको अघिल्लो भागको सिरानमा केही ठूला सेता अक्षरमा सङ्ग्रहको नाम लेखिएको छ भने पुच्छारमा लेखकको नाम लेखिएको छ । आवरण पृष्ठमै एउटा मान्छेले केही थापेको तथा उसलाई अर्को मान्छेको हातमा रहेको हतियारले घोचिरहेको पूर्णरूपमा मूर्त नभएको चित्र देखिन्छ । दोस्रो पाताको सिरानमा सङ्ग्रहको नाम तथा तल्लो भागमा लेखकको नाम, प्रकाशक, प्रकाशनमिति, मूल्य, र सङ्ग्रह प्रकाशित हुँदा प्रकाशित भएका प्रतिहरूको विरणका विषयमा जानकारी दिने कार्य गरिएको पाइन्छ । २०५२ सालभरिमा नेपाली साहित्यमा प्रकाशित कृतिहरूमा उत्कृष्ट ठह-याई स्रष्टा प्रकाशनले 'कृष्णमणि साहित्य पुरस्कार'द्वरा यस सङ्ग्रहलाई सम्मानित गरेको थियो ।[78]

मध्यम आकारको यस कृतिमा२०५० सालदेखि २०५२ सालसम्म **कलम, इन्द्रणी, गरिमा** जस्ता पत्रपत्रिकामा छरिएर रहेका निबन्धहरू छन् भने कतिपय निबन्धहरू एकैचोटि यसै सङ्ग्रहमा सङ्ग्रहित हुनपुगेका छन् । जम्मा ६४ पृष्ठमा अटाइएका १७ वटा निबन्धहरू मध्ये भूमिकाको स्वरूप प्रदान गरिएको 'समवेदना' शीर्षकलाई निबन्धहरूकै सरह विषयसूचिमा समावेश गरिएको देखिन्छ । भूमिकामूलका भएपनि यसमा निहित व्यङ्ग्यात्मक पक्ष सशक्त देखिन्छ किनभने यसमा भूमिका लेखी शब्दका अर्थहरूको षड्यन्त्रपूर्ण हत्या गरिएको छ भन्ने निकै घुमाउरो किसिमले व्यङ्ग्य गरिएको छ । यसकारण यसले निबन्धात्मक स्वरूप प्राप्त गरेको छ भन्न सकिन्छ । प्रस्तुत निबन्धसङ्ग्रहका माध्यमबाट निबन्कारले राजनैतिक, सामाजिक, मानवीयव्यक्ति, सामन्त र शोषक, कानुनी आदि भित्र रहेका विकृति र विसङ्गति जस्ता कुरूप पक्षमाथि तीब्र व्यङ्ग्यात्मक अभिव्यक्ति दिने कार्य सम्पन्न गरिएको देखिन्छ ।

### ५.२.२ विषयवस्तु

| शीर्षक | विषयवस्तु |
|---|---|
| १.वासुदेव कृष्ण र गोवर्धन पहाड | प्रस्तुत निबन्ध यस सङ्ग्रहको प्रथम क्रममा रहेको निबन्धात्मक कृति हो । प्रस्तुत निबन्धको संरचना आठवटा अनुच्छेद र तीन पृष्ठको लमाइमा निर्माण भएको देखिन्छ । प्रस्तुत निबन्धमा भ्यागुताले आफूलाई उठाएको भन्ने प्रसङ्गबाट सिद्धान्तहीन, आस्थाहीन, विचारहीन व्यक्तिहरूको प्रवृत्तिलाई विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ ।[79] भ्यगुता र |

[78] रामचन्द्र फुयाँल, **पूर्ववत्** , पृ. ७२ ।

[79] = जगदीशचनद| भण्डारी, 'प्रगतिवादी नेपाली निबन्धपरम्परामा तोरीलाहुरे चोकमा एकछिन, **वेदना**( वषृ २३, अङ्क १, पृ. २२ ।

| | |
|---|---|
| | मन्त्रीबीच तादात्म्य देखाउने कार्य निबन्धमा गरिएको छ । आफ्नो स्थान बिर्सेर अरूको काँधमा चढेर ठूलो भएको र राष्ट्र नासेर आफू रमाउन चाहने देशद्रोहीहरूमाथि निबन्धले तीक्ष्ण प्रहार गरेको देखिन्छ । प्रस्तुत निबन्धले राजनीतिक विषयवस्तुलाई अन्तर्वस्तुका रूपमा प्रस्तुत गरेको छ । |
| २.तोरीलाहुरे चोकमा एकछिन | प्रस्तुत निबन्ध यस सङ्ग्रहको दोस्रो क्रममा रहेको छ । त्यसैगरी सङ्ग्रहकै नामकरण समेत यही शीर्षकबाट राखिएको छ । प्रस्तुत निबन्धको  आठवटा अनुच्छेद र तीन पृष्ठमा संरचना निर्माण भएको देखिन्छ । नेपाली समाजको यथार्थतालाई प्रस्तुत निबन्धले अन्तर्वस्तु बनाएको देखिन्छ । हाम्रो देशको अवस्था खत्तम हुँदै गएको र यो क्रमशः तोरीलहुरे चोकमा परिणत हुँदै गएको तथ्य प्रस्तुत गर्दै विविध कारणवश देशका रूपमा रहेको विषयवस्तु निबन्धकारले प्रस्तुत गरेका छन् । राष्ट्रिय स्वाधीनता र निष्पक्ष जनपहुँच पुग्ने कानुनीराजको मुलुकमा रत्तिभर नभएको विचार प्रस्तुत गरिएको छ । प्लाष्टिक मोडेल युवतीका रूपमा देशलाई उभ्याएर यसलाई नास्न चाहने प्रवृत्ति बोकेका देशद्रोहीहरूको खराब आचरणको प्रस्तुती निबन्धमा पाइन्छ । निबन्धकारले यो देश निर्गतिला खोक्रा र मोडेल मान्छेहरूको चोक बन्दै गएको प्रति खेद प्रकट गरेका छन् । |
| ३.मलुव खैनीको रजत जयन्ती | प्रस्तुत निबन्ध यस सङ्ग्रहको तेस्रो निबन्ध हो । नौ वटा अनुच्छेद र चार पृष्ठमा यस निबन्धको संरचना निर्माण भएको देखिन्छ । सामन्त र शोषक वर्गमाथि विशेष व्यङ्ग्य गर्ने विषयवस्तुमा निबन्ध अडिएको छ । निबन्धले सर्वसाधारणलाई लुट्ने सामूहिक औपनिवेशिक शोषक वर्गमाथि तिखो मुक्का निबन्धमा हानेको छ । प्रजातन्त्रको पुनःस्थापनापछि नेताहरूले समेत नातावाद, कृपावाद चाकडीको संस्कृतिलाई प्रश्रय दिएर मल्लिक आयोगको प्रतिवेदनलाई कार्यान्वयन नगरेको पक्षमाथि तीक्ष्ण वयङ्ग्य कसिएको छ । प्रगतिशील वैचारिकताका हिसाबबाट सवल देखिने प्रस्तुत निबन्धमा आफूसँगै जेलमा बसी दुःखका दिन गुजार्नेहरू जनताको आशामाथि तुषारापात गरी सामन्ती शैलीको जीवनपद्धति अगाँल्न थालेको आक्रोश निबन्धमा प्रस्तुत गरिएको छ । |
| ४.फास्नर | प्रस्तुत निबन्ध यस सङ्ग्रहको तेस्रो क्रममा रहेको छ । निबन्धले सोह्र वटा अनुच्छेद र तीन वटा पृष्ठमा संरचना प्राप्त गरेको छ । विश्वासघात, धोका र नाफामा आजको चिन्तन रुमल्लिएको पक्षलाई विषयवस्तुका रूपमा प्रस्तुत निबन्धमा प्रयोग गरिएको छ । सुरुवालको ठाँउ पेन्टले लिएपछि इँजारको प्रचलन हराएको र त्यसका स्थानमा फास्नरले लिएकोले लाज ढाक्ने काम यसैले गरेको विषय झिक्दै यथार्थ, आदर्श र कर्तव्य भुल्ने नेता, ठेकेदार, सात्यिकार, प्रोफेसर, कुर्सीवाल, व्यक्तिहरूले फास्नर लाएको छु भन्दै आफू सही रहेको कुरा गरेको कटु पक्षमाथि तीव्र प्रहार गरिएको छ । लाज मानिसको शरीरमा हुने होइन यो त अनुभूति र आशयमा हुन्छ भन्दै व्यङ्ग्य कसेका छन् । |

| | |
|---|---|
| | निबन्धकारले राज्यका विविध क्षेत्रका जिम्मेवार व्यक्तिहरू कहाँसम्म लाज सरम पचेका हुन्छन् भन्ने विषय नै निबन्धमा प्रकटीकरण गरिएको छ । |
| ५.अकर्मण्यताको निख्लो प्रचार | प्रस्तुत निबन्ध यस सङ्ग्रहको पाँचौ निबन्ध हो । यसको संरचना दश वटा अनुच्छेद र दुई पृष्ठमा भएको छ । अनवरत रूपमा कुनै कार्यमा खटिरहने सामान्य व्यक्ति सधैं उपेक्षित हुन्छ । उसको कार्यको वास्ता गरिदैन तर उच्च पहुँचमा पुगेका व्यक्तिहरूको निरर्थक कार्यको समेत ठूलो ठूलो चर्चा गरिने परिपाटीलाई निबन्धमा विषयवस्तु बनाइएको छ । आफ्नो दायित्व पूरा नगर्ने अल्छीहरू नै कसरी सञ्चार माध्यममा आइरहन्छन् भन्ने यथार्थलाई निबन्धले सङ्केत गरेको छ ।[80] उच्च र बौद्धिक व्यक्तिहरूको सम्मन तथा प्रशंसा हूदैन तर जो अल्छी त्यसको अकर्मण्यताले लामो समयसम्म चर्चाको माध्यम बनिरहन्छ पभन्ने कथ्यलाई निबन्धले लघु संरचनामा नै भएपनि कसिलो तरिकाले अभिव्यक्त गरेको देखिन्छ । त्यसैगरी निबन्धमा अवसरवादी मान्छेहरूको नाङ्गो चित्र समेत उद्घाटन गरिएको छ । |
| ६.जुत्ताको साँचो | प्रस्तुत निबन्ध यस सङ्ग्रहको छैटौं क्रममा रहेको छ । यस निबन्धको संरचना छ वटा अनुच्छेद र तीन पृष्ठमा भएको देखिन्छ । प्रत्यक पटक नौला देखिने सरकाररू केवल एउटै सत्ताको साँचो बनेका जुत्ता जस्तै हुन् भन्ने विषय प्रस्बतुत गरिएको छ । निबनधमा श्रीधर प्रतिनिधि पात्र बनेर देखापरेको छ । नेपालको प्रत्येक कालखण्डमा यस्ता प्रतिनिधि पात्रले सत्ताको बाग्डोर नसमातुन जेल आदर्शवादी र क्रान्तिकारी कुरागरेका तर सत्तामा आसीन भएमछि जनताका आशा, सपना र अवदानलाई बिर्सने कुरालाई निबन्धले बढो प्रभावकारिताका साथ व्यक्त गरेको छ । सत्तामा पुग्नुभन्दा पहिले नेताकोभाषणको गाँठी कुरो प्रजातान्त्रिक व्यख्या हुन्थ्यो तर पछि पुरानो परिपाटीमा परिवर्तन नआएको पक्षप्रति निबन्धले कडा प्रहार गरेको छ । पुराना श्रीधरहरूमा कुनै परिवर्तन नआएको र सामान्य जनताको आर्थिक अवस्था दयनीय बन्दै गएको यथार्थको अभिव्यञ्जना निबन्धमा भएको छ । |
| ७.च्वाँक इन्टर प्राइजेज | प्रस्तुत निबन्ध यस सङ्ग्रहको सातौं निबन्ध हो । यो निबन्ध छ वटा अनुच्छेद र तीन पृष्ठमा संरचित भएको पाइन्छ । भ्रष्टाचार गर्ने तरिका सिक्न सबैलाई 'च्वाँक इन्टरप्राइजेज'मा बोलाइएको बहानामा समग्र दूराचारी प्रवृत्तिप्रति तीक्ष्ण व्यङ्ग्य गर्ने विषय निबन्धमा प्रस्तुत गरिएको छ । देशलाई कङ्गाल बनाउने विभिन्न तहका विविध अनुहारका भ्रष्टाचारीहरूको कामकौशल र तिनका कृत्यको प्रकाटीकरण गर्दै तिनीहरूप्रति व्यङ्ग्य गरिएको छ । राष्ट्रका शिरदेखि पाउसम्मका हरेक व्यक्तिले गर्ने घृणित खालका भ्रष्ट आचरण गर्दा नै देश कङ्गाल बनेको र जनता पीडित भएको वैचाकितालाई निबन्धले प्रस्तुत गरेको छ । अस्पतालका प्रशासनिक हाकिमदेखि लिएर चिकित्सक,सेना र प्रहरीहरूका |

[80] जगत्प्रेक्षित, **पूर्ववत्** पृ. ८६ ।

| | |
|---|---|
| | हाकिम, सरकारी, वकिल, भन्सार तथा राजस्वका हाकिमरूको भ्रष्ट आचरणका साथै मुलुक लुट्ने व्यपारीहरूको क्रियाकलाप र राजनैतिक क्षेत्रमा देखिने क्षुद्रता, बेइमानीपन, आदर्शहीनता एवं सैद्धान्तिक भ्रष्टताको उद्घाटन निबन्धमा गरिएको छ । |
| ८. याल बुद्धिजीवी | प्रस्तुत निबन्ध यस सङ्ग्रहको आठौं निबन्ध हो । यस निबन्धको संरचना छ वटा अनुच्छेद र तीन पृष्ठको लमाइमा निर्माण भएको देखिन्छ । प्रस्तुत निबन्धमा स्वतन्त्रताको नाममा सर्वसाधारण जनताको अधिकार मिच्ने विषय प्रस्तुत गरिएको छ । याल घोडाको घाँटीमा हुने रौंको नाम हो जसले घोडाको सौन्दर्य बढाउँछ । निबन्धमा सामन्तवादी संस्कृतिप्रति चोटिलो प्रहार गर्दै सामन्तवादी सत्ता र शान्तिका यालका रूपमा रहेका बुद्धिजीवीको स्वाभावप्रति तीखो व्यङ्ग्य कसिएको छ । सामन्तहरू घोडाको यालका माध्यमबाट आफ्नो सान प्रदर्शन गदर्थे । अहिलेका चाकरीबाजहरू सत्ता र शक्तिका यल बनेका छन् । सर्वसाधारण जनता र प्राज्ञहरू पिछडिएको पिछडिएकै छन् भन्ने विषयवस्तुलाई प्रस्तुत गरिएको छ । यिनै यालका माध्यमबाट सत्तामा बसेका कुटिल नेताहरू यिनै याल समातेर अफ्नो रबाफ देखाइरहेका छन् र किशोरीहरूमाथि सत्ता र सरकारको आडमा यिनै याल बुद्धिजीवीहरूले यौनाचार गरिरहेका छन् भन्ने यथार्थलाई निबन्धकारले बढो रसिलो बनाएर प्रस्तुत गरेका छन् । शक्ति र सत्ताका पछाडि लाग्ने खल बुद्धिजीवीहरूलाई घोडाको यालका रूपमा प्रस्तुत गरेर प्रतीकात्मक प्रविधिको प्रयोग गरेर व्याङ्ग्यात्मक झटारो निबन्धमा हानिएको छ । |
| ९.चाट्नेहरूसँग | प्रस्तुत निबन्ध यस सङ्ग्रहको नवौं निबन्ध हो । सात वटा अनुच्छेद र तीन पृष्ठमा प्रस्तुत निबन्धको संरचना निर्माण भएको देखिन्छ । निबन्धमा प्रजातन्त्रको स्थापनापछि बाह्यरूपमा हेर्दा इमान्दार र भलाद्मी देखिने तथा मीठो बोलेर नजिकिन चाहनेहरू बढी डरलाग्दा र हानिकारक हुन्छन् भन्ने विषयवस्तु निबन्धमा प्रस्तुत गरिएको छ । बहुलाहा कुकुरको प्रवृत्तिसँग मान्छेको प्रवुत्ति तुलना गर्दै निबन्धकारले सुँध्नु, भुक्नु, टोक्नु, र चिथोर्नु राम्रो हो भनेका छन् ।[81] किनभने सामुन्ने पर्दा भद्र, नम्र र सहयोगी देखिने तर पछाडिबाट आक्रमण र विश्वासघात गर्छ । त्यसकारण चाट्नेभन्दा अहिले प्रजातान्त्रिक चटाई खतरा रहेको छ । यसले सर्वसाधारण जनताको बाँच्ने हक, अधिकार थाहा नपाई चाट्ने गरेको विषयवस्तुलाई प्रतीकात्मकताका साथ स्पष्ट पार्ने कार्य निबन्धमा गरिएको छ । यसरी नेपाली समाजमा प्रचलित कुत्सित प्रकृतिका साथै देशी विदेशी शोषणको क्रियाकलापलाई देखाइएको छ । नेपाली समाजमा व्याप्त जनद्वेशी मानिसहरू स्वाभाव र प्रवृत्तिप्रति तीव्र आलोचना निबन्धमा प्रस्तुत गरिएको देखिन्छ । |
| १०. भगवान वराह | प्रस्तुत निबन्ध यस सङ्ग्रहको दशौं स्थानमा रहेको छ । यस निबन्धको |

[81] जगदीशचन्द्र भण्डारी,पूर्ववत् ।

| | |
|---|---|
| अर्थात् खैरो सुँगुर | संरचना विस वटा अनुच्छेद र चार पृष्ठमा निर्माण भएको देखिन्छ । भ्रष्टाचार र अनैतिक कार्यमा तल्लीन रहेका नेपाली राजनैतिक क्षेत्रका नेतृत्वकर्ताहरूलाई निबन्धमा सुँगुरका रूपमा प्रस्तुत गरिएको छ । प्रजातन्त्र प्राप्त गर्ने सन्दर्भमा भएको आन्दोलनमा नेताहरूले जनताका घर-घरमा पुगेर सहयोग मागेको तथा जनताले समेत उनीहरूलाई जोगाउन मजबुत सहयोग र प्रजातन्त्रको प्राप्तिपछि तिनै नेता अतुलनीय योगदान पुऱ्याउने सर्वसाधारण जनतालाई उल्टै लात्ती हानी गल्लीको कुकुर सरह समेत नठानेको विषयलाई निबन्धले प्रस्तुत गरेको छ । पौरणिककालमा राक्षसबाट जनतालाई जोगाउने वराहरूप भगवानझैं आधुनिक समयमा सामन्ती राक्षसबाट जनतालाई जोगाउने बराहरूपको भगवान झैं आधुनिक समयमा सामन्ती राक्षसबाट जनतालाई साक्षात् ईश्वर मानेका नेताहरू पूर्णरूपमा फोहोर खस्रिने खैरो सुँगुर नै हुनपुगेको तीतो यथार्थ निबन्धमा प्रस्तुत गरिएको देखिन्छ । |
| ११.नरेन्द्रको आतङ्क | प्रस्तुत निबन्ध यस सङ्ग्रहको एघारौं क्रममा रहेको छ । पन्ध्र वटा अनुच्छेद र पाँच पृष्ठमा संरचित प्रस्तुत निबन्धमा आख्यनात्मक बान्किभित्र मुलुकका भ्रष्टाचारी, दूराचारी,व्यक्तिहरूलाई व्यङ्ग्य गर्ने विषय प्रस्तुत गरिएको छ । 'नरेन्द्र' नामक प्रतीकात्मक पात्र खडा गरी उसले सफलतापूर्वक सर्वसाधारण जनतालाई आफ्नो वशमा पारेको र आगङ्क सिर्जना गरेको कार्यको उल्लेख गरिएका छ । हरेक कालखण्डमा देखापर्ने नरेद्रहरूले सत्ता र शक्तिको आडमा सर्वसाधारण जनतामाथि क्रूर शासन गरेको र सत्तालाई जनदमन र आतङ्क सिर्जनाका लागि प्रयोग गएिको कुत्सित कार्यको विरोध निबन्धले गरेको देखिन्छ । सामन्तवादी सत्ताको परिपोषकका रूपमा नरेन्द्रको रहेको छ । २०४६सालको जन-आन्दोलनबाट नरेन्द्रहरूको पदच्युत भए जस्तो देखिएपनि प्रजनतन्तान्त्रिक परिपाटीमा निर्मित शासकहरूमा समेत परिवर्तन नआएको देखिएकाले नरेन्द्रहरूको आतङ्क यथावत् नै छ भन्ने धारणा निबन्धमा मुखरित भएको छ । |
| १२.प्रजातन्त्रको अभ्यास | प्रस्तुत निबन्ध यस सङ्ग्रहको बाह्रौं निबन्ध हो । यसको संरचना एक्काइस वटा अनुच्छेद र चार पृष्ठमा संरचित भएको देखिन्छ । बनभोज जाँदाको सानो घटनालाई विषयवस्तुको स्रोत बनाइएको प्रस्तुत निबन्धले बहुदलीय प्रजनतान्त्रिक व्यवस्थामा कसरी हरेक क्षेत्रमा कुत्सित विकृति र विसङ्गति निरन्तर प्रवेश भइरहेको छ भन्ने कुरा देखाइएको छ । प्रजातन्त्रकालीन समयमा समेत छाडा संस्कृतिको प्रवेश भएको पक्षप्रति तीक्ष्ण व्यङ्ग्य गरिएको छ । नारी अस्मितामाथि सशक्त तरिकाले आक्रमण भइरहेको छ । संवेदनशील अवस्थाप्रति प्रजनतान्त्रिक सरकारले केही नगरेको पक्ष उद्घाटन गरिएको छ । प्रजातन्त्रका संरक्षकहरू प्रजातन्त्रको भाषण छाँट्ने तर नारीहरूमाथि छाडा साँढे झैं जाइलाग्ने साँढे संस्कृतिलाई निबन्धले गतिलोसँग प्रहार गरेको छ । पूँजीवादी प्रजातन्त्रले जीवनका सुन्दरतम पक्षहरूलाई भाँचभुँच पारी मानवीय |

| | |
|---|---|
| | मूल्यरू र गरिमामाथि नै आघात पुऱ्याँउछ भन्ने सारलाई प्रतीकात्मकरूपमा देखाउँदै मानवताका पक्षपाती र मानवताविरोधीबीच रहेको द्वन्द्वलाई स्पष्ट पारिएको छ । [82] |
| १३.कानुनको आत्मसंस्मरण | प्रस्तुत निबन्ध यस सङ्ग्रहको तेह्रौं निबन्ध हो । प्रस्तुत निबन्धको संरचना चार पृष्ठको लमाइमा फैलिएको छ । निबन्धले कानुनी राज्यका नाममा कानुनमाथि नै अपराध भइरहेको प्रसङ्गलाई संवादात्मक शैलीमा प्रस्तुत गरिएको छ । निबन्धमा नेपाली नारीहरूको दारुणिक अवस्थाको चित्रण गरिएको छ ।[83] बलत्कार हत्या र बर्वरताले नारी अस्मितालाई माटोमा मिलाइएको यथार्थ कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । अपराधीले अपराध गरी उल्टै कानुनको धज्जी उडाइएको यथार्थ यसमा देखाइएको छ । चेलीबेटी बेचबिखन गरी हिड्ने वयक्तिहरू निर्धक्क विहार गरिरहेका छन् । तिनद्वारा विनाकारण गरिएको त्यस्तो कुत्सित कार्यको नेपाली कानुनले कुनै आवाज उठान गर्न नसकेको पक्षप्रति निबन्धले तीव्र रोष प्रकट गरेको देखिन्छ । |
| १४.खाली कुर्सी | प्रस्तुत निबन्ध यस सङ्ग्रहको चौधौं क्रममा रहेको छ । यसको संरचना बाह्र वटा अनुच्छेद र चार पृष्ठमा निर्माण भएको देखिन्छ । निबन्धमा कुर्सी पाएपछि आफूलाई हुने आनन्दबोध र कुर्सीका लागि मरिहत्ते गर्ने एवं नीचता प्रदर्शन गर्ने भीडहरूलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । केवल कुर्सीका लागि हुने गरेका खिचातानी, द्वन्द्व, नीचता र अन्तर्घातको जीवन्त चित्र उतार्ने कार्य निबन्धमा गरिएको छ । केवल कुर्सीका लागि मानिसले सबथोक त्यागदछ भन्ने सत्यको उद्घाटन यसमा गरिएको छ । आत्महीनताको महामारी र वेथितिको चर्चा समेत निबन्धकारले गरेका छन् । कुर्सीमा बस्न पाएपछि मात्रै आफूलाई उच्चताको बोध गर्ने गलत प्रवृत्तिप्रति निबन्धले घोर आक्रोष व्यक्त गरेको छ । |
| १५.आत्मालोचनाको मृत्युमा | प्रस्तुत निबन्ध यस सङ्ग्रहको पन्ध्रौं निबन्ध हो । तीन पृष्ठको फैलावटमा यस निबन्धको संरचना निर्माण भएको पाइन्छ । संवेदना हराउँदै आत्महीन जड हुनपुगेको आम जनमानसको प्रवृत्तिलाई निबन्धले विषयवस्तुको रूपमा प्रस्तुत गरेको छ । सांस्कृतिक दृष्टिबाट पतित र वैचारिक उच्च आदर्शबाट बिचलित भइसकेको जनसमुदाय र व्यक्तिहरूप्रति निबन्धले व्यङ्ग्य कसेको छ । जीवन्त विचार र सैद्धान्तिक आदर्श नभएकाले आत्मालोचना गर्नु भनेको भ्रम मात्र हो जसको कुनै अर्थ छैन भने "मृतात्मा"को सिनो छातीमा बोकेर आफ्नो इतिहासलाई नगदीकरण गर्ने बाटोमा लागेकाहरूप्रति निबन्धकारले विरोधीभाव प्रकट गरेका छन् । निबन्धमा आत्मा मरिसकेको मानिसहरूको आत्मालोचनाको कुनै अर्थ नरहने धारण व्यक्त गरिएको छ । |

[82] ऐजन ।
[83] ऐजन ।

| | |
|---|---|
| १६. जुँगे साहित्य जुँगे संस्कृति | प्रस्तुत निबन्ध यस सङ्ग्रहको सोह्रौं क्रममा रहेको छ । यसको संरचना पच्चीस वटा अनुच्छेद र छ पृष्ठको  लमाइमा अन्य निबन्धहरूको तुलनामा दीर्घ रहेको छ । प्रस्तुत निबन्धमा सामन्तवादी चिन्तन पद्धति, संस्कार र पुरुषको हैकम प्रवृत्तिबाट नारीहरू कसरी शोषित पीडित छन् भन्ने विषय निबन्धमा प्रस्तुत गरिएको छ । पितृसत्तात्मक समाजवादीव्यवस्थाका कारण नेपाली नारीहरू कसरी हेपिएका र थिच्चिएका छन् भन्ने विषयवस्तुलाई निबन्धमा प्रस्तुत गरिएको छ । आफूलाई अग्रगामी र प्रगतिशील भन्नेहरूले समेत नारीलाई दोहन गर्न पछि नपरेको तथ्यलाई बडो मार्मिकताका साथ व्यक्त गरिएको छ । निबन्धमा त्यस्ता प्रगतिशील भनाउँदाहरूले समेत नारीलाई हेप्ने खालको जुँगे साहित्य लेखेको प्रति निबन्धकारको आक्रोश प्रकटीकृत भएको पाइन्छ । जुँगालाई सामन्तवादी सोचको प्रतीकका रूपमा अगाडि सार्दै जुँगे सरकार र साहित्यको तीव्र आलोचना गर्ने कार्य निबन्धमा गरिएको छ । निरीह नेपाली साहित्यमा स्थापित स्रष्टाहरूले समेत नारी जातिलाई हेप्ने कार्य गरेको कुरा उनीहरूका रचनका उनीहरूका रचनाका उद्धरण प्रयोग गरेर स्पष्ट पार्ने कार्य गरिएको छ । नैतिक रूपमा उनीहरू त्यही जुँगेको जेलमा छन् भन्ने विषयलाई बढो प्रभावकारिताका साथ अघि सार्ने काम निबन्धमा गरिएको पाइन्छ । |
| १७.भ्यागुतो हुनुको वास्तविकता | प्रस्तुत निबन्ध यस सङ्ग्रहको अन्तिम निबन्ध हो । यसको संरचना बाह्र वटा अनुच्छेद र चार पृष्ठमा निमाँण भएको देखिन्छ । मान्छेको विकासक्रम भ्यगुताको विकाससँगै भएको तथ्य प्रस्तुत गर्दै मान्छेको अवसरवादी चरित्रका कारण उसले वास्तविकरूपमा भ्यागुताको स्वरूप प्राप्त गरेको छ भन्ने विषयवस्तुको सेरोफेरोमा प्रस्तुत निबन्ध संरचित भएको देखिन्छ । प्रगति र मानवजीवनको उच्च आदर्श विरुद्ध जीवनद्वेषी संस्कृतिको काँचो लाठो लिएर मान्छेले आफ्नो परिचय भनेर दिएपनि तिनीहरूको वास्तविकता भनेको भ्यागुता हुनु नै हो भन्ने विषय निबन्धमा प्रस्तुत गरिएको छ । यस्ता भ्यगुताहरूले दुर्गन्धित परिवेशमा बसेर सुन्दर, शान्त र सुखि नेपालको सपना देखिरहेको समसामयिक विषयलाई  निबन्धमा प्रस्तुत गरिएको छ ।  एउटा आहालबाट अर्को आहालमा बुर्लुक्क उफ्रेर पुग्ने भ्यागुतो र मूलप्रवाह, मातृसंस्था जस्ता शब्दका सहारामा एउटा अहालबाट अर्को अहालमा हाम फाल्ने र आफ्नो स्वार्थ सिद्ध गर्नेहरूको प्रवृत्तिलाई देखाउँदै नवप्रवेशीहरूको बीचमा तात्विक अन्तर नभएको तथ्यका साथै पूँजीवादी व्यवस्थामा सरकारको निमाँण र ध्वंसमा त्यस्ता अवसरवादीहरूको प्रवल भूमिका हुने कुरा निर्विवाद छ भन्ने विषयवस्तु निबन्धमा प्रस्तुत गरिएको छ । |

## ५.२.३ भाषशैलीयविन्यास

'तोरीलाहुरे चोकमा एकछिन' निबन्धसङ्ग्रहमा सङ्ग्रहित निबन्धहरूमा भाषशैलीका दृष्टिले प्रायः सामान्य पाठकले बुझ्ने सरल, सहज, बोधगम्य र कथ्य शब्दहरूको प्रयोग भएको

भएपनि प्रतीकात्मक र व्याङ्ग्यात्मक अर्थमा विभिन्न पद तथा पदावलीको प्रयोगले निबन्धलाई अर्थपूर्ण र आलङ्कारिक बनाएको देखिन्छ । उनले सबैजसो निबन्धमा आफ्नो जीवनदृष्टि प्रस्तुत गर्नका लागि विभिन्न क्षेत्रबाट परम्परित र कतिपय नवीन बिम्ब तथा प्रतीकको समेत प्रयोग गरेका छन् । वस्तुगत जगत्को विश्लेषण गर्ने सन्दर्भमा निबन्धहरूलाई अझ वजनदार बनाउनका लागि परम्परामा प्रचलित सहज लेखन भन्दा भिन्न ध्वन्यात्मक लेखनशैलीको प्रयोग समेत कतिपय निबन्धमा देखापर्दछ । कतिपय शब्दलाई विशेष अर्थमा प्रयोग गरी व्यङ्ग्यको रङ्गलाई गाढा बनाएको पाइन्छ । सरल, संयुक्त र मिश्र तीनै प्रकारका बाक्यहरूको प्रयोग गरिएको देखिन्छ । त्यसैगरी तत्सम, तद्भव, आगन्तुक तीनै प्रकारका शब्दभण्डारबाट शब्द चयन गरी निबन्ध सिर्जना गरेका भएपनि तद्भव शब्दहरूको प्रयोग बढी र केही मात्रामा अरबी र फारसी शब्दहरूको समेत प्रयोग पाईन्छ ।

निबन्धङ्ग्रहमा प्रशस्त तत्सम शब्दहरू जस्तै : मेरुदण्ड (पृ.१), प्रतिमान (पृ.५), शान्त र सुन्दर (पृ.३८), करूणानिधान (पृ.४७) आदि सार्थक शब्दहरूको प्रयोग पाइन्छ भने तद्भव शब्दहरूमा आधा (पृ.१), जिँउदो (पृ.४), ठूलो (पृ.२४), माझ (पृ.२७) ओठ (५४), सपना (पृ.५७) आदि शब्दहरूको प्रयोग देखिन्छ ।  त्यसैगरी आगन्तुक शब्दहरूमा मोडेल, आवाद (पृ.६), प्राइवेट (पृ.२०) कुर्सी (पृ.४७), पालिस (पृ.४७) कमरेड (पृ.५४) आदि शब्दहरूको प्रयोग पाइन्छ । 'आक्कल', 'झुक्कल', 'ङिच्च', जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले निबन्धहरू बढी रोचक, आकर्षक, प्रभावकारी र व्यङ्ग्यात्मक बन्न पुगेका छन् । 'जोगीलाई भैंसीको डर भैंसीलाई जोगीको डर' (पृ.३७) 'जुन गोरुको सिङ् छैन उसको तीखे' (पृ.५२), 'जुत्ताको साँचो' ( पृ. ) 'बूढो भैंसीको छाला' (पृ.१९) 'भाषण भनेको पानी तुर्क्याउनु' (पृ.१७) आदि उखान-टुक्का तथा मनोहर पदावलीहरूको प्रयोगले निबन्धहरू झन कलात्मक बन्न पुगेका छन् । उनले 'प्रजातन्त्रको अभ्यास' निबन्धमा कवितात्मक पंक्ति सृजना गरेका छन् भने 'जुँगे संस्कृति जुँगे साहित्य' निबन्धमा भूपि लगायत चारजना लेखकहरूका गद्य तथा पद्यका केही अंशहरूको समेत प्रयोग गरेका छन् ।

यसप्रकार उनले निबन्धमा काव्यात्मक भाषाको प्रयोग गरेका छन् भने कुनै निबन्धमा स्वैरकल्पनात्मक शैलीको सहारासमेत लिएका देखिन्छ । स्वैरकल्पनात्मकताभित्र यथार्थको सम्यक् प्रस्तुतिले निबन्धलाई झन् कलात्मक बनाएको पाइन्छ । आलङ्कारिक प्रतीकात्मक भाषा तथा व्यङ्ग्यात्मक र वर्णनात्मक शैलीको प्रयोगमा निबन्धहरू निकै सुललित र कलात्मक भएका छन् ।

## ५.२.४ निष्कर्ष

प्रस्तुत निबन्धसङ्ग्रहमा जम्मा सत्र वटा निबन्धहरू प्रयुक्त भएको पाइन्छ र ती सम्पूर्ण निबन्धहरू लघु प्रकृतिका छन् । प्रस्तुत सङ्ग्रहका निबन्धहरूले विशेषतः उनको निबन्धकारितामा आर्थिक, सामजिक, सांस्कृतिक विषमताप्रति व्यङ्ग्यात्मक स्वर मुखरित गरेका छन् । त्यसैगरी सामाजिक तथा पौराणिक बिम्बको प्रयोगका साथ कतिपय मौलिक बिम्ब, प्रतीक तथा उखान-टुक्काको नवनिर्माण गरी विषयवस्तुलाई अझ वजनदार समेत निबन्धकारले बनाएको देखिन्छ । दोस्रो चरणको आरम्भ गर्न सक्षम प्रस्तुत निबन्धसङ्ग्रहले विशेषतः सामन्ती पूँजीवादी शासनव्यवस्थाद्वरा सिर्जित उत्पीडनमय अवस्थाको अङ्कन गरेका छन् । ऐतिहासिकरूपमा पथ विचलित हँदै गएको पूँजीवादी-संशोधनवादी शक्तिप्रति तीव्र विरोधीभाव व्यञ्जनात्मक रूपमा मुखरित भएको पाइन्छ । भाषाशैलीका दृष्टिले सम्पूर्णजसो निबन्धमा

सामान्य पठित व्यक्तिले बुझ्ने सरल, बोधगम्य र कथ्य शब्दहरूको समेत प्रयोग भएको पाइएपनि प्रतीकात्मक र व्यङ्ग्यात्मक अर्थमा विभिन्न पद तथा पदावलीको प्रयोगले निबन्धलाई आलङ्कारिक बनाएको पाइन्छ ।

## ५.३ 'बिर्सिस्यो कि ?' निबन्धसङ्ग्रहको विश्लेषण

### ५.३.१ परिचय

'बिर्सिस्यो कि ?'(२०५७) रुद्र खरेलका जम्मा छ वटा निबन्धसङ्ग्रहहरूमध्ये तेस्रो निबन्धसङ्ग्रह हो । सिर्जनशील प्रकाशन प्रा.लि.मैतिदेवी, कठमाडौंद्वरा प्रकाशित जम्मा सन्ताउन्न वटा पृष्ठमा संरचित प्रस्तुत निबन्धसङ्ग्रहमा १६ वटा निबन्धहरू अटाइएका छन् । सेतो पृष्ठ भएको कागज देखिने प्रस्तुत सङ्ग्रहको आवरण पृष्ठमा खैरो, पहेंलो र कलेजो रङ्गमा रहेको अमूर्त चित्रको प्रयोग गरिएको देखिन्छ । आवरणको माथिल्लो भागमा 'बिर्सिस्यो कि ?' लेखिएको छ र पुच्छारको दाँया भागमा लेखकको नाम लेखिएको छ । दोस्रो पाताको अघिल्लो भागको सिरानमा निबन्धको शीर्षक र ठीक यसमनि कोष्ठचिन्हभित्र साना अक्षरमा 'व्यङ्ग्य निबन्धसङ्ग्रह' लेखिएको छ । मध्यभागमा लेखकको नाम र तल्लो भागमा प्रकाशनको नाम लेखिएको छ । यसको पछि कृति, लेखक, आवरण, प्रकाशक, मिति, मुद्रणको विवरण दिइएको छ भने यसभन्दा पछिल्लो पातामा विषयसूचीका बारेमा जानकारी दिइएको छ । निबन्धसङ्ग्रहको पछिल्लो भागमा निनु चापागाई, गङ्गाप्रसाद उप्रेती, नरेन्द्र चापागाई, राजेन्द्र सुवेदी, शक्तिलम्साल, जगदीश्चन्द्र भण्डारी, ताराकन्त पाण्डेयले विभिन्न पुस्तक र पत्रपत्रिकामा खरेलका हास्यव्यङ्ग्य निबन्धकारिताका विषयमा व्यक्त गरेका धारणाहरूको अंश प्रस्तुत गरिएको देखिन्छ ।

व्यङ्ग्यात्मक निबन्धसङ्ग्रहका रूपमा उल्लेख गरिएको प्रस्तुत सङ्ग्रहमा २०५३ सालदेखि २०५७ सालसम्म **समकालीन साहित्य, जनमत, इन्द्रेणी, कान्तिपुर** जस्ता पत्रिकाहरूमा प्रकाशित निबन्धहरू सङ्कलित छन् भने कतिपय एकैचोटि यस सङ्ग्रहमा सङ्कलित हुनपुगेका छन् । यसमा जम्मा १६ वटा निबन्धहरू १ पृष्ठदेखि ५७ पृष्ठमा अटाइएका छन् भने आमुखका रूपमा 'बाक्लो छालालाई मट्याङ्ग्राले नछुँदाको पीडा' शीर्षकको लेख राखिएको छ । यसमा व्यङ्ग्यात्मक पक्ष सशक्त भएको हुनाले निबन्धात्मक स्वरूप प्राप्त गरेको छ भन्नसकिन्छ । २०५७ सालको बर्खे अधिवेशन सकिएको दिन कोटेश्वरमा बसेर लेखिएको भन्ने जानकारी समेत दिइएको यसमा राष्ट्रका सीमा-समस्यादेखि लिएर अधिकार, बाँच्ने स्वतन्त्रता सम्बन्धी मौलिक हक समेत हरण गर्न तम्सने भ्रष्टाचारी, दूराचारी र पतित व्यक्तिहरूमथि कसिलो वयङ्ग्य प्रहार गरिएको छ । साहित्यिक, बैद्धिक, सांस्कृतिक, लैङ्गिक आदि क्षेत्रमा भित्रिएका असमानता, अन्याय, अत्याचार जस्ता पक्षमाथि सशक्त तरिकाले व्यङ्ग्य हान्ने काम यस निबन्धसङ्ग्रहमार्फत भएको देखिन्छ ।

### ५.३.२ विषयवस्तु

| शीर्षक | विषयवस्तु |
|---|---|
| १.साहित्य र जाँड | प्रस्तुत निबन्ध यस सङ्ग्रहको प्रथम निबन्ध हो । यसको संरचना चौध वटा अनुच्छेद र चार वटा पृष्ठमा निर्माण भएको देखिन्छ । साहित्यमा जाँडको संस्कारले गाँज्दै लगेको पक्षलाई विषयवस्तुको रूपमा निबन्धकारले प्रस्तुत गरेका छन् । साहित्य जस्तो पवित्र क्षेत्रमा |

| | |
|---|---|
| | जाँडसंस्कृतिले प्रवेश पएको चर्चा गर्दै साहित्य र जाँडको अन्तर्सम्बन्ध खुट्याउने क्रममा निबन्धकारले जाँडजन्य संस्कारको विकृतिले मुलुकका हरेक क्षेत्रमा पार्दै गरेको नराम्रो असरको चित्रण गरेका छन् । जाँड साहित्यमा र साहित्यमा जाँडको अविच्छिन्न उपस्थिति देखेर लेखिएको प्रस्तुत रचनाले सात्यिलाई मनोरञ्जनको साधन मान्ने स्वान्तः सुखायवादीहरूलाई निबन्धमा हिर्काइएको छ ।[84] जाँडले साहित्यका क्षेत्रमा मात्र होइन अन्य क्षेत्रमा समेत नराम्रो असर पारेको छ भन्ने कुरा व्यक्त गरिएको छ । मुलुकको प्रशासन, राजनीति, लुड्याउने कामको चाँजो पाँजो मिलाउने कार्यको अनौपचारिक अड्डा भट्टी पसल नै भएको पक्षप्रति कडा प्रहार गरिएको छ । यसप्रकार निबन्धमा जाँड जस्तो तुच्छ वस्तु साहित्यमा हाबी भएको र यसले नै देशको समग्र पक्ष हाँक्न पुगेको विषयवस्तु प्रस्तुत निबन्धमा गरिएको पाइन्छ । |
| २.सारीको हावा | प्रस्तुत निबन्ध यस सङ्ग्रहको दोस्रो स्थानमा रहेको छ । यसको संरचना सोह्र वटा अनुच्छेद र तीन पृष्ठमा भएको छ । सार्वभौमरूपमा प्राप्त गर्नुपर्ने अधिकारबाट महिलालाई बञ्चित गर्ने प्रमुख कारक पितृसत्तात्मक सोच भएको र असमानता, अपमान, शोषण, निन्दा, नारीले पाइला पाइलामा खेप्नुपरेको विषयवस्तु निबन्धमा प्रस्तुत गरिएको छ । सारीले नछोएको हावा संसारमै छैन भन्दै हामीले धर्तीमा लेख्नुभन्दा अघि सारीको थाङ्ना टेकेको तथ्य निबन्धमा प्रस्तुत गरिएको छ । निबन्धमा सारीको हावाको चर्चा झिकेर सवाल सारीको होइन नारीको हो भन्दै नारीको निन्दा गर्नु भनेको सिर्जनाको निन्दा गर्नु हो भन्ने चर्चा निबन्धमा पाइन्छ । नारीहरूमाथि पुरुषले गरेको हैकम तथा एक्काइसौं शताब्दीको युगमा समेत दुर्योधन र दुःशासनहरूले नारीहरूलाई हरपल कसरत गरिरहेको प्रसङ्ग झिकेर नारीहरूको सम्मान हुनुपर्ने विषयप्रति निबन्धले जोड दिएको छ । |
| ३.भ्यालेन्स टाइन्डे | प्रस्तुत निबन्ध यस सङ्ग्रहको तेस्रो स्थानमा रहेको छ । यसको संरचना तेह्र वटा अनुच्छेद र तीन पृष्ठको लमाइमा संरचित छ । प्रस्तुत निबन्धमा पाश्चात्य संस्कृति र शिक्षाले नेपाली संस्कृति र राजनैतिक पक्षमाथि नराम्रो असर पारिरहेको छ भन्ने विषयवस्तु प्रस्तुत गरिएको छ । राजनैति क्षेत्रमा भित्रिएका नराम्रा कुत्सित विकृतिको मिसावटमा विशेषतः सांस्कृतिक विकृति र विसङ्गतिको भण्डाफोर गर्ने व्यङ्ग्य निबन्धमा वजनदार भएर देखापरेको छ । फागुन ७ गते टुँडिखेलमा रमिता हेर्ने सामान्य जनतालाई लोकतन्त्र भनेको बल, बुट, बन्दुक, तोपका साथ सैनिकले खेलेको परेड भएको छ भन्दै प्रजातन्त्रका बारेमा सर्वसाधारण जनता अनभिज्ञ रहेको तथ्य उद्घाटन गर्दै गरेको गलत यौन संसर्ग र पैसामा नैतिकता बेच्ने दुष्कृत्यको भण्डाफोर निबन्धमा गरिएको छ । ठेट नेपाली संस्कृति विलीन हुन नदिन सबैले सोच्नुपर्ने कुरा औंल्याउने कार्य |

[84] = विष्णु प्रभात, 'बिर्सिस्यो कि हास्यहीन व्यङ्ग्य', **वेदना** ( काठमाडौं : वषृ ५, अङ्क ७, २०६५ कात्तिक) पृ.५१ ।

| | |
|---|---|
| | समेत भएको छ । नेपालीहरूको आफ्नो संस्कृति छ । त्यसको संरक्षणमा लाग्नुपर्ने तथा पाश्चात्य जगत्बाट भित्रिएका गलत प्रवृत्तिको निषेध गर्नुपर्ने अभिव्यञ्जना निबन्धमा प्रस्तुत गरिएको छ । |
| ४.बिर्सिस्यो कि ? | प्रस्तुत निबन्ध यस सङ्ग्रहको चौथो क्रममा रहेको छ । यस सङ्ग्रहको नाम समेत प्रस्तुत निबन्धको शीर्षकबाट राखिएको छ। बिर्सनु मानवीय कमजोरी मानिन्छ तर वर्तमान समयमा बिर्सनुको इच्छा र आशय छ भन्दै नेता, साहित्यकार, पत्रकार, कलाकार सबैमा स्वार्थले गर्दा बिसर्ने रोगले ग्रस्त पारेको विषय निबन्धमा प्रस्तुत गरिएको छ । सामान्य कमजोरीका रूपमा बिर्साइ र प्रयोजनमूलक ढङ्गले बिर्सिएको स्वाङ् पार्ने बिर्साइबीचको अन्तरसँगै बाटो बिर्सने र माटो बिर्सनेहरूप्रति व्यङ्ग्य हानिएको छ ।[85] खरेलले निबन्धमा इच्छापूर्वक बिर्सनुमा षड्यन्त्र र दूराशय, हुन्छ भन्दै बिर्सने कार्यमा प्रवृत्त व्यक्तिहरूप्रति कडा झापट् हानिएको छ । मूल्य, आदर्श, आश्वासन र सामान्य नैतिकता समेत बिर्सने कार्यमा प्रवृत्त भएर भत्किन लागेको प्रति निबन्धकारको व्यङ्ग्योक्ति छ । शिक्षक, पाध्यापकहरूले समेत बिर्सने प्रवृत्ति अनुसरण गरेर शैक्षिक क्षेत्रमा समेत विकृति र विसङ्गतिले प्रवेश गरेको प्रति चिन्ता प्रकट गरिएको छ । समाजमा बिर्सुवाहरूको भीडले व्याप्त अस्तव्यस्तता र मुलुकको डामाडोल स्थितिको कारकतत्व जानिजानि बिर्सनेहरूलाई व्यङ्ग्य गर्न समेत निबन्ध सशक्त बनेको देखिन्छ । |
| ५.आयो हल्लाउँदै झमझम इस्टकोट | प्रस्तुत निबन्ध यस सङ्ग्रहको पाँचौ क्रममा रहेको छ । प्रस्तुत निबन्धमा एघार वटा अनुच्छेद र तीन पृष्ठमा संरचित भएको देखिन्छ । नुनको समस्याले ग्रसित बनेका सर्वसाधारण जनताका पक्षमा जोडदिएको प्रस्तुत निबन्धमा सुनको सङ्ग्रह गरेर अनेक रबाफ देखाउनेहरूप्रति कडा व्यङ्ग्य प्रहार गरिएको छ । वेइमानी र लुटका लागि इमान्दारिताको कोट भिर्नेहरूमाथि प्रहार गर्दै हाम्रो देशको उद्योग, व्यापार, सञ्चार, बजार, साँधसीमाना, स्वतन्त्रता, नदीनाला, प्राकृतिक स्रोत र विद्युत उर्जा पनि विदेशले हल्लाइरहेको यथार्थता प्रस्तुत गरिएको छ । गीतको एउटा पङ्क्तिबाट शीर्षक लिइएको यस निबन्धले राष्ट्रियता, स्वधीनता, अस्तित्वमाथि शून्यता भित्रिएको पक्षप्रति निबन्धले प्रहार गर्दै नेपालको स्वतन्त्रतादेखि सार्वभौमिकता अरूले नै चलाउने गरेको वर्तमान यथार्थको राम्रो तस्वीर निबन्धमा विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । |
| ६.भालेको डाकको प्रतीक्षामा | प्रस्तुत निबन्ध यस सङ्ग्रहको छैटौं क्रममा रहेको छ । यसको संरचना एघार वटा अनुच्छेद र तीन पृष्ठमा निर्माण भएको देखिन्छ । निबन्धमा प्रजातन्त्र अघि जनसमूदायले परिवर्तनको ठूलो आशा गरेका तर नेताहरूले प्रजातन्त्रको आगमन पश्चात् स्वार्थमा लिप्त भएर जनतालाई उपेक्षा गरेको यथार्थको अभिव्यञ्जना प्रतीकात्मक शैलीमा व्यक्त गरिएको छ । प्रजातन्त्र अघि क्रान्तिकारी र परिवर्तनकारी देखिएका नेताहरू प्रजातन्त्र |

[85] ऐजन ।

| | |
|---|---|
| | प्राप्तिपछि सुधारवादीमा परिणत भएको तथ्य निबन्धमा विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । प्रजातन्त्र अघि उनीहरू जसरी बास्थे तर प्रजातन्त्रको आगमनपछि नबास्ने भाले भएको र वैलरको उपमान प्राप्त गरेको तथ्य प्रस्तुत गरेर रिङ्गाउने खालको व्यङ्ग्य कसेका छन् । भाले नबास्ने मात्र होइन प्रजातन्त्र अघि र पछिको आहारमा समेत परिवर्तन भएको र सामान्य वर्गले प्रयोग गर्ने भन्दा माथिको सुविधा प्रयोग गर्दै समाजवादी व्यख्या गर्ने प्रति समेत तीखो व्यङ्ग्यात्मक अभिव्यक्ति छ । चिसो जेलको खोरभित्र भेटिने यी भालेहरू प्रजातन्त्रको प्राप्तिपछि करोडको मूल्य पर्ने पँजेराभित्र भेटिन थालेका विषय प्रस्तुत गर्दै नेपालमा पुनः सशक्त क्रान्तिको आवश्यकता औंल्याउने कार्य निबन्धमा गरिएको छ । |
| ७.सुनको चुराले | प्रस्तुत निबन्ध यस सङ्ग्रहको सातौं क्रममा रहेको छ । प्रस्तुत निबन्ध सत्रवटा अनुच्छेद र पाँच पृष्ठमा संरचित छ भएको देखिन्छ र भौतिक सम्पत्तिमा राल काढ्ने र त्यसैमा मरिहत्ते गर्नेहरूलाई व्यङ्ग्यको फ्रीरले खिपेर उधिन्ने काम गरिएको छ । प्रगतिशीलताको कुरागर्ने तर व्यवहार सो अनुरूप नभएकाहरूको दरीद्र मानसिकतामाथि भीषण व्यङ्ग्य कस्ने कार्य गरिएको छ । सामन्ती संस्कृतिको धन सञ्चय गराउने पदार्थ सुनले संसार पिटेको छ । यही सुन प्रदर्शन गर्ने सामान एवं संस्कृति र यसबाट प्रताडित आफू र आफ्नो परिवारको अवस्थाको चित्रण निबन्धकारले यस निबन्धमा गरेका छन् र सुन मध्यम वर्गीय व्यक्तिहरूका लागि उल्लेखनीय वस्तु बन्दै गएको र चिन्तनको चुरो बनेको, संस्कृतिको निर्णायक तत्व भएको कुरा निबन्धमा प्रस्तुत गरिएको छ । मारिच राक्षेसको सुनको सिङ्को चमकले आजका सीताहरू समेत आकर्षित भएका खराब पक्षप्रति तीक्ष्ण प्रहार गरिएको छ । हाम्रो समाजले पुस्तकलाई धन नमान्ने तर सुनलाई धन मान्ने प्रवृत्ति जस्तो नकारात्मक सोचको विकास गरेको पक्षप्रति निबन्धकारको तीव्र वीरोध छ भने निबन्धमा विद्रोही नारी योगमायादेखि अमर गिरी सम्मका कविताका अंशहरू समावेश गरेर सुन संस्कृतिको धज्जी उडाउने कार्य गरिएको छ । |
| ८.भोजन र प्रेम | प्रस्तुत निबन्ध यस सङ्ग्रहको आठौं निबन्ध हो । सत्र वटा अनुच्छेद र चार पृष्ठको लमाइमा प्रस्तुत निबन्धको संरचना फैलिएको छ । गिद्ध, सर्प, बिरालो आदि हिंस्रक विषालु प्राणीका आ-आफ्ना भोजन छन् र ती प्रत्येकले आफ्नो भोजनको औधी प्रेम गर्छन् भन्ने पक्षलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ । प्राण नआउन्जेलसम्म सङ्घर्ष गर्ने निरीह प्राणीलाई मारेर खाने हिस्रक जनावरहरूले जस्तै सामन्तहरूले श्रमजीवीहरूलाई सताइरहेका छन् । साँध-सीमाना मिच्ने र फाइदाका लागि एउटा छिमेकीले अर्को छिमेकीलाई सर्प जस्तै दाँत गाडिदिने, शक्तिसम्पन्न र साम्राज्यवादी शक्तिहरूले कमजोर मुलुकमाथि हस्तक्षेप र आक्रमण गरेर भोजन बनाउनेहरूमाथि व्यङ्ग्यात्मक अभिव्यक्ति निबन्धमा प्रस्तुत गरिएको छ । शोसक र शोसित, सामाजिक वर्ग-अन्तरको परिणति |

| | |
|---|---|
| | र बिडम्बनाले उत्पन्न करुण क्रन्दनबाट मुक्ति पाउन कैयौं बाघहरूसँग भीषण सङ्घर्ष गर्नै पर्ने वैचारिकता निबन्धमा प्रस्तुत गरिएको छ । |
| ९.विल्टुवाहरूको भीडमा उभिँदा | प्रस्तुत निबन्ध यस सङ्ग्रहको नवौं क्रममा रहेको छ । पन्ध्रवटा अनुच्छेद र छ पृष्ठमा संरचित प्रस्तुत निबन्धले अन्य निबन्धको तुलनमा दीर्घ संरचना प्राप्त गरेको छ । आफ्नै पनि कामकाज नभएका र अरूको कार्य विथोली हिड्ने, अनावश्यक र बेफ्वाँकका गफ चुट्ने र बेकारमा अरूलाई सताउने सिल्लीहरूलाई बिल्टुवा भनी तिनका कर्तुतलाई निबन्धले विषयवस्तु बनाएको देखिन्छ । आफ्नो श्रम प्रयोग नगरी जेसुकै खाएपनि समाजले छुट दिएको छ र अपमानित र तिरष्कृत हुनुपर्दैन तर परिश्रममा बाँच्न चाहनेहरूको  परिश्रम खोस्न अनेक बहाना खोज्ने परिपाटीप्रति निबन्धले तीखो व्यङ्ग्य कसेको छ । बौद्धिक, सांस्कृतिक, साहित्यिक, राजनीतिक आदि जुनसुकै क्षेत्रमा पनि यस्ता बिल्टुवाहरूको भीड छ भन्दै निबन्धमा समाजमा प्रतिदिन बढ्दै गएको बेकम्मापन, राजनीतिक-सांस्कृतिक भ्रष्टीकरण र अनुत्तरदायी नेतृत्वको यथार्थ चित्रण निबन्धमा गरिएको  छ । |
| १० ब:अ: | प्रस्तुत निबन्ध यस सङ्ग्रको दशौं क्रममा रहेको छ । यसको संरचना तेह्र वटा अनुच्छेद र तीन वटा पृष्ठमा निर्माण भएको देखिन्छ । सोभ्कै नेतको नाम लिएर विशेषतः राजनीति र साहित्य-समालोचनाका क्षेत्रमा व्याप्त विकृत अवस्थामाथि प्रहार निबन्धमा गरिएको छ । समालोचनाका क्षेत्रमा व्याप्त विकृत अवस्थामाथि प्रहार निबन्धमा गरिएको छ । 'ब:अः' थेगो प्रयोग गर्ने कृष्णप्रसाद भट्टराईलाई समेत उक्त शब्दको प्रयोग थाहा नभएको र  उनलाई र काङ्ग्रेस बुभ्कन 'ब:अ:' बुभ्कनपर्छ भन्ने धारणा निबन्धकारको छ र यसको विरोध गर्नेहरू आफू पनि 'ब: अ:' नै हुन् भन्ने धारणा निबन्धमा प्रस्तुत गरिएको छ । यसका माध्यमबाट बौद्धिक सरकलका क्षेत्रमा पनि कतिपय बौद्धिक व्यक्तिका प्रशस्त विरोधी देखिन्छन् तर ती आफ्नो स्वार्थ पूर्ति नहुने अवस्थामा विरोधी भएका हुन् भन्ने धारणा निबन्धमा प्रस्तुत गर्दै तिनीहरू केवल फोटोकपी मात्र हुन् भन्ने विचार समेत व्यक्त गरिएको छ । |
| ११.सरस्वती पूजा | प्रस्तुत निबन्ध यस सङ्ग्रहको एघारौं निबन्ध हो । दश वटा अनुच्ङ्ग्रहको एघारौं निबन्ध हो । दश वटा अनुच्छेद र तीन पृष्ठमा यस निबन्धको संरचना निर्माण भएको पाइन्छ । निबन्धमा विश्वविद्यालय र क्याम्पसका विद्यार्थी रशिक्षकहरूमा बढ्दै गएको चोरी प्रवृत्तिलाई निबन्धको विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । सरस्वती पूजाको सन्दर्भ अघि सार्दै पूजा विधिमा परिवर्तन आएको र डण्डी, खुकुरी, छुरी जस्ता हतियार पूजासामग्री बन्न थालेको तथा जाँड रक्सीले पञ्चामृतको स्वरूप प्राप्त गरेको विकृत पक्षमाथि निबन्धकारको विरोध छ । सरस्वती पूजाले मात्रै विद्या पाइन्छ भन्ने धारणाको विरोध गर्दै चिन्तन र परिश्रम बिना विद्या पाउन नसकिने धारणा निबन्धमा प्रस्तुत गरिएको छ । सरस्वतीको पूजाको नाममा  बलपूर्वक चन्दा लिने, पुस्तक पूजाको परम्परागत |

| | |
|---|---|
| | अन्धविश्वासलाई अगाँल्ने र परलोक सुधार्न पुस्तक पढ्नेहरूप्रति निर्मम व्यङ्ग्य गरिएको छ । शौचालय साहित्यको चर्चा गर्दै परीक्षामा फैलिएको चरम विकृति र शिक्षकप्रतिको अभद्र व्यवहारलाई पस्तुत गरिएको छ भने शिक्षा ज्ञानका लागि होइन दाइजो तिलकको मात्रा बढाउन हो । त्यसैले चिट संस्कृतिको सम्मान गर्नुपर्छ भन्ने व्यङ्ग्यात्मक अभिव्यक्ति निबन्धमा पाइन्छ । चिट विद्यार्थीले मात्र होइन लेखकको स्वीकार बिना 'गाइड' निकाल्नेहरूले पनि सारेका छन् । त्यसकारण देशभर चिट् संस्कृतिले सखाप पारेको विषयलाई निबन्धले सशक्तताका साथ उठाएको छ । |
| १२.प्रगतिवादहरूको आत्मपरिचय | प्रस्तुत निबन्ध यस सङ्ग्रहको बाहौं क्रममा रहेको छ । यस संरचनाको पन्ध्र वटा अनुच्छेद र पाँच पृष्ठमा निर्माण भएको पाइन्छ । वर्तमान समाजमा भ्याङ्गिएको प्रगतिवादका विकृतिको दहमा कुनै न कुनै रूपमा डुबेका प्रगतिवादका विभिन्नरूपहरूमाथि प्रहार गरिएको व्यङ्ग्यात्मक विषयवस्तु निबन्धमा प्रस्तुत गरिएको छ ।[86] प्रगतिवादको सही प्रयोग हुन नसकेको पक्षको उद्घाटन प्रगतिवादहरूको विभिन्न स्थानमा बिक्री भइरहेको तथ्य उद्घाटन गरिएको छ । उनका अनुसार खाक्सीवादी प्रगतिवादीहरूले सत्यको कुनै मतलब नराख्ने गरेको चर्चा निबन्धमा गरिएको छ । बद्ख्वाँइ प्रगतिवाद साँढे जस्तै जोधाहा छ र ऊ आफ्नो प्रशंसा र अरूको खोइरो खन्ने कार्यमा संलग्न रहन्छ । लोकोपवादी प्रगतिवाद पितृसत्तात्मक सोचको पृष्ठपोषक हो भन्ने कुरा व्यङ्ग्य गरिएको छ । डाप्रोवादी प्रगतिवाद भनेको डाक्टर प्रोफेसरहरूबाट थरहरी हुने र पित्तले परिवर्तन स्विकार्नेहरू छन् । जनतालाई आश्वस्त दिने र संसदमा पैसा हसुर्नेहरूलाई पट्टावादी प्रगतिवादी भनिएको छ । निबन्धमा पर्मवादी एनजिओवादी जस्ता प्रगतिवादहरूका विकृतिहरूको समेत उछित्तो काडिएको छ । यसरी प्रगतिवाद टुक्रिएकर धुजा-धुजा भइसकेको र ती सबैमा धमिरो लागिसकेको वैचारिकता निबन्धमा प्रस्तुत गरिएको छ । |
| १३.आधुनिकता | प्रस्तुत निबन्ध यस सङ्ग्रहको तेह्रौं क्रममा रहेको देखिन्छ । यो निबन्धको संरचना दश वटा अनुच्छेद र तीन पृष्ठमा निर्माण भएको पाइन्छ । समाजले व्यख्या गरेको आधुनिकता भन्दा भिन्न तरिकाको आधुनिकता व्याख्या गर्ने विषयवस्तु निबन्धमा प्रस्तुत गरिएको छ । आधुनिकता पहिरनमा व्याख्या हुने विषय होइन व्यवहारमा वैज्ञानिकता र यथार्थबोध भएर आधुनिक होइन्छ भने नेपाली टोपी लगाउँदा किन खिसि गरिन्छ ? भनेर निबन्धकारले प्रश्न खडा गरेका छन् । विदेशी पोषाक लगाउँदैमा आधुनिक भइने र नेपाली राष्ट्रिय पोषाक लगाउँदैमा आधुनिक नहुने होइन । यो त चेतनास्तरमा आउने सकारात्मक परिवर्तन हो । श्रमजीवीको उदार गर्न नसक्नेले जति अध्ययन गरेपनि आधुनिक हुन सकिदैन भन्दै समाजका अन्ध कुइगन्धे वर्ण व्यवस्थाको अन्त्य गर्दै प्रगतिशील सोच |

[86] जगत्प्रेक्षित, **पूर्ववत्,** ८८ ।

| | |
|---|---|
| | राख्नुपर्छ र श्रमजीवीको कदर गर्नु आधुनिकताको परिभाषा लुक्नु होइन भन्ने विषय निबन्धको खुराक बनेको छ । भेषभूषाको रवाफले अफूलाई आधुनिक भनाउनेहरूमा चिन्तन र विचारको दरीद्रता रहेको सटीक चित्र प्रस्तुत निबन्धमा गरिएको छ । |
| १४.डफलीबाले डफली बाजा | प्रस्तुत निबन्ध यस सङ्ग्रहको पन्धौं क्रममा रहेको छ । प्रस्तुत निबन्धको संरचना तीन पृष्ठमा फैलिएको देखिन्छ । हिन्दी गीतको हरफबाट शीर्षक लिइएको प्रस्तुत निबन्धमा क्याम्पस प्रमुखको नालायकीपनाको कुशलतापूर्वक नङ्ग्याउने कार्य निबन्धमा गरिएको छ । लेखकले आफू प्राध्यापनरत क्याम्पसको परिवेशलाई केन्द्रविन्दु बनाएर हाम्रो देशका कुनैपनि संस्थाका प्रमुखहरू कति नालायक, अनुत्तरदायी छन् भन्ने तीतो अनुभूति व्यक्त गरिएको छ । नालायक, असक्षम र गुलामी मनोवृत्ति भएका व्यक्तिहरूले शैक्षिक क्षेत्रलाई कसरी कलङ्कित बनाएका छन् भन्ने कुरा निबन्धमा छर्लङ्ग पारिएको छ । शैक्षिक क्षेत्रमा हस्तक्षेप हुन नहुने र उल्लेखनीय पदमा बसेर काम गर्नेहरू आदर्शवान, नैतिकवान र उच्च वैचारिक दृष्टिकोण युक्त हुनुपर्ने धारणा निबन्धले सम्प्रसार गरेको छ । |
| १५.राजनैतिक भ्रष्टाचार | प्रस्तुत निबन्ध यस सङ्ग्रहको अन्तिम निबन्ध हो भने यसको संरचना नौ वटा अनुच्छेदमा निर्माण भएको देखिन्छ । प्रस्तुत निबन्धमा जनतालाई मन्त्रमुग्ध पारेर परिवर्तन र विकासको गीत भट्याउने नेताहरूले जनताकै आँखा अगाडि उनीहरूलाई पङ्गु बनाएर आफ्नो भुँडी भरिरहेका छन् भन्ने विषयवस्तु निबन्धमा प्रस्तुत गरिएको छ । हास्य र व्यङ्ग्य दुबैको सार्थक प्रयोग भएको यस निबन्धमा ‘खैनी सुर्ती त्यागौं’ कार्यक्रममा प्रमुख अतिथि भएर आएको नेताले अर्को श्रोतालाई चर्को भाषणमा भुलाएर छक्याउँदै उनीहरूलाई ताली बजाउन लगाएर आफूले खैनी खाएको प्रसङ्गले निबन्धलाई थप राचक र प्रभावकारी बनाएको देखिन्छ । यसरी निबन्धमा नेताले देशको ढिकुटीलाई आफ्नै सम्भी जथाभावी प्रयोग गरिहेका छन् भन्दै निबन्धमा नेपाली नेताहरूमा व्याप्त राजनीतिक भ्रष्टीकरणको सजीव चित्रण गरिएको छ । |

## ५.३.३ भाषशैलीयविन्यास

रुद्र खरेलले यस सङ्ग्रहका निबन्धमा सहज र स्पष्ट भाषशैलीको प्रयोग गरेका छन् । व्याख्यात्मक, विश्लेषणात्मक, नाट्यात्मक पद्धति अपनाउँदै विषयवस्तुभित्र भाव र कलाको संयोजन गर्न उनी सफल बनेको देखिन्छन् । निबन्धमा प्रयुक्त बिम्ब र प्रतीकले गहकिलो प्रभाव उत्पन्न गराएका छन् । ‘भालेको डाकको प्रतीक्षा’ निबन्धमा पजतन्त्र अघि जनसमुदायले परिवर्तनको ठूलो आशा गरेको तर नेताहरू प्रजातन्त्रपछि केवल स्वार्थमा लिप्त भई जनतालाई अत्यन्त उपेक्षा गरेको यथार्थको अभिव्यञ्जना प्रतीकात्मक शैलीमा गरिएको छ । त्यस्तै ‘भोजन र प्रेम’ निबन्धमा प्रत्येकले आफ्नो भोजनको औधी प्रेम गर्छन् भन्ने कुरा अघि सारेर प्रतीकात्मकाताका साथ स्वार्थमा लिप्त भएर भ्रष्टाचार गर्न तम्सने तथ्यको उद्घाटन गरिएको छ । खरेलले निबन्धको विषयवस्तु अगाडि बढाउँदा आत्मपरकका साथै सम्बोधनात्मक र कतै लोककथात्मक शैली अपनाउन पुगेको देखिन्छ । उनले निबन्धभित्र विचार सुहाउँदा सार्थक

उखान- टुक्काको समेत प्रयोग गरेको भेटिन्छ । 'आकाशको फल आँखातरी मर'(पृ.१४), 'अजीङ्गरको आहारा दैवले जुराँउछ ।'(पृ.४४) जस्ता उखानको प्रयोगले निबन्धहरू आकर्षक बनेका छन् । 'ज्वलामुखी जस्तै', 'रोमान्टिक मान्छे', 'डफलीवाले डफली बजा', 'सुन आँखे', जस्ता नेपाली तथा हिन्दीजस्ता प्रतीकात्मक पदावलीहरूको प्रयोगले निबन्धहरू अझ रोचक र प्रभावकारी बन्न पुगेका छन् । उनका निबन्धमा बातचितमा प्रयोग हुने कथ्य शब्दहरूको प्रयोग गरिएको छ । जसले गर्दा निबन्धभित्र निहित व्यङ्ग्यात्मक अभिव्यक्ति बुझ्न अझ सहयोग पुऱ्याएको देखिन्छ । 'लोग्ने मान्छेहरू आइमाइलाई पाकेको केरा ठान्दछन् ।' जस्ता रुपकात्मक अभिव्यक्तिले निबन्धहरू अझ वजनदार बन्न पुगेका छन् । निबन्धहरूमा अझ यथार्थतालाई अभिव्यां दिनका निम्ति गालीको भाषाको समेत प्रयोग गरेको भेटिन्छ । 'लु आइज साले', 'तेरा दिदीहरू व्यभिचारी हुन्', जस्ता गालीको भाषाको प्रयोगले हास्यव्यङ्ग्यात्मक अभिव्यक्तिका सन्दर्भमा निबन्धहरू बढो जीवन्त बन्न पुगेका छन् । सुन्दर संस्कृतका श्लोकहरूको प्रयोग गरेर आको यथार्थको शब्दचित्र उतार्ने कार्य निबन्धम गरिएको छ । जनबोलीमा प्रयोग हुने निपातको निबन्धमा गरिएको छ । 'अँ', 'पो' जस्ता निपातको प्रयोगले निबन्धहरूको भाषिक प्रयोगमा मिठासपना आएको पाइन्छ । निबन्धहरूमा विभिन्न उपमामूलक र दृष्टान्तमूलक अलङ्कारहरूको प्रयोग गरेर समसामयिक सन्दर्भका विभिन्न विकृति र विसङ्गतिमाथि सशक्तताका साथ छेड् हान्ने कार्य गरेका छन् । यसरी निबन्धहरूमा सरल भाषा र सामान्य पाठकका लागि पनि वोधगम्य हुने शैलीको प्रयोग पाइएपनि कानुनी उखान, टुक्का, प्रतीकात्मक पदावलीहरू व्यङ्ग्यात्मक प्रयोजनका लागि प्रयोग भएको पाइनुले र विभिन्न बिम्ब तथा अलङ्कारको प्रयोगले निबन्धहरू आलङ्कारिक र सबल बनेका छन् । सरल,संयुक्त र मिश्र तीन किसिमकै बाक्यगठन र तत्सम, तद्भव, र आगन्तुक तीनै प्रकारका शब्दचयनबाट निबन्धलाई भाषिक मिठासले पूर्ण बनाएको देखिन्छ । कतिपय निबन्धमा अन्य कवि तथा लेखकका सिर्जनालाई साभार गरी निबन्धको व्यङ्ग्य र भावको प्रस्तुतिलाई ओजपूर्ण बनाउँदै सुनमा सुगन्ध थपेको देखिन्छ ।

### ५.३.४ निष्कर्ष

निबन्कार रुद्र खरेलले यस सङ्ग्रहमार्फत गहन विचारहरू प्रस्तुत गरेका छन् विषयवस्तु सामान्य देखिएपनि उनको चिन्तन विशिष्ट देखिन्छ । प्रस्तुत सङ्ग्रहका आधारमा उनको हास्यव्यङ्ग्यकारिता प्रयोजनमूलक भएर आएको देखिन्छ । समसामयिक सामाजिक, राजनीतिक, सांस्कृतिक, प्रशासनिक आदि यथार्थलाई प्रतीकात्मक भाषामा उतारेर समाज-सुधारको सन्देश दिनु उनको हास्यव्यङ्ग्यकारिताको प्रमुख लक्ष्य रहेको देखिन्छ । नारी र पुरुषबीच समताको भाव प्रकट गर्नुका साथै वामपन्थी र दामपन्थी दुबै वैचारिक ध्रुवका खराव आचरणप्रति तीव्र व्यङ्ग्यात्मक अभिव्यक्ति निबन्धहरूमा प्रकटीकृत भएको पाइन्छ । रोचकतापूर्ण अभिव्यक्तिसँगै घोचक शैलीको प्रयोगले निबन्धहरू उत्कृष्ट बन्न पुगेका छन् । वस्तुपरकतासँग आत्मपरकतालाई घुलमिल पार्नु जस्ता विशेषताले उनको हास्यव्यङ्ग्यकारिता सशक्त बनेको देखिन्छ । निबन्धहरू हास्यात्मक अभिव्यक्तिमा बढी सशक्त देखिन्छन् । त्यसैगरी संस्कृत, नेपाली, हिन्दी, कविता एवं गीतका हरफहरूको प्रयोगले निबन्धहरू अझ वजनदार बन्न पुगेको देखिन्छ । **तपाईंको नाम के हो** ?बाट निबन्धविधामा कृतिगत यात्रा आरम्भ गरेका खरेलले **बिर्सिस्यो कि** ? सम्म आइपुग्दा आफ्नो विशिष्ट शैलीशिल्प र मान्यतालाई अगाडि राखी बिर्सिस्यो कि ? भन्दा बिर्स्याछैनौं भन्न बाध्य पारेको देखिन्छ ।

## ५.४ 'आषाढस्य प्रथमदिवसे' निबन्धसङ्ग्रहको विश्लेषण

### ५.४.१.परिचय

'आषाढस्य प्रथम दिवसे'(२०५९) रुद्र खरेलको चौथो निबन्धङ्ग्र हो । विवेक सिर्जनशील प्रा.ली.ले प्रकाशन गरेको प्रस्तुत निबन्धसङ्ग्रहको नामकरण यसभित्रका निबन्धहरू मध्येको तेस्रो निबन्ध क्रममा रहेको निकै ओजपूर्ण र प्रभावशाली निबन्धको शीर्षकबाट गरिएको पाइन्छ । २०५८ सालदेखि २०५९ साल गरी जम्मा दुई वर्षजतिको अवधिभित्र खरेलद्वारा सिर्जित जम्मा १७ वटा निबन्धहरू यसमा सङ्ग्रहित हुनपुगेका छन् । प्रस्तुत निबन्धसङ्ग्रहको आवरण पृष्ठभूमि सेतो रहेको छ । सेतो रङ्गको पृष्ठभूमिमा नीलो आकाशे रङ्गका हिमाल, पहाडका चित्रहरू रहेका छन् भने कतै कतै बादलले समेत घेरेको देखिन्छ । आवरण पृष्ठको दाँया भागको पुच्छारमा लेखकको नाम छ भने त्यसभन्दा ठीक माथि ठूला काला अक्षरमा निबन्धसङ्ग्रहको नाम लेखिएको छ । निबन्धसङ्ग्रहको पछिल्लो भागको बाँया स्थानमा लेखकको पासपोर्ट साइजको फोटो राखिएको छ भने अन्य भागमा क्रमबद्धरूपमा रुद्र खरेलका निबन्धकारिताका विषयमा विभिन्न पुस्तक तथा पत्र-पत्रिकामा प्रकाशित विचारहरूका अंशहरूलाई प्रस्तुत गरिएको पाइन्छ । सङ्ग्रहको दोस्रो पाताको सिरानमा निबन्धसङ्ग्रहको नाम लेखिएको देखिन्छ भने ठीक त्यसमनि कोष्ठक चिन्हभित्र 'व्याङ्ग्यात्मक निबन्धको सँगालो' लेखिएको छ । बीच र तल्लो भागमा क्रमशः लेखक, आवरणकलाको नाम, प्रकाशक, प्रकाशन मिति, संस्करणप्रति, कम्प्युटर, मुद्रण र मूल्यका बारेमा जानकारी दिएको पाइन्छ । तेस्रो पातामा निबन्धहरूको विषयसूचिका बारेमा जानकारी दिएको पाइन्छ । जम्मा १७ वटा निबन्धहरू सङ्ग्रहित प्रस्तुत निबन्धसङ्ग्रहको प्रथम खण्डमा पनि निबन्धक्रमकै पहिलो निबन्ध राखिनाले सङ्ग्रहमा भूमिका लेख्ने जमर्को गरिएको छैन । बिना भूमिका नै यसको मूहुर्त गरिएको छ अर्थात् यसमा भएका निबन्धहरू नै परस्पर भूमिका भएका छन् ।[87] प्रस्तुत सङ्ग्रहमा सङ्कलन गरिएका सम्पूर्ण निबन्धहरू भावको मर्म बोक्न सक्षम, कलात्मक, व्यङ्ग्यात्मक, सङ्क्षिप्त र सुबोध्य रहेका छन् । कानुनको अकर्मण्यता, घुसतन्त्रमा अडिएको राजनीति तथा प्रशासनिक राज्य व्यवस्थाका कुरूपता, मातृभूमिप्रति गद्धार लठैत बुद्धिजीवी, राष्ट्रिय ढुकुटी रित्याउने, मुसा(नेता), देशमा द्वन्द्व चर्काउने र हिंसा बढाउने हत्यारा मनोवृत्तिको प्रकटीकरणमा निबन्धहरू सशक्त देखिछन् ।

### ५.४.२ विषयवस्तु

| शीर्षक | विषयवस्तु |
|---|---|
| १.जुनसुकै कुरा लेखिएपनि..... | प्रस्तुत निबन्ध यस सङ्ग्रहको प्रथम निबन्ध हो । यसको संरचना तीन वटा अनुच्छेद र पाँच वटा पृष्ठमा निर्माण भएको देखिन्छ । २०५९ साल असोज १८ गते कोटेश्वर सञ्जीवनी मार्गमा संरचित यो निबन्ध प्रस्तुत सङ्ग्रहको भूमिका तथा निबन्धक्रमको पहिलो निबन्ध समेत हो । लिखित कानुन र व्यवहारिक कानुनका बीचमा रहेको अन्तरप्रति इङ्गित गर्दै व्यङ्ग्यात्मक अभिव्यक्ति दिने कार्य प्रस्तुत निबन्धमा गरिएको छ । कानुनका पोथा र संविधानका धाराहरू निष्क्रिय र निर्जीव मात्र हुन् । ती स्वयं पुस्तकबाट बाहिर आएर अपराधीलाई कार्वाही गर्दैनन् बरु ती कानुनका शब्दहरूलाई सचेत र असल नागरिकहरूले प्रयोग गरी अपराधीहरूलाई दण्ड दिनुपर्छ र |

87. महेश पर्साई **पूर्ववत्** ।

| | |
|---|---|
| | मुलुकमा अमनचयन तथा कानुनी राजको स्थापना गरिनु पर्छ भन्ने विषय निबन्धमा प्रयोग गरिएको देखिन्छ । द्वन्द्वकालमा बिनाकसुर मान्छेहरू मारिएको र उनीहरूका आफन्तहरूले साँचो न्याय प्राप्त गर्न नसकेको विकराल स्थितिको चित्रण निबन्धमा गरिएको छ । |
| २.साहित्य केरा र कमिसन | प्रस्तुत निबन्ध यस सङ्ग्रहको दोस्रो निबन्ध हो । एक्तीस वटा अनुच्छेद र छ वटा पृष्ठमा यस निबन्धको संरचना निर्माण भएको देखिन्छ । निबन्धले घुस टक्र्याएर असक्षम व्यक्तिहरू पनि प्रत्येक ठाँउमा सबल गनिएका छन् भन्ने विसङ्गत् यथार्थमाथि गहिरो व्यङ्ग्य गरिएको छ । केरा ख्वाउने उदाहरण प्रस्तुत गरेर राष्ट्रका भ्रष्टाचारी र कमिसन खोरहरूका कर्तुतलाई इङ्गित गर्दै मुलुकको उन्नतिको लागि आफूले केरा बहिष्कार गरे जस्तै प्रत्येकले आफ्नो कुबिचारलाई शुद्धीकरण गरेर घुसखोरी त्यग्नुपर्ने वैचारिक चिन्तन निबन्धमा प्रयोग गरिएको छ । नाटकीय ढङ्गमा प्रस्तुत गरिएको निबन्धमा परिश्रम र मेहनत नगरी चाकरी, चाप्लुसी र घुसद्वारा आफ्नो दुनो सोझ्याउन चाहनेहरूलाई एउटा चाटुकार लम्फुपात्रको उपस्थितिमार्फत व्यङ्ग्य गरिएको छ । समग्रमा यस निबन्धले प्रशासन र राजनीतिमा मात्र होइन शिक्षण क्षेत्रमा समेत मान्छेलाई भ्रष्ट बनाउने तत्वहरू छन् भन्ने यथार्थको प्रस्तुति निबन्धमा गरिएको छ । |
| ३.आषाढस्य प्रथमदिवसे | प्रस्तुत निबन्धमा यस सङ्ग्रहको तेस्रो निबन्ध हो । यसै निबन्धको शीर्षकबाट सङ्ग्रहको नामकरण समेत गरिएको छ । प्रस्तुत निबन्धको संरचना ३४ वटा अनुच्छेद र नौ वटा पृष्ठमा निर्माण भएको पाइन्छ । कालिदासको ‘मेघ दूत’ खण्डकाव्यको श्लोकबाट एक अंश लिएर शीर्षक प्रदान गरिएको प्रस्तुत निबन्धमा मेघलाई दूत बनाएर बिगत १०/१२ वर्षको अवधिभित्र मुलुकभित्र चलेको हत्या,हिंसा व्यापक संख्यामा गरिएको जनसंहारले दर्दनाक अवस्थामा पुगेको मुलुकको स्थिति र कारुणिक अवस्थामा जनताहरूका छोरा गुमाएका आमा र सिंदुर पुछिएका महिलाहरूको चित्रण गर्ने कार्य निबन्धमा गरिएको छ । मेची महाकालीसम्मको नेपालको प्राकृतिक दृष्य वर्णन गर्दै मेघलाई आग्रह गरिएको र उसलाई सुनाइएको शैलीमा हिंसाको चपेटामा मरेका समुदाय, रगतका खोलाले सिञ्चत भएका पाखा र आतङ्कित भएर थरथरी कामिरहेका मानव समूहहरूको कारुणिक वर्णन प्रस्तुत निबन्धमा गरिएको छ । द्वन्द्वले धेरै निर्दोष नेपालीको ज्यान गइसकेको र गाँउ उजाड भएको र अझैपनि बेलैमा यो समस्याको समाधान नभएर मुलुक एउटा विशाल चिहान हुनसक्ने वैचारिक सन्देश यस निबन्धमा अभिव्यक्त गरिएको छ । समग्रमा माओवादी जनयुद्ध दमनका नाममा राज्य पक्षबाट घोषित सङ्कटकाल, देशव्यापी मच्चिरहेको द्वन्द्व अनि जताजतै फैलिएको हिंसा संस्कृतिको कुरूप चित्र मर्मस्पर्शी ढङ्गले निबन्धमा व्यक्त गरिएको पाइन्छ । |
| ४.माटाको माया | प्रस्तुत निबन्ध यस सङ्ग्रहको चौथौ निबन्ध हो । यसको संरचना अट्ठाइस अनुच्छेद र पाँच वटा पृष्ठमा निर्माण भएको पाइन्छ । नेपाललाई देशै नठान्ने र यसलाई माया गर्ने बुद्धिजीवीबीचको गन्थनपूर्ण संवादलाई विषयवस्तुको |

| | |
|---|---|
| | रूपमा प्रस्तुत गरिएको छ । अभिजात वर्गीय भोजको प्रसङ्ग झिकेर निबन्धकारले मुलुकमा रहेका राम्रा, स्वदिला र असल कुराहरू उपभोग गरी लुट्न सम्म लुटेर उल्टै 'यो मुलुक निकम्मा छ' भनेर मातृद्रोह गर्ने क्रूर अपराधीहरूलाई प्रहार गरिएको छ । प्रस्तुत निबन्धमा एक जना जँड्याहा पात्रको उपस्थितिमार्फत आफ्नो मुलुकको माया र सम्मान गर्नु पर्ने धारणा निबन्धमा पाइन्छ । व्यक्तिको नाम होइन उसको मन असल हुनुपर्छ र त्यही मनबाट मान्छे चिनिनुपर्छ भन्ने यथार्थपरक अभिव्यक्ति निबन्धमा पाइन्छ । मुलुकको नाममा राम्रो अवसर हत्याउने र अन्त्यमा यस मुलुकमा केही नभएको धक्कु लगाउने मानवीय विकृतिप्रति व्यङ्ग्यात्मक झीर हानिएको छ । हाम्रो मुलुकामा सम्पूर्णताले परिपूर्ण छ भने तर यसको सही प्रयोग नभएको वैचारिकता निबन्धमा प्रकटीकृत छ । |
| ५.सङ्कटकालीन अश्लीलता र कलमको भविष्य | प्रस्तुत निबन्ध यस सङ्ग्रहको पाँचौ निबन्ध हो । यसको संरचना आठ वटा अनेच्छेद र चार पृष्ठमा भएको देखिन्छ । नेपालको प्रजातन्त्रिक अवस्थाप्रति चोटिलो व्यङ्ग्य कसिएको प्रस्तुत निबन्धमा मुलुकमा प्रजातन्त्रको नाममा अश्लीलताले सीमा नाघेको यथार्थ विषयवस्तुका रूपमा पस्तुत गरिएको छ । नेपालमा विद्यमान प्रजातन्त्रले कतिपय व्यक्तिलाई वैयक्तिक अधिकार मात्र प्रदान गरेको छ र राजमार्गमा लघुशंकालाई मेटाउने उपाय नभएको विपषयवस्तु निबन्धमा प्रस्तुत गरिएको छ । बौद्धिक, नैतिक र आत्मिक प्रगतिको नाममा अरूलाई हाच्याउनेहरूलाई अभिनन्दित गर्ने परम्परा रहेको र माथिल्लो स्तरमा रहेर अश्लील व्यवहार गर्नेलाई देउता मानी पुज्ने तर सङ्कटकालको मेनाममा सानो गल्ती गऱ्यो भनेर कार्बाही गर्ने नेपालको अश्लील प्रथाप्रति व्यङ्ग्यात्मक अभिव्यक्ति निबन्धले मुखरित गरेको छ । यसप्रकार निबन्धमा अश्लीलता यौन र छाडा बोलीमा होइन अनुत्तरदायी र भ्रष्ट प्रवृत्तिमा पनि छ र त्यसले लेखकीय कलमको भविष्यलाई समेत सङ्कटमा पारेको यथार्थ निबन्धमा विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । |
| ६.राष्ट्रिय सहमति | प्रस्तुत निबन्ध यस सङ्ग्रहको छैटौं निबन्ध हो । सात वटा अनुच्छेद र दुई पृष्ठमा यस निबन्धको संरचना निर्माण भएको पाइन्छ । निबन्धले नेपालमा खाने कुरामा पार्टी र नेतहरूबीच भइरहेको सहमतिलाई विषयवस्तु बनाएर प्रस्तुत गरिएको छ । जुनसुकै विचारधारा र आस्था भएपनि मुलुकको ढुकुटी रित्तो पार्न सबै तत्पर हुने प्रवृत्तिप्रति निबन्धले व्यङ्ग्य प्रहार गरेको छ । ईश्वरवादी र अनीश्वरवादीको प्रसङ्ग झिकेर ईश्वरवादीले मनुष्यको चोलालाई श्रेष्ठता प्रदान गर्दै यही जुनीमा मोज गर्नु पर्ने धारणा राख्ने र अनीश्वरवादीले मरेर फेरि जन्मने कुरा असम्भव भएकाले मोज गर्नुपर्ने धाराणा दिने व्यङ्ग्यात्मक विषयवस्तु निबन्धमा प्रस्तुत गर्दै दुई बेग्ला-बेग्लै धारमा भएपनि देश लुट्ने सवालमा एकाकार भएको हुनाले सहमति देखिएको विषय प्रस्तुत गरिएको छ । जुनसुकै वादी भएपनि कुनै परिवर्तन हुन नसकेको पक्षप्रति निबन्धले व्यङ्ग्य गरेको छ । खाओवादले जरा गाडेको छ भन्दै निबन्धमा स्वार्थी मानिसका विसङ्गतिपूर्ण व्यवहारमाथि सशक्तताका साथ व्यङ्ग्य कसिएको छ । |

| | |
|---|---|
| ७.सलाम ती काला खुट्टाहरूलाई | प्रस्तुत निबन्ध यस सङ्ग्रहको सातौं क्रममा रहेको छ । यस निबन्धको संरचना चार वटा अनुच्छेद र दुई पृष्ठको लघु आकारमा निर्माण भएको छ । सामाजिक विकृति र विसङ्गतिमाथि व्यङ्ग्य गर्दै अवसरवादी धोकेबाज र आफ्नो मात्र दुनो सोझ्याउनेहरूलाई झापड दिने विषयवस्तु निबन्धमा प्रस्तुत गरिएको छ । मयूर नाच्दाको सुन्दरताको आधारमा उसका प्वाँखहरूको प्रशंसा गर्ने तर उसका नाच्ने खुट्टा काला भएकाले तिनलाई उपेक्षा गर्ने अपसंस्कृतिप्रति व्यङ्ग्यभाव देखाउने कार्य निबन्धमा गरिएको छ । |
| ८.हामी सबै टेकबहादुरहरू | प्रस्तुत निबन्ध यस सङ्ग्रहको आठौं क्रममा रहेको छ । यस निबन्धको संरचना अठार वटा अनुच्छेद र पाँच वटा पृष्ठको लमाइमा निर्माण भएको देखिन्छ । निबन्धमा नेपालको हरेक क्षेत्रमा व्याप्त टेको प्रवृत्तिलाई विषयवस्तु बनाइएको छ । नेपालका हरेक क्षेत्रमा अरू कसैको टेको चाहिने स्थिति व्याप्त रहेको यथार्थलाई बढो कलात्मकताका साथ अभिव्यक्त गरिएको छ । भाषण र आसनको टेको बिना कुनै नसक्ने, विदेशी ऋण र अनुदानको टेको बिना एउटा अडिन नसक्ने विकृत अवस्थाप्रति कलात्मकताका साथ व्यङ्ग्यात्मक अभिव्यक्ति दिइएको छ । नक्कली सर्टिफिकेट र नक्कली राष्ट्रियताको टेकोमा उभिने भीडप्रति व्यङ्ग्य छ । व्यभिचारी र कामुक राजनीतिले यौनजन्य कुकृत्य गरी पार्टीभित्रका कार्यकर्तालाई गर्भधारण गराई विभिन्न गुटमा चाहर्ने र विभिन्न तर्कको टेकोमा अरूलाई दोषी ठहऱ्याउने मानवीय कमजोरीप्रति तीव्र प्रहार गरिएको छ । |
| ९.दिमागको ध्वाँसो | प्रस्तुत निबन्ध यस सङ्ग्रहको नवौ निबन्ध हो । प्रस्तुत निबन्धको संरचना आठ वटा अनुच्छेद र दुई पृष्ठको लमाइमा निर्माण भएको पाइन्छ । निबन्धमा क्रान्तिकारी आदर्शको नारा फलाक्ने नेताको विपर्यासपूर्ण चरित्रलाई विषयवस्तु बनाइएको छ । सामन्ती चुसाहा संस्कृतिको उछित्तो काढ्न सिपालु कमरेडहरूको व्यवहार र आदर्शबीचमा सङ्गति नभएको प्रति निबन्धले कसिलो व्यङ्ग्य हानेको छ । यसप्रकार निबन्धमा देशका बडेबडे सुधारवादी, क्रान्तिकारी र सच्चा व्यक्ति जस्ता देखिने मानिसहरू पनि नीच र गिरेका हुन्छन् उनीहरूको आचरण धमिलो हुन्छ भन्ने तथ्यको उद्घाटन निबन्धमा गरिएको छ । |
| १०.मन्त्री र झारफुके | प्रस्तुत निबन्ध यस सङ्ग्रहको दशौं क्रममा रहेको छ । यो निबन्धको संरचना तीन पृष्ठको लमाइमा फैलिएको छ । भ्रष्ट मन्त्री र ढोंगी झारफुकेलाई एउटा स्थानमा राखेर प्रस्तुत गरिएको यस निबन्धमा आफूले चाँहि केही नलिने बहानामा स्वच्छविको देखाउने तर छोरा तथा स्वस्नीमार्फत सम्पत्ति सोहोर्ने झारफुके र मन्त्रीमा केही फरक छैन दुबैको आचरण एउटै हो भन्दै धुत्याहा र कमिसनखोरलाई धारिलो प्रहार गरिएको छ । नेपालमा राजाले शासन हातमा लिएका बेलाका मन्त्रीहरू झारफुके जस्तै छन् र उनीहरूले माओवादी समस्या मात्र होइन अन्य ठूल्ठूला समस्या पनि समाधान गर्ने भाषण ठोकेका थिए तर झरफुकेबाट देशिक समस्या समाधान हुनसक्ने विषय पनि होइन भन्ने धारणा निबन्धमा व्यक्त गर्दै समसामयिक विकृत यथार्थमाथि तीक्ष्ण प्रहार गरिएको छ । |

| | |
|---|---|
| ११.फिजी | प्रस्तुत निबन्ध यस सङ्ग्रहको एघारौं निबन्ध हो । सात पृष्ठमा संरचित प्रस्तुत निबन्धमा लेखकले आफ्नो घरमा पाहुनाहरू धेरै भएर आफूलाई बस्ने ठाँउ नै नपुगेको सन्दर्भलाई आधार बनाएर नेपाल पनि फिजी जस्तै पराइहरूको राजनीति र संस्कृतिको दुष्चक्रमा लागेको स्थितिप्रति चिन्ता व्यक्त गरिएको विषयवस्तु प्रस्तुत गरिएको छ । सांस्कृतिक र सामाजिक विकृतिलाई भण्डाफोर गर्ने कार्य निबन्धमा गरिएको छ । निबन्धकारले आफूभित्रबाट गायब भएको ठान्दै नेपालीहरूको अस्तित्व विदेशी शक्तिहरूले खाएको तथा 'देउसी' जस्ता सांस्कृतिक चाडपर्वको चर्चा गर्दै केवल शब्दमात्र हाम्रो भएको तर प्रयोगमा विदेशी हस्तक्षेपले खाएको दुष्संस्कृतिप्रति व्यङ्ग्यात्मक अभिव्यक्ति निबन्धमा दिइएको छ । यसप्रकार निबन्धमा सामाजिक सांस्कृतिक विकृतिमाथि बाघे झापट् हानिएको पाइन्छ । |
| १२. म भ्रष्ट हुन्थें भने | प्रस्तुत निबन्ध यस सङ्ग्रहको बाह्रौं क्रममा रहेको छ । अठार वटा अनुच्छेद र छ वटा पृष्ठमा प्रस्तुत निबन्धको संरचना फैलिएको छ । मुलुकमा विद्यमान राजनीतिक, प्रशासनिक आदि क्षेत्रमा व्याप्त भ्रष्टाचारजन्य गलत प्रवृत्तिले अव्यवस्था सिर्जना गरेको विषयवस्तु निबन्धमा प्रस्तुत गरिएको छ । आदर्श र नैतिकता गुम्दै गएको हाम्रो समाजमा इष्टमित्र र परिवारले समेत भ्रष्ट हुने संस्कार बनिसकेको छ भन्ने विषयवस्तु प्रस्तुत गर्दै समाजमा भ्रष्ट हुने संस्कार बसिसकेको छ भन्ने वैचारिक सन्देश निबन्धमा प्रस्तुत गरिएको छ । |
| १३.भिक्षु र नगरबधु | प्रस्तुत निबन्ध यस सङ्ग्रहको तेह्रौ क्रममा रहेको छ । प्रस्तुत निबन्धको संरचना पन्ध्रवटा अनुच्छेद र तीन पृष्ठको लमाइमा निर्माण भएको छ । रूप, यौवन र बैंस छउन्जेल भोग गर्नका लागि नक्कली माया दिन ताँती लाग्नेहरूले बैंस ढलेपछि घृणा गर्ने र चटक्कै त्याग्ने गरेको तीतो यथार्थ प्रतीकात्मक रूपमा २०४६ सालपछिको राज्य सत्तालाई बैंसालु युवतीलाई मर्दले लुटे झैं लुटको परिस्थिति र त्यही सत्ताले हाल आएर देश र आफ्नो उन्नतिका लागि क्षमतावान् महापुरुषको प्रतीक्षा गरिरहेको छ भन्ने वैचारिकता निबन्धमा पाइन्छ । महिलाको रूप र यौवनमा झुत्ता खेली बेकम्मा बनाएर छोड्ने पुरुष प्रधान समाजको साँढे प्रवृत्ति र ब्रह्मलुट मच्चाएर राज्यसत्तामाथि कुकृत्य प्रदर्शन गर्ने दुष्कार्यको प्रतीकात्मक रूपमा व्यङ्ग्यवाण हानेर सशक्तताका साथ निबन्धले आफ्नो स्थान उच्च बनाएको छ । |
| १४.शीतलहर, शुनःसेप र साहित्य | प्रस्तुत निबन्ध यस सङ्ग्रहको चौधौं निबन्ध हो । निबन्धले आठ वटा अनुच्छेद र चार पृष्ठको लमाइमा आफ्नो संरचना प्राप्त गरेको छ । जाडाका याममा आफ्ना मालिक-मालिक्नीसँग बसको यात्रामा हिंडेकी घरेलु मजदूर बालिकाको जाडाको कारण उत्पन्न कारुणिक अवस्थालाई विषयवस्तु बनाएर समग्र नेपालका दुःखि गरीबहरूको दारुणिक अवस्थाको सजीब चित्रण गर्न निबन्धमा खोजिएको पाइन्छ । बौद्धिक बालपात्र शुनःशेपलाई विश्वमित्रले मुक्त गरे जस्तै माया, ममता, गाँस-बास,शिक्षा र स्वस्थ्य नपाएर मजदूर बन्न विवश सबै वालवालिकालाई मुक्त गर्नु पर्ने विचार निबन्धमा प्रस्तुत |

| | |
|---|---|
| | गरिएको छ । त्यसैगरी सामान्य र महत्वपूर्ण कुरालाई 'हामी साहित्य बुझ्दैनौं' भनेर पन्छाउनेहरूलाई 'गैरजिम्मेवारी तथा संवेदनाहीन' ढङ्को मूर्ति हुन् भन्ने संज्ञा दिँदै साहित्य कल्पना र भावुकता नभएर यथार्थको प्रदर्शन हो र यसलाई बुझ्न र आत्मसात् गर्न सक्नुपर्छ भन्ने सन्देश पनि निबन्धमा प्रस्तुत गरिएको छ । |
| १५.एउटा विनम्र प्रस्ताव | प्रस्तुत निबन्ध यस सङ्ग्रहको पन्ध्रौं निबन्ध हो । यस निबन्धको संरचना छ वटा अनुच्छेद र चार पृष्ठमा निर्माण भएको देखिन्छ । देशका हरेक निकायमा चिट् संस्कृतिले गाँजेको विषयवस्तु प्रस्तुत गर्दै शैक्षिक क्षेत्रमा मात्र चिट् संस्कृतिले थिचेको छैन मुलुक सिङ्गै चिट्मा चलेको विषयवस्तु समेत निबन्धको खुराक बनेर आएको छ । प्रत्येकले देश, जनता र देशको ढुकुटीलाई चिट् गरिरहेका छन् । समग्र व्यक्तिहरूको सोच केवल चोर्ने, चिट् गर्ने र ठगी मात्र गर्ने खालको विकृत मानसिकताले ग्रसित भएकाले विसङ्गतपूर्ण अवस्थाको भण्डाफोर गरेर अघि बढ्नुपर्ने अभिव्यञ्जना निबन्धमा गरिएको छ । यसरी निबन्धमा जिम्मेवारी र कर्तव्यलाई पन्छाएर भुँडी भर्ने र ठगी गरी कमाउनेहरूलाई तारो बनाएर तीक्ष्ण प्रहार गरिएको छ । |
| १६.माननीय मन्त्रीको सारगर्भित भाषण | प्रस्तुत निबन्ध यस सङ्ग्रहको सोह्रों निबन्ध हो । प्रस्तुत निबन्धको संरचना चार अनुच्छे र चार पृष्ठमा निर्मित भएको छ । तत्कालीन राजा ज्ञानेन्द्रले गठन गरेको सरकारका टीके मन्त्रीहरूलाई गधाका रूपमा चित्रण गर्दै उनीहरूको अवसरवादी चरित्रमाथि कटाक्ष गएिको छ । निबन्धमा 'जनावरको संरक्षण गरौं' भन्ने एन.जी.ओ.ले आयोजना गरेको कार्यक्रममा मासुका विभिन्न परिकार बनाइएको र मन्त्रीले बेफ्वाँकको भाषण फलाकेको विसङ्गत अवस्थाको प्रत्यङ्कन निबन्धमा विषयवस्तुका रूपमा गरिएको छ । विदेशी डलर पचाउन बेकारका कार्यक्रमहरूको आयोजना गरी थुप्रै पैसा उडाउने र जुनकुरा संरक्षण गर्ने उद्देश्यले एन.जी.ओ. को स्थापना भएको छ । र त्यसैको विनाश गर्ने कार्य भइरहेको छ भन्ने वैचारिकता निबन्धमा प्रस्तुत गएिको छ । |
| १७.सत्तापक्षीय मुसो | प्रस्तुत निबन्ध यस सङ्ग्रहको अन्तिम निबन्ध हो । प्रस्तुत निबन्धको संरचना चार वटा अनुच्छेद र एक पृष्ठमा फैलिएको छ । मुसो चरित्रका नेताहरू भएकाले सदनमा उभिएकाहरू राष्ट्रको ढुकुटी प्वाल पार्ने मुसा नै हुन् भन्ने विषयलाई बढो कलात्मकताका साथ प्रस्तुत गरिएको छ । समग्रमा संसदमा छोएको मुसा प्रवृत्तिमाथि व्यङ्ग्यात्मक झटारो हान्ने कार्य निबन्धमा भएको छ । |

## ५.४.३ भाषाशैलीय विन्यास

खरेलको चौथो निबन्धसङ्ग्रहका रूपमा परिचित प्रस्तुत सङ्ग्रहमा रहेका निबन्धहरूको भाषाशैली सरल, सहज र स्पष्ट देखिएपनि प्रतीकात्मक भाषाशैलीका कारण व्यङ्ग्यार्थ अभिव्यक्तिका लागि गम्भीर देखापर्दछ । शब्दचयनमा स्पष्टता अपनाउने खरेलले सहज भाषिक अभिव्यक्तिमा सम्बन्धित क्षेत्रभित्रका विसङ्गतिहरू प्रस्तुत गरेका छन् । निबन्धहरूमा सरलर,

संयुक्त तथा विशेषतः मिश्र वाक्यको प्राधान्य पाइन्छ भने तत्सम, तद्भव तथा आगन्तुक तीनै प्रकारका शब्दचयनहरू गरिएको पाइन्छ । 'माछा' (पृ.१०), 'बँदेल' (पृ.११), 'ज्वाइ' (पृ.१३), 'धोती' (पृ.२६), 'कान' (पृ.२५), 'आखा' (पृ.३०) जस्ता तद्भवीकरण गरिएका शब्दचयनमा आफ्नो कुशलता प्रदर्शन गरेका छन् । 'वैङ्क' (पृ.९), 'चाकरी' (पृ.१३) 'फोल्डिङ्' (पृ.१८) आदि आगन्तुक शब्दहरू भएपनि विशेषतः आगन्तुक शब्दहरूको चयनमा अङ्ग्रेजी शब्दहरूको बाहुल्य प्रयोग भएको पाइन्छ । कथ्य भाषाको प्रयोग गरी निबन्धलाई अझ यथार्थता दिने कार्य गरेका छन् । 'नायक' (पृ.९), 'भ्रष्ट' (पृ.२३)' कृतज्ञ' (पृ.२५) आदि सर्वसाधारण पाठकले समेत बुझ्ने तत्सम शब्दहरूको प्रयोग गरी समासामयिक यथार्थको कलात्मक प्रस्तुत गर्ने कार्य गरेका छन् । निबन्धलाई अझ यथार्थता प्रदान गर्न 'प्याच्च','रौसिदैं', 'हरिप', 'न्याधिस्नी'जस्ता जनबोलीमा प्रयोग हुने शब्दहरूको प्रयोग गरेको देखिन्छ । 'करदे मुस्किल जिना...' 'हा सहरकी लड्की हो ....सहरकी लड्की' जस्ता हिन्दी गीतहरूको अंशहरूको समेत निबन्धहरुमा प्रयोग गरिएको पाइन्छ भने निबन्धहरूमा सङ्कटकालीन अवस्थाको करुणिकता दर्शाउनका लागि निबन्धभित्र कवितात्मक अभिव्यक्ति सिर्जना गरेर भाषिक मिठासमा सशक्त बान्की सिर्जना गरेको देखिन्छ । कतिपय निबन्धहरूमा अन्य लेखकहरूका सिर्जनाबाट उद्धृत् गरिएका सन्दर्भमा उचित मेल खाने किसिमका गद्यांश वा पद्यांशले धित मार्ने गरी व्यङ्ग्य अभिव्यञ्जित गरेका छन् निबन्धमा प्रयुक्त बिम्ब र प्रतीकले गहकिलो प्रभाव उत्पन्न गरएका छन् । 'भिक्षु नगरबधु' निबन्धमा 'नगरबधु' २०४६ पछि पुनर्बहाली भएको प्रजातन्त्रको प्रतीक बनेर आएको देखिन्छ । 'सत्तापक्षीय मुसो' भ्रष्ट नेताहरूको प्रतीक बनेर आएको देखिन्छ । 'शुनः सेप', 'विश्वमित्र' जस्ता मिथकीय शबदहरूको प्रयोगले भाषा अझ रोचक र प्रभावकारी बनेको देखिन्छ । 'मन्त्री र झारफुके' निबन्धमा मन्त्री र झारफुपकेको तुलनात्मक अभिव्यक्तिमा निबन्धले शैलीगत उच्चता प्राप्त गरेको छ । त्यसैगरी निबन्धमा अनुप्रासीय कथन, उपमामूलक र दृष्टान्तमूलक कथनका कारण आलङ्कारिक भाषाको निर्माण निबन्धमा भएको पाइन्छ । निबन्धहरूमा विषयवस्तुको सहज र स्पष्ट अभिव्यक्तिका लागि विभिन्न उखान र टुक्काको भरमग्दुर प्रयोगले सहयोग पुऱ्याएको पाइन्छ । 'जुन गोरुको लागि कटेरो बनायो उसको पुच्छर बाहिर' जस्ता उखानले नेपालको आन्तरिक यथार्थ अभिव्यक्तिका लागि उल्लेखनीय भूमिका पुऱ्याएको देखिन्छ । निबन्धमा वर्णनात्मक, विश्लेषणात्मक, नाटकीय, हास्यव्यङ्ग्यात्मक, व्याख्यात्मक शैलीको प्रयोग विषयवस्तु अनुसार गरिएको पाइन्छ ।

## ५.४.४ निष्कर्ष

सारांशमा भन्नुपर्दा ७७ वटा पृष्ठमा जम्मा १७ वटा निबन्धहरू सङ्ग्रहित हुन पुगेका प्रस्तुत सङ्ग्रहका निबन्धहरू एकै बसाइमा पढेर सकिने खालका छन् भने निबन्धमा कतिपय शब्दहरूको विशेष अर्थमा प्रयोग गरएको भेटिन्छ तथा कथ्य भाषाको प्रयोग समेत सजीब बनेर आएको देखिन्छ । निबन्धको भाषाशैलीले भाव र कलाको संयोजनमा उत्कृष्ट भूमिका निर्वाह गरेको छ भने हास्यव्यङ्ग्यलाई हेर्दा हास्यभन्दा व्यङ्ग्यात्मकता तीव्र बनेर आएको देखिन्छ । कानुनको अकर्मण्यता, घुसतन्त्रमा अडिएको राजनीतिक तथा प्रशासनिक राज्यव्यवस्थाका कूरूपता, राष्ट्रिय ढुकुटी रित्याउने नेता तथा सामाजिक, राजनीतिक, प्रशासनिक, सांस्कृतिक आदि क्षेत्रमा विद्यमान विकृत अवस्थाको चित्रण गर्नमा प्रस्तुत निबन्धसङ्ग्रह सशक्त रहेको देखिन्छ । यसरी हास्यव्यङ्ग्य निबन्धकार रुद्र खरेलले प्रस्तुत निबन्धसङ्ग्रहमार्फत विषयवस्तु

सामान्य प्रयोग गरेपनि चिन्तन भने विशिष्ट प्रस्तुत गरेका छन् । 'आषाढस्य प्रथमदिवसे' कृतिसम्म आइपुग्दा उनले आफ्नो विशिष्ट शैलीशिल्प र मान्यतालाई अगाँल्न पुगेको देखिन्छ ।

## ५.५ 'तेस्रो आँखा' निबन्धसङ्ग्रहको विश्लेषण

### ५.५.१ परिचय

सहस्राब्दी प्रकाशन प्रा.ली.ले प्रकाशन गरेको रुद्र खरेलको उत्केष्ट निबन्धसङ्ग्रह हो । प्रस्तुत निबन्धसङ्ग्रहमा खरेलका २०६० देखि २०६१ साल असोजसम्मका जम्मा १४ वटा निबन्धहरू समाविष्ट छन् । खैरो रङ्गको पृष्ठभूमिमा कालो, सेतो, पहेंलो कागज टाँसिएको जस्तो दखिने आवरण पृष्ठको बाँया भागमा छरिएका मान्छेहरूको समूह देखिन्छ भने बाँया भागमा निबन्धसङ्ग्रहको नाम(तेस्रो आँखा) राता अक्षरमा लेखिएको छ । यी दुईबीचको भागमा तेस्रो आँखाको सङ्केत गर्ने आँखाको  चित्र छ । सङ्ग्रहको पुच्छारमा लेखको नाम (रुद्र खरेल) उल्लेखित छ । तल्लोपट्टिको बाँया भागमा साना अक्षरमा आवरणकलाको निर्माण कर्ता के.के.कर्माचार्यको हस्तक्षर देखिन्छ । सङ्ग्रहको  पछिल्लो पट्टिको बाहिरी भागमा सर्जकको फोटोसहित उनका प्रकाशित कृतिहरूको निबन्धात्मक कृतिहरूको विवरण उल्लेखित छ । त्यसभन्दा तल खरेलका निबन्धकारिताका विषयमा विभिन्न विद्वान्हरूले भनेका विभिन्न पुस्तक तथा पत्रिकाहरूमा प्रकाशित लेखहरूबाट केही भनाइहरू उद्‌त गरिएको छ । निबन्धसङ्ग्रहको दोस्रो पाताको सिरानमा सङ्ग्रहको नाम लेखिएको छ भने ठीक त्यसमनि कोष्ठक चिन्हभित्र निबन्धसङ्ग्रहलाई व्यङ्ग्यात्मक निबन्धसङ्ग्रहका रूपमा परिचय दिने कार्य गरिएको छ ।  बीच भागमा निबन्धकारको नाम उल्लेख गर्नुका साथै पूच्छारमा प्रकाशक(सहस्राब्दी प्रकाशन प्रा.ली.)को नाम लेखिएको छ । पछिल्लो भागमा निबन्धसङ्ग्रहको नाम, सर्जकको नाम, प्रकाशनमिति, प्रकाशनप्रति, आवरणकला, कम्प्युटर, मुद्रण, प्रकाशक, फोन र मूल्यका विषयमा जानकारी दिइएको छ । जम्मा चौधवटा निबन्धहरू ६८ पृष्ठको लमाइमा फैलिएको प्रस्तुत सङ्ग्रहले मध्यम आकृति प्राप्त गरेको देखिन्छ ।

खरेलको निकै उत्कृष्ट निबन्धसङ्ग्रहका रूपमा परिचित प्रस्तुत सङ्ग्रहमा लेखकीय मन्तव्यलाई 'आमुख' स्तम्भ अन्तर्गत 'जीवन तलबाट माथि हामफालाइ, फेरि पनि हाम फालाइ फेरि पनि' शीर्षक दिएर निबन्धात्मक समस्तरकै रचनाका रूपमा राखिएको छ । यसमा आर्थिक कारोबारमा संलग्न एकजना व्यापारीलाई काखीका रौं काटिरहेको बेलामा टेलिभिजनले देखाएर उनको सफल जीवनको वर्णन गरेको प्रसङ्ग उल्लेख गर्दै सफलता-असफलतालाई लेखकीय दृष्टिमा परिभाषित गरिएको छ । प्रस्तुत निबन्धसङ्ग्रह मार्फत समकालीन राजनैतिक तथा प्रशासनिक क्षेत्रमा देखिएका असङ्गत पक्षको भण्डाफोर गर्ने कार्य गरिएको छ । राजाको सक्रियतामा सरकार चलेको  र मानव अधिकार विखण्डित भएको विषयवस्तुको अभिव्यञ्जना सशक्तताका साथ गरिएको छ ।

**विषयवस्तु**

| शीर्षक | विषयवस्तु |
|---|---|
| १.थुक्क असत्ति सहर | प्रस्तुत निबन्ध यस सङ्ग्रहको पहिलो क्रममा रहेको निबन्ध हो । निबन्धको संरचना दशवटा अनुच्छेद र चार पृष्ठमा निर्माण भएको देखिन्छ । प्रस्तुत निबन्धले सहरभित्रका मान्छेका सोचाइ, चिन्तन र इच्छामा आउँदै गरेको गलत प्रवृत्तिलाई विषयवस्तुका रूपमा प्रस्तुत |

| | |
|---|---|
| | गरेको छ । निबन्धमा गाँउमा रोग, भोकले गर्दा जनता सङ्कटग्रस्त अवस्थामा जीवन धान्न बाध्य छन् तर सहरिया परिवेशमा हुर्केका तिनीहरूमा गरीब र निमुखाहरूको दयनीय अवस्थाप्रति कुनै संवेदना छैन भन्ने धारणा निबन्धमा प्रस्तुत गरिएको छ । त्यसैगरी राष्ट्रिय अन्तराष्ट्रिय चलचित्रका नायक-नायिका चुम्बन चर्चामा निमग्न हुने सहरिया अपसंस्कृतिप्रति कठोर प्रहार गरिएको छ र उपभोक्तावादी क्षणजीवी चिन्तनमाथि घृणा व्यक्त समेत निबन्धमार्फत गरिएको छ । |
| २. डुहुरे मुसाको कुर्सी मोह | प्रस्तुत निबन्ध यस सङ्ग्रहको दोस्रो क्रममा रहेको निबन्ध हो । प्रस्तुत निबन्धको संरचना बाह्रवटा अनुच्छेद र चार पृष्ठमा निर्माण भएको देखिन्छ । निबन्धमा प्रतिगमनकालीन राजनीति सन्दर्भमा स्वच्छछवि भएको दाबीसहित प्रधानमन्त्री र मन्त्रीका लागि राजकीय निगाहको अपेक्षा गर्ने नेताहरूलाई डुहुरे मुसाका रूपमा प्रस्तुत गरेर तिनका पतित चरित्रमाथि धारिलो व्यङ्ग्य गरिएको छ । मुसाको चर्चा प्रसङ्गलाई अन्तर्वस्तु बनाएर राष्ट्रको ढुकुटी रित्याउने कुर्सीप्रेमी, सत्ताप्रेमी नेताहरूमाथि प्रहार निबन्धमा गरिएको छ । तल्लो वर्गका जनताहरू खान नपाएर आत्महत्या गरिरहेका छन् तर समस्या समाधानमा भन्दा वैयक्तिक स्वार्थमा लागेर कुर्सीप्रतिमोह देखाउने गलत प्रवृत्ति विकास गरेको कुरा प्रति निबन्कारको तीव्र रोष छ । प्रतिगमनकालीन समयमा आफूलाई प्रजातन्त्रवादी भनेर चिनउनेहरूले समेत डुहुरे मुसाको चरित्र देखाइएको विषयवस्तु समेत निबन्धमा प्रस्तुत गरिएको छ । |
| ३.कुरा काट्नेहरूको समर्थनमा | प्रस्तुत निबन्ध यस सङ्ग्रहको तेस्रो क्रममा रहेको निबन्ध हो । प्रस्तुत निबन्धको संरचना चौधवटा अनुच्छेद र पाँचवटा पृष्ठमा निर्माण भएको छ । प्रस्तुत निबन्धमा राजनैतिक, प्रशासनिक, बौद्धिक लगायत हरेक क्षेत्रका कुरा काट्ने प्रवृत्तिलाई बढावा दिएर अर्काको प्रगतिमा बाधा पुऱ्याउने गरेको गलत कार्यलाई निबन्धमा विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । आफ्नो मस्तिष्क एक प्रतिशत पनि उपयोगी कार्यमा नलगाई अरूको कार्यमा बाधा पुऱ्याउन तम्साने पवृत्तिप्रति निबन्धकारले भत्सनापूर्ण व्यक्त गरेका छन् । नेपालीहरूको पहिचान बनेको कुरा काट्ने प्रवृत्तिको आधारमा गुट-उपगुट बनाएर शत्रुता र मित्रताको रेखा कोर्ने निकृष्ट कार्यप्रति तीव्र व्यङ्ग्य प्रहार गर्ने कार्य निबन्धमा भएको देखिन्छ । |
| ४.ग्लास्गोको माटो लेलेको ढुङ्गो | प्रस्तुत निबन्ध यस सङ्ग्रहको चौधौं क्रममा रहेको छ । प्रस्तुत निबन्धमा डा.उपेन्द्र देवकोटाले बेलायतको ग्लास्गो भन्ने ठाँउको माटो र ललितपुरको लेलेको ढुङ्गो राखेर स्नायुरोगसम्बन्धी अस्पतालको शिलान्यास गरेको विषयलाई केन्द्रविन्दु बनाएर नेपालीहरूमा झ्याङ्गिदै गएको विदेशमोह र स्वार्थी प्रवृत्तिको विरोध गरिएको छ । विदेशी मोहमा संलग्न हुँदा नेताहरूबाट भएका |

| | |
|---|---|
| | छलकपट,धुर्त्याइँ, बेइमानी र स्वर्थीपनका दुष्ट गिर्खाहरू नफालिकन उनीहरूमा राष्ट्रियता र देशभक्तिको चेतना आउन नसक्ने भएकाले उपचारको खाँचो निबन्धमा प्रस्तुत गरिएको छ । |
| ५.पासपोर्ट साइज | प्रस्तुत निबन्ध यस सङ्ग्रहको पाँचौं निबन्ध हो । प्रस्तुत निबन्ध पन्ध्रवटा अनुच्छेद र चार पृष्ठमा फैलिएको छ । प्रस्तुत निबन्धमा आजको मान्छेमा नैतिकता, आदर्श र फराकिलो विचारको घनत्व हराउँदै गएको र त्यसले पासपोर्ट साइजको आकृति प्राप्त गरेको विषयवस्तु प्रस्तुत गरिएको छ । नेपाली समाजका राजनीतिक, प्रशासनिक,शैक्षिक, साहित्यिक आदि क्षेत्रमा कहलिएका व्यक्तिहरूमा रहेको सङ्कीर्णता, अशिष्टता, अनुत्तरदायीपना, अराजकताजस्ता दुष्प्रवृत्तिले उनीहरू पासपोर्ट साइजभन्दा ज्यादा विस्तार हुन नसकेको तीतो सत्यको उद्घाटन निबन्धमा गरिएको छ । |
| ६.कुलमान दाइको तेस्रो आँखा | प्रस्तुत निबन्ध उनको यस सङ्ग्रहको छैटौं निबन्ध हो । प्रस्तुत निबन्ध उनको निबन्धयात्राकै सबभन्दा दीर्घ संरचना प्राप्त रचना हो । एक्काईसवटा अनुच्छेद र दशवटा पृष्ठमा प्रस्तुत निबन्धको संरचना फैलिएको देखिन्छ । प्रस्तुत निबन्ध वरिष्ठ प्रगतिवादी कलाकार कुलमानसिंह भण्डारीको व्यक्तित्व र कृतित्वसँग सम्बन्धित छ । भण्डारीको कलापूर्ण सिर्जनात्मक क्षमताको समीक्षात्मक र भावनात्मक वर्णन गर्ने कार्य निबन्धमा गरिएको छ । खरेलका निबन्धहरूमध्ये आयामका हिसाबले सर्वाधिक लामो र सिर्जनाहरूमाथिको कलात्मक चर्चा गरिएको यसै निबन्ध शीर्षकबाट नै यस निबन्धसङ्ग्रहको नामकरण गरिएको छ । यसमा कलारूपी तेस्रो आँखाका माध्यमबाट कुलमानसिंहले क्यानभासमा उतारेका विचारपूर्ण चित्रकलाको सारपूर्ण समीक्षा गरिएको र कुलमान सिंह भण्डारीलाई जनताका अमर कलासाधक व्यक्तित्वका रूपमा मूल्याङ्कन गरिएको छ । |
| ७.बिग्रेको मति खुस्केको धोति | प्रस्तुत निबन्ध यस सङ्ग्रहको सातौं निबन्ध हो । प्रस्तुत निबन्ध एक्तीस वटा अनुच्छेद र सात वटा पृष्ठमा फैलिएको छ । कानुनी राजका लागि उपयुक्त व्यवस्थाको कमि, भ्रष्ट, अनैतिक र अमर्यादित कानुनविद्हरूले गर्दा नै देश लथालिङ्ग र भताभुङ्ग भएर भत्केको तथा हत्या, बलात्कार, शोषण । थिचोमिचो बढेको छ भन्ने विषयवस्तु निबन्धमा पस्तुत गरिएको छ । नेपालको कानुनी क्षेत्रमा व्याप्त भ्रष्टाचार, अनियमितता र पक्षपातपूर्ण क्रियाकलापप्रति स्वास्थानी शैलीमा कुमार र अगस्त्यमुनि जस्ता पौराणिक मिथकीय चरित्रका माध्यमबाट तीक्ष्ण व्यङ्ग्य गरिएको छ । |
| ८.सगरमाथाको फेदीबाट रुस्लानलाई यो सम्बोधन | प्रस्तुत निबन्ध यस सङ्ग्रहको आठौं निबन्ध हो र प्रस्तुत निबन्धको संरचना बाह्रवटा अनुच्छेद र पाँच वटा पृष्ठमा फैलिएको छ । रुसी सेनाले चेचेन्यामाथि आक्रमण गरेर जनधनको व्यापक क्षति भए जस्तै नेपालमा पनि सरकार र माओवादीबीच भएको युद्धबाट |

| | |
|---|---|
| | धेरै निर्दोष नेपाली नागरिकले ज्यान गुमाएको, कति परिवारको अवस्था विचलित भएको र जनधनको अत्यधिक क्षति भएको विषयवस्तुलाई तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ । सरकारले युद्धका लागि अनेकौं हतियारका लागि पैसा खर्च गरेको तर रुकुम, रोल्पाजस्ता नेपालका धेरै जिल्लामा भोकभोकै मर्न लागेका गरीब र निमुखामाथि वेवास्ता गरेको प्रतिगमनकालीन दुष्कृत अवस्थामाथि व्यङ्ग्य प्रहार गरेका छन् । साथै निबन्धमा युद्ध सन्त्रासजस्तै तथाकथित विकसित समाजमा छाएको यौन सन्त्रासप्रति प्रहार गरिएको छ । |
| ९.मानव अधिकारको संरक्षण | प्रस्तुत निबन्ध यस सङ्ग्रहको नवौं निबन्ध हो । प्रस्तुत निबन्धको संरचना दुई पृष्ठभित्रका निकै छोटा-छोटा निर्देशानात्मक वाक्यमा निर्माण भएको पाइन्छ । प्रस्तुत निबन्धमा सैनिक टुकुडी वृत्तभित्रको एउटा दृश्य ओगटेको यस निबन्धले मानव-अधिकारको अर्थ माथिल्लो स्तरका सैनिकहरूले तल्लो स्तरका सैनिकहरूलाई गोली ठोकी मार्नु भनेर सिकाउने गरेको अमानवीय शाही सत्ताकालीन चरित्रलाई उदाङ्गो पारेको छ । |
| १०.ओथेलो र कम्ब्याट ड्रेस | प्रस्तुत निबन्ध यस सङ्ग्रहको दशौं निबन्ध हो । नौ वटा अनुच्छेद र पाँच वटा पृष्ठमा निबन्धको संरचना निर्माण भएको देखिन्छ । प्रतिगमनकालीन अवस्थामा निरङ्कुश शासन-सत्ताले प्रजातन्त्रका नाममा जनहत्या र दमन गरेर निर्दोष जनताले बाँचेर बस्न पाउने अधिकार यथार्थ निबन्धमा विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । निबन्धमा सेक्स्पियरको 'ओथेलो' नाटकको पात्रको अभिनय गर्ने क्रममा कम्ब्याट ड्रेसमा सजिएको नेपाली पात्र नुर्बु लामाको जीवनप्रति संवेदनशील भएर नेपाली समाजमा व्याप्त युद्धजन्य विषादपूर्ण स्थितिको चित्रण गरिएको छ । ग्वेटमाला, कङ्गो, भुटान, नेपाल लगायतका द्वन्द्वग्रस्त मुलुकका जनताले भोगेका समान अनुभूतिप्रतिको तीव्र मानवीय संवेदनाको अभिव्यञ्जना यस निबन्धमा पाइन्छ । |
| ११.एउटा दन्त्यकथा | प्रस्तुत निबन्ध यस सङ्ग्रहको एघारौं निबन्ध हो । तेह्र वटा अनुच्छेद र दुई पृष्ठमा संरचित प्रस्तुत निबन्धमा २०५९ सालपछिको नेपाली राजनीतिक परिस्थितिको प्रतीकात्मक प्रस्तुति दिने कार्य निबन्धमा गरिएको छ । २०५९ सालमा भएको संसद विघटनको घटना र त्यसलाई पुनःस्थापना गर्नका लागि राजनीतिक दलहरूबाट आरम्भित आन्दोलनलाई प्रतीकात्मकरूपमा प्रस्तुत गरिएको छ । यस विषयवस्तुसँगै नेपाली समाजमा व्याप्त लोग्ने मरेपछि स्वास्नीले सिन्दुर र चुरा फुटाउनु पर्छ भन्ने गलत संस्कारको चित्रण समेत निबन्धमा प्रस्तुत गरिएको छ । |
| १२.छाउपडी र मुक्ति | सोह्र वटा अनुच्छेद र तीन पृष्ठमा संरचित प्रस्तुत निबन्ध यस सङ्ग्रहको बाह्रौं निबन्ध हो । छाउपडी प्रथाको विरोध गरिएको |

| | |
|---|---|
| | प्रस्तुत निबन्धमा मौलिक संस्कृतिको संरक्षण गर्नुपर्छ तर संस्कृति जोगाउने नाममा अनेक गलत र खल खालका संस्कृतिको समेत कुरा मानवीय तवरले अरूलाई दमन गर्नु हुदैन भन्ने विषयवस्तु निबन्धमा प्रस्तुत गरिएको छ । मौलिक संस्कृति र गोरवमय परम्पराको नाममा खराब आचरणको विकास भएकोप्रति समेत सचेत हुनुपर्छ भन्ने धारणा निबन्धमा व्यक्त गरिएको छ । समग्रमा निबन्धमा नेपालको सदूर पश्चिम क्षेत्रमा व्याप्त छाउपडी प्रथाको विरोध गरिएको छ र त्यस्ता नारी विरोधी र मानवीय कलङ्कको रूपमा रहेको अपसंस्कृतिको अन्त्य हुनुपर्ने आग्रह समेत निबन्धमा गरिएको छ । |
| १३.बोलपत्र | प्रस्तुत निबन्ध यस सङ्ग्रहको तेह्रौं निबन्ध हो भने यो निबन्ध दुई पृष्ठ र चौंतीस वाक्यको सानो आकारमा पृथक शैली र नवीन प्रस्तुतिमा निबन्धले आफ्नो संरचना प्राप्त गरेको छ । नेपालको राजनीतिभित्र दरबारिया चलखेल र षड्यन्त्रको सिलसिलाप्रति खिल्ली उडाउँदै गम्भीर व्यङ्ग्य गरिएको छ  प्रस्तुत निबन्धमा मुलुकको राजनीतिक अस्थिरता र यसले निम्त्याएको विकृत पूर्ण अवस्थाको सजीव चित्र प्रस्तुत गरिएको छ । २०६१ सालमा राजा ज्ञानेन्द्रद्वारा गरिएको स्वच्छछविको दाबी सहित प्रधानमन्त्रीको दरखास्त आह्वानलाई ठेकेदारीप्रथाको बोलपत्रको रूपमा प्रस्तुत गर्दै दराबारिया कुकृत्य र षड्यन्त्रको पर्दाफास गरिएको छ । |
| १४.अभ्र पनि मोजा सुँघ्ने | २०६१ वैशाख १ गते कान्तिपुरमा प्रकाशित डा.अरूणा उप्रेतीको लेखलाई सन्दर्भ बनाएर लेखिएको प्रस्तुत निबन्ध यस सङ्ग्रहको चौधौं वा अन्तिम निबन्ध हो । निबन्धमा 'मोजा सुघाँइने' प्रसङ्ग झिकेर निबन्धकारले नेपालको इतिहासमा धेरैपटक षड्यन्त्र, छलकपट भएको तथा जनताको बाँच्न पाउने अधिकारले सँधै दबिनु परेको र अब त्यसो हुनबाट रोक्न जनता सचेत हुनुपर्ने धारणा निबन्धमा व्यक्त गरिएको छ । निबन्धमा मोजा गनाएको कारण प्रेमी-प्रेमिकाको प्रेमसम्बन्ध चुँडिएको प्रसङ्ग  झिकेर नेपाली समाजमा इतिहासदेखि देखिँदै आएको मोजा सुँघ्ने र सुँघाउने धोका र विश्वासघातपूर्ण कालो प्रथाप्रति घृणा व्यक्त गरिएको छ  र त्यसको अन्त्य सदाका लागि हुनुपर्ने समेत आग्रह निबन्धमा अभिव्यक्त गरिएको छ । |

### ५.५.३ भाषाशैलीयविन्यास

'तेस्रो आँखा' व्यङ्ग्य निबन्धसङ्ग्रहको भाषाशैली विशिष्ट देखिन्छ । खरेलले सरलता र सरसतालाई बाधा नपारीकन नयाँ-नयाँ शब्दको निर्माण गरी आफ्नो प्रयोगात्मक शिल्पको परिचय समेत दिएका छन् । प्रस्तुत निबन्धसङ्ग्रहको भाषाशैलीमा प्रवाहमयता पाइन्छ । त्यसैले कवितात्मकताको आभास यस सङ्ग्रहका निबन्धमा पाइन्छ भने अनुप्रास-अन्त्यानुप्रासीय

श्रुतिमधुर शैलीले यसलाई झनै प्रष्ट्याउँछ । 'म एउटा भाङ् धतुरोको भारी ब्रह्मचारी दारी, चारी-चारी हिड्छु ज्ञानको छारी तर हे अगस्ते मुने, त्यस नारीका सुइरा जस्ता वचनबाणले मेरो हिर्दयलाई छियाछिया पाऱ्यो', 'मैले नारी शरीरलाई कहिल्यै ठानिन अंशमा पाएको बाबुको टारी बारी' जस्ता अनुप्रास युक्त काव्यात्मक भाषाशैलीका कारण निबन्धहरू झन आकर्षक, प्रभावकारी, श्रुतिमाधुर्य बन्न पुगेका छन् । सरल,संयुक्त र मिश्र तीनै प्रकारका वाक्यसंयोजन भएपनि प्रायः मिश्र वाक्यको प्राधान्य र तत्सम, तद्भव र आगन्तुक तीन प्रकारकै शब्दचयन यस सङ्ग्रहका निबन्धहरूमा पाइन्छ । कतै कतै प्रशासनिक तथा कानुनी क्षेत्रका शब्दहरूको पनि प्रयोगले भाषाको प्रयोगमा विशिष्टता ल्याएको छ । उखान-टुक्काको प्रयोगले निबन्धहरू स्वदिला बन्न पुगेका छन् । 'ममको यो गति भञ्जाको झन् कमिलाको धोती' सिलटिम्बुर खानु', 'जिब्रो टोक्नु' 'आन्द्रा निस्कनु','चोरलाई चौतारो','मर्दका दसवटी', 'मामाको घोडी मेरो हि हि'। जस्ता उखान तथा टुक्काहरूको प्रयोगले निबन्धहरू बडो रसिला बन्न पुगेका छन् । उपमामूलक र दृष्टान्तमूलक कथनहरूले निबन्धरूमा आलङ्कारिक भाषिक प्रयोगमा व्यञ्जनार्थ अभिव्यक्तिमा सशक्तता प्रदान गरेका छन् । 'मानव अधिकारको संरक्षण' जस्ता निबन्धहरूमा प्रत्यक्ष कथनका उद्धरणले चिन्हभित्रका वाक्यहरूको निर्देशन तर समर्पणको भाषा र नाटकीय संवादात्मक शैलीमा भिन्न नवीन प्रयोगात्मक शिल्पशैलीको परिचय दिएका छन् । 'कालो गोमन', 'मोजा सुँघाउनु' 'घिउलाटा' 'कृष्णभीरको पहाड' जस्ता प्रतीकात्मक पदावलीहरू व्यङ्ग्यात्मक अर्थमा प्रयोगा गरिएका छन् । कतिपय निबन्धहरूमा संस्कृतका श्लोकहरूको विनिर्माण गरी नेपाली समसामयिक राजनीतिक र सामाजिक क्षेत्रभित्रका खराब पक्षहरूको भण्डाफोर समेत गरिएको छ । 'बिग्रेको मति खुस्केको धोती' निबन्धमा भानुभक्तकालीन भाषाशैलीको प्रयोग भएको पाइन्छ भने स्वास्थानीको कथन शैलीका कारण निबन्ध झन् आकर्षक बन्न पुगेको पाइन्छ । वर्णनात्मक, विवरणात्मक, पत्रात्मक, प्रतीकात्मक, तीव्र हास्यव्यङ्ग्यात्मक समालोचनात्मक, संवादात्मक, सूचनात्मक आदि विभिन्न शैलीको प्रयोग निबन्धहरूमा पइन्छ । 'ग्लास्गोको माटो लेलेको ढुङ्गो ' सरल भाषा र पत्रात्मक शैलीमा निर्मित निबन्ध हो । 'चरालाई जस्तो खुत्रुक्कै', 'ढुकुर जस्तै हप्याक-हप्याक हुनु' जस्ता उपमामूलक कथनले निबन्धहरूमा आलङ्कारिकताको प्रादुर्भाव भएको देखिन्छ । हिन्दीका कतिपय गीतका अंशहरूको प्रयोग तथा अन्य कविका कवितात्मक पंक्तिहरूको प्रयोगले निबन्धहरूलाई अझ नयाँ बान्की प्रदान गरेका छन् । 'च्याँउ च्याउ','छ्याक्-छ्याक', जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले निबन्धहरूको भाषाशैलीमा प्राकृतिकता पाउन सकिन्छ ।

### ५.५.४ निष्कर्ष

रुद्र खरेलको 'तेस्रो आँखा' निबन्धसङ्ग्रह मन्द हास्यमा तीव्र व्यङ्ग्य गरिएको निबन्धहरूको सँगालो हो । प्रस्तुत सङ्ग्रहका माध्यमबाट उनले विशेषतः व्यक्ति, समाज, राजनीति, शिक्षा, सङ्कटकालीन अवस्था आदि विविध क्षेत्रका बाह्य तथा आन्तरिक विकृति र विसङ्गतिमाथि प्रहार गरी आमूल परिवर्तनको अपेक्षा राखेका छन् । ६८ पृष्ठमा जम्मा चौध वटा निबन्धहरू सङ्ग्रहित प्रस्तुत निबन्धसङ्ग्रहका निबन्धहरू एकै बसाइमा पढेर सिध्याउने खालका छन् भने उनको निबन्धलेखनले अझ उत्कर्षता प्राप्त गरेको कुरा विषयवस्तु र भाषाशैलीको प्रयोगमा देखिएको यथार्थता र परिष्कृतताले पुष्टि गर्दछ । सरल, सहज, रोचक र प्रभावकारी भाषाशैलीको प्रयोग भएको पाइएपनि कतिपय निबन्धहरूले नवीन प्रयोगशिल्पको खोजी समेत गरेको देखिन्छ । तीक्ष्ण व्यङ्ग्यात्मक शैलीको प्रयोगको प्राधान्य पाइने उनका

पूर्ववर्ती निबन्धसङ्ग्रहहरू भन्दा प्रस्तुत निबन्धसङ्ग्रहका निबन्धहरू तीक्ष्ण व्यङ्ग्यात्मक शैलीबाट क्रमशः श्लेषात्मक शैलीमा रूपान्तरित हुँदै सामान्य शब्दमा विशिष्ट अर्थ भरेर समसामयिकताप्रति प्रहार गर्न सक्षम भएका पाइन्छन् ।

## ५.६ 'शब्दको भ्वाङ्' निबन्धसङ्ग्रहको विश्लेषण

### ५.६.१ परिचय

रुद्र खरेलको अहिलेसम्मको अन्तिम व्यङ्ग्यात्मक निबन्धसङ्ग्र **शब्दको भ्वाङ्** २०६४सालमा विवेकसिर्जनशील प्रकाशन, काठमाडौंले प्रकाशित गरेको कृति हो । मध्यम आकारको यस कृतिमा २०६२ देखि यता **गरिमा , नयाँ कोसेली, फित्कौली** जस्ता पत्रपत्रिकामा छरिएर रहेका निबन्धहरू यहाँ सङ्कलित छन् भने कतिपय निबन्धहरू एकैचोटि यसै सङ्ग्रहमा सङ्ग्रहीत हुन पुगेका छन् । जम्मा बहत्तर पृष्ठमा अटाइएका अठार वटा निबन्धहरू यहाँ भए पनि 'आँ-मुख' नाम दिई प्रकाशित गरिएको 'तपाईंको हृदयका कान छन्' नामक पहिलो निबन्धलाई विषयसूचीमा समावेश गरिएको छैन । भूमिकामूलक भएपनि यसको व्यङ्ग्यात्मक पक्ष सशक्त देखिन्छ । यस सङ्ग्रहमा दरबार हत्याकाण्ड, क्रान्ति दबाउन खोज्ने शासकका कृत्य, वाक्स्वतन्त्रताको हनन, लैङ्गिक विविधता, बोली रव्यवहारको
असमानता, व्यक्तिमा देखिने हतारो प्रवृत्ति, आयोगको प्रतिवेदनको बेवास्ता, भ्रमपूर्ण विधान तथा सामन्ती संस्कारका छोटे राजाहरूको कार्यशैलीलई विषयवस्तु बनाई निबन्ध सिर्जना गरिएका छन् ।

| | |
|---|---|
| १. तपाईंका हृदयका कान छन्? | पस्तुत निबन्ध यस सङ्ग्रहको प्रथम निबन्ध हो । यस निबन्धको संरचना तेह्र वटा अनुच्छद र चार पृष्ठमा निर्माण भएको पाइन्छ । प्रस्तुत निबन्धलाई यस सङ्ग्रहभित्र लेखकले आमुखका रूपमा राखेका छन् । साहित्यकारको हृदयले तल्ला वर्गका रूपमा परिचित शोषितहरूको चित्कार सुन्नुपर्छ भन्ने विषयवस्तु निबन्धमा प्रस्तुत गरिएको छ । स्रष्टा समाजको सचेत नागरिक हो तर उसको व्यवहारमा दिनानुदिन परिवर्तन आउँदै गरेको तीतो पक्षप्रति निबन्धकारको घोर आपत्तिको प्रकटीकरण भएको पाइन्छ । ठूलो हृदयले युग सुन्छ भन्दै स्रष्टाको दायित्व के हो ? त्यसप्रति चनाखो हुनुपर्ने धारणा निबन्धमा व्यक्त गरिएको छ । अन्याय र शोषणको जाँतोमनि पिँधिएका व्यक्ति र क्षेत्रको पीडालाई अनुभव गर्न नसक्ने हृदयहीन साहित्यकारहरूमाथि तीव्र प्रहार गरिएको छ । वर्ग, संस्कृति, भूगोल र परिवेशलाई सम्बोधन नगरी साहित्यको दायित्व पूरा हुन सक्दैन भन्दै स्रष्टाहरूमा चट्याङ्, आँधी, बेहरीलाई छाम्न सक्ने क्षमता हुनुपर्दछ भन्ने धारणा प्रस्तुत गर्दै यस प्रकारको अवस्थाको सिर्जना नभएको प्रति निबन्धकारले घोर आपत्ति प्रकट गरेका छन् |
| २.शुक्रबार | प्रस्तुत निबन्ध यस सङ्ग्रहको दोस्रो निबन्ध हो । यस निबन्धमा राजदरबारको हत्याकाण्डपछि ज्ञानेन्द्रको शासनबाट निर्मम तरिकाले जनताहरूमाथि पीडा दिने कार्य गरिएको विषय निबन्धमा प्रस्तुत गरिएको छ । लोकतन्त्रप्रेमीहरू कत्तिको शोषित बनेका छन् भन्ने तीतो |

| | |
|---|---|
| | यथार्थ निबन्धमा प्रस्तुत गरिएको छ । शाहीकालको एकतन्त्रीय शासन व्यवस्थाले निम्त्याएको भयानक अवस्थाको प्रत्याङ्कन निबन्धमा गरिएको छ । प्रस्तुत निबन्धमा 'शुक्रबार' राजदरबारको हत्यकाण्ड सम्झाउने र 'म' लोकतन्त्रको प्रतीक बनेर आएका छन् । शाहीशासनलाई डाइनासरसँग र नेतालाई चितुवा, गिद्ध आदि सँग तुलना गरेर उसका निर्मम व्यवहारको पर्दाफास गर्ने कार्य प्रस्तुत निबन्धमा गरिएको छ । यसरी निबन्धमा 'शुक्रबार' दरबार हत्यकाण्डदेखि शाहीप्रतिगमनसम्मका हिंस्रक र निरङ्कुश अभियानको थालनी भएको दिनका रूपमा चर्चा गर्दै त्यस्ता शुक्रबार निम्त्याउने शाहीशासनमाथि तीक्ष्ण व्यङ्ग्य प्रहार गरिएको छ । |
| ३.अञ्जुलीमा एक ४.पित्को आगो, दुई थान अरिमट्ठे तिघ्राहरू | प्रस्तुत निबन्ध यस सङ्ग्रहको तेस्रो निबन्ध हो । प्रस्तुत निबन्धको संरचना पाँच वटा अनुच्छेद र दुई पृष्ठमा निर्माण भएको पाइन्छ । प्रस्तुत निबन्ध एतिहासिक जनआन्दोलनका अवसरमा लेखकले प्रहरी तालिमकेन्द्र महाराजगन्जमा जेलजीवन बिताइरहेका बेला लेखिएको हो । स्वतन्त्रताका इच्छुक नेपालीहरूले श्रम गरेपनि त्यसलाई तुहाउने कार्य गरेको शाहीशासनका कुकृत्यपूर्ण व्यवहारको पर्दाफास निबन्धमा गरिएको छ । नेपाली वीर प्रमिथसहरूले कठोर तपस्याले प्राप्त स्वतन्त्रतालाई राष्ट्रघाती लघुशङ्काले निभाउने कार्य गरेको भन्दै व्यङ्ग्यात्मक झटारो हान्ने कार्य निबन्धमा गरिएको छ । नबन्धमा 'आगो' क्रान्तिको पतीक बनेर आएको देखन्छ । क्रान्ति दबाउन खोज्ने शाहीशासनको विरोध नै निबन्धको मूल विषयवस्तु भएर आएको पाइन्छ । |
| ५.आज राति के देखें सपना | यो निबन्ध यस सङ्ग्रहको चौथो निबन्ध हो । प्रस्तुत निबन्धको संरचना आठ वटा अनुच्छेद र तीन पृष्ठमा निर्माण भएको पाइन्छ । निबन्धमा कम्युनिष्ट भनेर हिड्नेहरू कसरी विचारमा खुकुलो र अडीगपना हराउँदै गएका छन् र टुट-फुट विभाजन, व्यक्तिगत कुण्ठा, विरोधाभाषी चिन्तन र चरम महत्वाकाङ्क्षाको सजीब चित्रण गरिएको छ । विचारको नसामा झुक्ने तर कार्यमा त्यसको सार्थकता नदेखिने पक्षप्रति तीखो व्यङ्ग्य कसिएको छ । यसप्रकार स्वतन्त्रतताका आगामा सु गर्ने प्रतिगमनलाई उठ्नै नसक्ने गरी पछार्नु पर्ने क्रान्तिकारी वैचारिक आह्वान निबन्धमा गरिएको छ । |
| ६.गम्भीर हुनेबारे | प्रस्तुत निबन्ध यस सङ्ग्रहको पाँचौ निबन्ध हो । शाहीशासनकालीन राजनैतिक अवस्थाप्रति तीतो रोषको प्रकटीकरण नै निबन्धको मुख्य विषयवस्तु बनेर आएको देखिन्छ । छिर्के लाउने, धुत्ने, छल्ने परिपाटीको तीव्र विरोध प्रस्तुत निबन्धमा गरिएको छ । शाही अग्रह अनुरूप गम्भीर हुने नाममा हृदयका कान थुन्ने र विवेकका आँखा गुमाउने राजनीति कर्मी र बुद्धिजीवीहरूको अवसर परस्त प्रवृत्तिमाथि प्रहार गर्ने कार्य निबन्धमा गरिएको छ । शैक्षिक राजनीतिकरणको अवस्था, मान्छेले मान्छे भएर बाँच्न नपाउने अवस्थाको तीव्र खोइरो खन्ने काम निबन्धमा गरिएको छ । शाहीशासनका कुत्सित व्यवहारप्रति रोष प्रकट गरिएको प्रस्तुत निबन्धमा नेपाली राजनीतिको क्षेत्रमा पलाएको नराम्रो |

| | |
|---|---|
| | गतिविधिको भण्डाफोर गर्ने कार्य निबन्धमा गरिएको छ । |
| ७.महिला साथी, पुरुष साथी | पस्तुत निबन्ध यस सङ्ग्रहको सातौं निबन्ध हो । प्रस्तुत निबन्धको संरचना आठ अनुच्छेद र चार पृष्ठमा निर्माण भएको पाइन्छ । प्रस्तुत निबन्धले नेपाली समाजमा व्याप्त लैङ्गिक असमानतालाई छर्लङ्ग्याउने कार्य गरेको छ । नारीहरू लैङ्गिकताका आधारमा उनीहरू नरामाइलो गरी शोषित र पीडित बनेका छन् भन्ने तीतो यथार्थ निबन्धको सामल बनेर आएको पाइन्छ । देशमा विद्यमान लैङ्गिक विभेदकता र समाजले नारीलाई सांस्कृतिक, राजनैतिक आदि पक्षबाट दिइएको पीडालाई निबन्धले बढो कलात्मकताका साथ प्रस्तुत गरेको छ । यसप्रकार निबन्धमा नारीलाई हेप्ने सामाजिक-सांस्कृतिक-भाषिक संरचनाहरूको अन्त्य गर्नुपर्ने विचार अभिव्यञ्जित गरिएको छ । |
| ८.आज र राति के देखें सपना | प्रस्तुत निबन्ध यस निबन्ध यस सङ्ग्रहको आठौं निबन्ध हो भने यस निबन्धको संरचना आठ वटा अनुच्छेद र तीन पृष्ठमा निर्माण भएको पाइन्छ ।निबन्धमा नेपालको कम्युनिष्ट आन्दोलनमा असाध्य रोग झैं छाएको टुटफुट, विभाजन, व्यक्तिगत कुण्ठा, विरोधाभाषी चिन्तन र चरम महत्वाकङ्क्षाको सजीव चित्रण गरिएको छ र अधःपतनमुखी ढोंगी क्रान्तिकारीताप्रति व्यङ्ग्य गरिएको छ । कम्यनिष्टहरूमा विचारप्रतिको अडिगपन हराउँदै गएको अवस्थाको चित्रण नै निबन्धको मुख्य विषयवस्तु बनेर आएको देखिन्छ । |
| ९.शब्दको भ्वाङ् | प्रस्तुत निबन्ध यस सङ्ग्रहको आठौं निबन्ध हो । प्रस्तुत निबन्धको संरचना आठ वटा अनुच्छेद र छ वटा पृष्ठमा निर्माण भएको पाइन्छ । विभिन्न क्षेत्रका व्यक्तिहरूको नीति र व्यवहारमा एकरूपता नहुँदा उनीहरूले बोल्ने शब्दमै भ्वाङ् परिसकेको पक्षलाई जोड दिइएको छ । शब्दले दिने अर्थको वास्ता नगरिएको हुनाले शब्दमा भ्वाङ् परेको कुरा निबन्धकारले दर्शाउन खोजेका छन् । नेपाली साहित्य र नेपलको वाम आन्दोलनका विकृत-विसङ्त पक्षहरूको उत्खनन गर्दै अनि अर्थहीन नैतिकता, सच्चरित्रताका शब्दमा भ्वाङ् परेको र ती निरर्थक बनेको यथार्थ औंल्याउँदै व्यङ्ग्यात्मक झटारो हान्ने कार्य गरिएको छ । पुरस्कार पद जिप्ट्याउन पछि लागेको साहित्यकारप्रति व्यङ्ग्य र मार्क्सवादी सिद्धान्तको सार नखिची हिड्ने पदका लोभी हुन् भन्दै खरो प्रहार गरिएको छ ।  यसरी प्रस्तुत निबन्ध निकै सशक्त बनेर आएको देखिन्छ । |
| १०.हतारै हतार | प्रस्तुत निबन्ध यस सङ्ग्रहको नवौं निबन्ध हो । प्रस्तुत निबन्धको संरचना नौ वटा अनुच्छेद र  चार पृष्ठमा निर्माण भएको पाइन्छ । अर्काको कुर नसुन्ने राजनैतिक नेता र दोसल्ला ओड्ने अनेकथरि नाटक रच्ने साहित्यकारप्रति तीक्ष्ण व्यङ्ग्य प्रहार गरिएको छ । हतारको परिणाम हतास रहेछ मान्छेको ज्यानी दुष्मना फेरि हामी त्यसैको पछि किन छौं ? किन यस्ताहरूलाई नै आदर्श ठान्छौं भन्दै दुनो साझ्याउन हतार गर्ने प्रवृत्तिबाट निर्माण हुँदै गएको कुरूप संस्कृतिको चित्रण गरिएको छ । हतारसँग उपद्रो मच्चाउने र फुर्सदमा थकथकि मान्ने कुत्सित आचरणप्रति |

| | |
|---|---|
| | तेजिलो व्यङ्ग्य प्रहार गरिएको छ । |
| ११.बाघभैरव यस स | प्रस्तुत निबन्ध यस सङ्ग्रहको दशौं निबन्ध हो । प्रस्तुत निबन्धले शाहीशासन र तत्समयमा नेपाली राजनीतिक क्षेत्रमा व्याप्त गलत गतिविघिलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेको देखिन्छ । राजकीय घोषणा र भोजन अभियानलाई तीब्र बनाउने राजाप्रति व्यङ्ग्य गरिएको छ । यस निबन्धमा 'वाघभैरव' राजा ज्ञानेन्द्र र 'हाकुकाका' गिरिजाप्रसाद कोइरालाको प्रतीक बनेर आएका छन् । सम्झौता र संविधान विपरीत गएर धारा र उपधारामाथि आक्रमण गरी निमुखाहरूको बाँच्ने अधिकार खोसिएको अवस्थामाथि निबन्धकारले प्रतीकात्मक रूपमा सशक्त व्यङ्ग्य कसेका छन् । यसरी निबन्धमा वघभैरवलाई राजतन्त्रको प्रतीक बनाएर त्यसको क्रूर, मौका परस्त र हिंस्रक चरित्रको चित्रण गरिएको छ । यस निबन्धमा शाही प्रतिगमन र त्यसको विरुद्धको ऐतिहासिक जन-आन्दोलनको सन्दर्भ नै प्रमुख विषयवस्तुको रूपमा आएको छ । |
| १२.आयोग अर्थात खायोग | प्रस्तुत निबन्ध यस सङ्ग्रहको एघारौं निबन्ध हो । नेपालमा घटेका हरेक महत्वपूर्ण घटनापछि बन्ने गरेका आयोग अवसरवादी बुद्धिजीवीहरूका लागि खाने माध्यम भएको र तिनको कार्यान्वयन हुन नसकेको तीतो यथार्थलाई प्रस्तुत गरिएको छ । मल्लिक आयोग, टोपबहादुर रायमाझी आयोग जस्ता आयोगहरू बनेका तर तिनीहरूले प्रतिवेदनमा बुझाएको कुरालाई प्रजातान्त्रिक सरकारहरूले सही कार्यान्वयन नगरेको विषय नै निबन्धको मुख्य खुराक बनेको देखिन्छ । सही अनुसन्धानबाट प्राप्त नतिजाको सही कार्यान्वयन हुन नसक्ने कुत्सित व्यवस्थामाथि निबन्धले खरो झापट हानेको छ । समग्रमा प्रस्तुत निबन्धले शाहीप्रतिगमन र त्यसको विरुद्धको एतिहासिक जन-आन्दोलनको सन्दर्भ निबन्धले विषयवस्तुको रूपमा प्रयोग गरेको देखिन्छ । |
| १३.झाडीमुनीकी द्रोपदी ठमेलका साइबर सिर्किस्न | प्रस्तुत निबन्ध यस सङ्ग्रहको बाह्रौं निबन्ध हो । प्रस्तुत निबन्धमा ठमेलका नारीहरूलाई वासनाको भोगपूर्ण गर्ने साधन र अर्काको घर बढार्ने साधन बनाइएको र तिनीहरू सहाराविहीन भएर बाँचेको पक्षलाई प्रहार गरिएको छ । नारी अस्तित्व र अस्मिता पुरुषहरूको अदम्य कामेच्छा र योनपिपासाले दमित बनेको छ र त्यसको केन्द्रको रूपमा ठमेललाई उभ्याइएको छ । कुरु सभामा द्रौपदीको चीरहरण गरिएको महाभारतीय पौराणिक प्रसङ्ग जोडेर तुल्यरूपमा प्रस्तुत गरिएको छ । हरेक किच्चकहरूले नारीहरूको अस्तित्व र अस्मिता धमाधम लुटेको कुरालाई बढो चर्को पाराले विषयवस्तुको रूपमा प्रयोग गरिएको छ । |
| १४.थरीथरीका लात्तीहरू | प्रस्तुत निबन्ध यस सङ्ग्रहको तेह्रौं निबन्ध हो । अर्काको स्वच्छ प्रगति देख्न नचाहने मान्छेहरूका कुत्सित व्यवहारमाथि प्रहार गरिएको प्रस्तुत निबन्धमा खुट्टातानातान गर्ने नेपालको इतिहास र वर्तमान समयमा व्याप्त खराब आचरणका पक्षहरूलाई अर्को विचारको दललाई लात्ती हान्नु र पछार्नु राम्रो होइन भन्दै राजनैतिक क्षेत्रका खराब संस्कृतिको चित्रण गर्दै लात्ती हान्नु र पछार्नु राम्रो होइन भन्दै धारिलो व्यङ्ग्य प्रहार गरिएको |

| | |
|---|---|
| | छ । सामाजिक, साहित्यिक, राजनैतिक क्षेत्रका खराब संस्कृतिको चित्रण गर्दै लात्ती संस्कृतिमाथि व्यङ्ग्यबज्र हानिएको छ । |
| १५.कट्टुसत्य | प्रस्तुत निबन्ध यस सङ्ग्रहको चौधौं निबन्ध हो । प्रस्तुत निबन्धमा आधुनिकताले सत्यलाई भ्रम ठाने झैं संविधान एकातर्फ र व्यवहार अर्कातर्फ हुने नेपाली राजनीतिको भ्रमपूर्ण सत्यको उद्घाटनलाई नै विषयवस्तुको रूपमा प्रयोग गरिएको छ । हेर्ने आँखा र ग्रहण गर्ने बुद्धि अनुसार सत्य पनि बुद्धि अनुसार सत्य पनि फरक–फरक हुने विचार व्यक्त गर्दै तत्कालीन नेपालको संविधान र उत्तरआधुनिकतावादी सिद्धान्तलाई समानरूपमा चित्रण गरिएको छ । दोहोरो भ्रमात्मक लाग्ने यस्ता सिद्धान्तगत सत्यहरूलाई कट्टुसत्य ठानेर तिनमाथि निर्मम प्रहार गरिएको छ । |
| १५.मुण्ड मुण्ड बुद्धि ! | प्रस्तुत निबन्ध यस सङ्ग्रहको पन्ध्रौं निबन्ध हो । प्रस्तुत निबन्धमा कुनै विषयमा नबुझिकन चल्न खोज्नेहरू राम्ररी फन्दामा पर्दछन् भन्ने सत्यलाई विषयवस्तुको रूपमा प्रयोग गरिएको छ । कुनै पनि विषयमा जानकारी नलिई बोलियो भने बिना-वित्थामा आपत्ति र विपत्ति आइपर्छन् भन्ने धारणा निबन्धमा प्रस्तुत गरिएको छ । प्रस्तुत निबन्ध व्यङ्ग्यात्मक भन्दा पनि बढी उपदेशमूलक भएर आएको छ । एउटा दन्त्यकथाका राजाको मूर्खता र अज्ञानीपनको सटिक चित्र प्रस्तुत गर्दै विषयवस्तुलाई अझ प्रष्ट पार्ने काम निबन्धमा गरिएको छ । प्रस्तुत दन्त्यकथाका माध्यमबाट नेपाली राजाको समेत दुःखद अन्त्य हुने सङ्केत निबन्धले गरेको देखिन्छ । |
| १७.श्रीमान् वाङ्को नाकमा धुलो | प्रस्तुत निबन्ध यस सङ्ग्रहको सोह्रौं निबन्ध हो । प्रस्तुत निबन्धमा आफ्नो हैसियतलाई माथि पार्न खोज्ने विपरीत विचारका वाङ्हरू अर्थात् नाइकेहरूप्रति तीक्ष्ण प्रहार गरिएको छ । सहकार्य संस्कृतिको तिरस्कार गर्ने, आफ्नो मपाइत्व सिद्ध गर्ने चालबाजी रच्ने नाइकेहरू नेपालको राजनीति तथा साहित्यक्षेत्रमा प्रशस्त छन् भन्ने विषयवस्तु निबन्धमा प्रयोग गरिएको छ । यी नै खराब आचरण बोकेका व्यक्तिहरूका कारण दिनानुदिन मूल्य र आदर्श भत्किरहेको विषयलाई समेत निबन्धले प्रस्तुत गरेको छ । वालअधिकार संरक्षण गर्ने नाममा उनीहरूमाथि उल्टै दमन गर्नेहरू अधिकारवादी संस्थाको वाङ् भएको चर्चा गर्दै निबन्धमा अरूको मतको कदर नगर्ने, अर्काको सिद्धान्तको खण्डन गर्ने प्रवृत्तिमाथि झापट् हानिएको छ । व्यवस्था परिवर्तन भएर मात्र हुदैन संस्कारमा परिवर्तन हुनुपर्छ भन्ने धारणा निबन्धमा प्रस्तुत गरिएको छ । चिनिया भाषाको छोटे राजाको प्रसङ्ग देखाएर नेपाली राजनीतिक-सामाजिक क्षेत्रमा देखिएका छोटे राजाहरूको स्थिति प्रस्तुत गर्दै हरेक व्यक्तिले आफ्नो सच्चा चरित्रको मापन र पहिचान गर्न ऐना हेर्नुपर्ने आग्रह गरिएको छ । |
| १८.उभयलिङ्गी नृत्य | प्रस्तुत निबन्ध यस सङ्ग्रहको सत्रौं निबन्ध हो । प्रस्तुत निबन्धले राष्ट्रका नेता, अभिनेता, प्रायोजक, प्रशिक्षक, सर्जक तथा पृष्ठपोषक सबैको हींजडा |

| | |
|---|---|
| | नृत्यपूर्ण व्यवहारले देश अधोगतितर्फ लागेको कुरा अभिव्यञ्जित गरेको छ । हींजडाको प्रसङ्ग ल्याएर समाजका दुई जिब्रे नेता, बुद्धिजीबी तथा बोकाबोक गर्ने प्रवृत्तिको तीव्र विरोध गर्ने कार्य बढो कलात्मकताका साथ गरिएको छ । |
| १८.पुच्छर उम्रिएपछि | प्रस्तुत निबन्ध यस सङ्ग्रहको अठारौं निबन्ध हो । प्रस्तुत निबन्धमा प्रतिष्ठित व्यक्तिहरूको मानसिकताको चित्रण गरिएको छ । कुकुरलाई बिम्बको रूपमा प्रयोग गरिएको प्रस्तुत निबन्धमा स्वार्थले ग्रसित बनेका व्यक्तिहरूका कारण देश चुर्लुम्ब बनेको कुरा निबन्धमा प्रस्तुत गरिएको छ । लोभ, स्वार्थ, भोग, आदिका परूिका कारण देश चुर्लुम्ब बनेको कुरा निबन्धमा प्रस्तुत गरिएको छ । लोभ, स्वार्थ, भोग, आदिका पछि लागेर ऱ्याल चुहाउने व्यक्तिहरूप्रति निबन्धले तीक्ष्ण व्यङ्ग्य कसेको छ । |
| १९.सुरक्षित अवतरण | प्रस्तुत निबन्ध यस सङ्ग्रहको उन्नाइसौं निबन्ध हो यही निबन्ध नै यस सङ्ग्रहको अन्तिम निबन्ध समेत हो । मानिसले मानिसलाई नगन्ने अभिमानी प्रवृत्तिको खोइरो खन्ने कार्य निबन्धमा गरिएको छ । आफ्नै समूहका मान्छेले आफ्नै समूहका अन्य मान्छेलाई सानो सम्झने गलत प्रवृत्तिको तीव्र विरोध निबन्धमा गरिएको छ । मुसी सम्वन्धी एउटा लोककथाको प्रयोग गर्दै विषयवस्तुलाई अझ प्रष्ट पार्ने कार्य निबन्धमा गरिएको छ । धनबल, तनबल र सत्ताबलका पछाडि दगुर्नेहरू कसरी अन्तिममा भुइँमै पछारिन्छन्  भन्ने कटुसत्यलाई निबन्धमा प्रस्तुत गरिएको छ । |

## ५.६.४ भाषाशैलीय विन्यास

रुद्र खरेलले प्रस्तुत सङ्ग्रहका निबन्धहरूमा सरल, सहज, सरस, स्पष्ट, प्रभावकारी भाषाशैलीको प्रयोग गरेका छन् । उनले निबन्धहरूमा व्यख्यात्मक, विश्लेषणात्मक, वर्णनात्मकजस्ता पद्धति अपनाउँदै विषयवस्तुभित्र भाव र कलाको संयोजन गर्न उनी सफल बनेका देखिन्छन् । निबन्धमा प्रयुक्त बिम्ब र प्रतीकले गहकिलो प्रभाव उत्पन्न गराएका छन् अर्थात् बिम्बात्मक र प्रतीकात्मक भाषाशैलीका कारण निबन्धहरू अझ वजनदार र गहकिला बन्नपुगेका छन् । 'शुक्रबार' निबन्धमा 'शुक्रबार' दरबार हत्यकाण्ड सम्झाउने बिम्बका रूपमा र 'म' लोकतन्त्रको प्रतीक बनेर देखिएका छन् । 'अञ्जुलीमा एक पित्को आगो, दुई थान अरिङ्गे तिघ्राहरू' मा 'आगो' क्रान्तिको प्रतीक बनेको छ भने 'गम्भीर हुनेबारे'मा 'कुकुर', 'भ्यगुता', 'स्याल' ,'लामखुट्टे', 'चितुवा', 'अजिङ्गर' , 'गोमन', 'गोही'हरू बोली र व्यवहारमा एकरूपता नभएका अवसरभोगी शासकको प्रतीक बनेका छन् । 'शब्दको भ्वाङ'मा  'विरुवाका मुना' र 'पात चपाउने चिप्लेकिरो' जनताका इच्छा-आकाङ्क्षालाई बेवास्ता गर्ने विभिन्न क्षेत्रका व्यक्तिको प्रतीक बनेका छन् । यसैगरी 'बाघभैरव'मा 'बाघभैरव' राजा ज्ञानेन्द्रको र 'हाकुकाका' गिरिजाप्रसाद कोइरालाको प्रतीक बनेका छन् । निबन्धकार रुद्र खरेलले निबन्धहरूमा विषयवस्तुलाई अगाडी बाढाउँदा आत्मपरक र सम्बोधनात्मक शैलीको प्रयोगमा आफूलाई कुशलताका साथ प्रस्तुत गरेका छन् भने निबन्धहरूलाई अझ जीवन्तता प्रदान

गर्न उनले लोककथात्मक शैलीको समेत प्रयोग गरेको पाइन्छ । उनले निबन्धहरूभित्र विचारसुहाउँदा उखान र टुक्काहरूको प्रयोग गरेको देखिन्छ । 'म ताक्छु मुढो बन्चरो ताक्छ घुँडो', 'भूतले खाजा खाने बेला', 'महादेवका तीन नेत्र बल्नु', 'जता मल्खु उता ढल्कु' जस्ता उखान-टुक्काको प्रयोग आधिक्यपूर्ण प्रयोगले निबन्धहरू आकर्षक बनेका देखिन्छन् । निबन्धमा विभिन्न उपमामूलक र दृष्टान्तमूलक अलङ्कारहरूको प्रयोग भेटिन्छ । 'आयोग अर्थात् खायोग' भित्र त्रेता युगको रापकथामा जोगीले पाएको दुःखलाई दृष्टान्तका रूपमा ल्याई समसामयिकताप्रति छेड हानिएको छ । यसैगरी 'सुरक्षित अवतरण'मा मुसीको कथालाई र 'बाघभैरव'मा शाही शासनको कार्यशैली बुझाउन राधावल्लभको 'साँढे कवित्'का केही पङ्क्तिलाई दृष्टान्तका रूपमा प्रयोग गरिएको छ । यस्तै 'भस्मेको ढेडुझैं', 'नुन खाएको कुखुराजस्तो' 'पाताले तरुल जस्तो' 'लाटीले पापा हेरेजस्तो' जस्ता उपमामूलक पदावलीले समसामयिक विसङ्गतिका अल्झनको तुलनात्मक निष्कर्ष प्रस्तुत गरेका छन् । 'शुक्रबार'मा पश्चिमेली मिथ पात्र प्रमिथसलाई उपस्थित गराएर जनताको प्रतिनिधि बनाइएको छ भने 'झाडीमुनिकी द्रौपदी : ठमेलका साइबर सिर्किस्न' मा श्रीकृष्णको मिथकलाई दृष्टान्तका रूपमा प्रयोग गर्दै डान्स-रेष्टुराँको चरित्र उद्घाटन गरिएको छ । उनका निबन्धमा बातचितमा प्रयोग हुने कथ्य शब्दहरूको प्रयोगसमेत भेटिन्छ । 'पर्धानमन्त्री', 'सिर्मन', 'पस्पती', 'रख्खे''दोइतिर', 'परसाइँ', 'पोस्तक' आदि त्यस्ता शब्द हुन् । निबन्धमा बातचितमा प्रयोग हुने कथ्य शब्दहरूको प्रयोगसमेत भेटिन्छ । हिन्दी पदावलीहरूको प्रयोग पनि निबन्धहरूमा प्रयोग भएको पाइन्छ । यस्ता पदावलीहरूले निबन्धमा अरू रोचकता थपेको भेटिन्छ । विचार वा सार तत्वलाई उत्कर्षमा पुऱ्याउन मानक भाषामर्फत सहज अभिव्यक्ति दिनु खरेलको निबन्धगत वैशिष्ट्य हो ।

## ५.६.४ निष्कर्ष

'शब्दको भ्वाङ' निबन्धकार रुद्र खरेलको निबन्धयात्राको अन्तिम उत्कृष्ट निबन्धसङ्ग्रह हो । उनले यस सङ्ग्रहमार्फत गहन विचार प्रस्तुत गरेका छन् । यस सङ्ग्रहका निबन्धले दरबार हत्यकाण्ड, क्रान्ति दबाउन खोज्ने शासकको नृत्य, वाक्स्वतन्त्रताको हनन लैङ्गिक विविधता, बोली र व्यवहारमा असमानता, व्यक्तिमा देखिने हतारो, आयोगको प्रतिवेदनको वेवास्ता, भ्रमपूर्ण विधान तथा सामन्ती संस्कार, छोटे राजाका कार्यशैलीलाई विषयवस्तु बनाई सशक्तताका साथ व्यङ्ग्य गरेका छन् । जबजब समाज अनियमितता तर्फ धकेलिन्छ, धर्मको नाममा पाखडिपन हावी हुन्छ, राजनैतिक खिचतानीले उग्ररूप लिन्छ , लैङ्गिक विभेदकताले असमानता ल्याउँछ, विचार र व्यवहारमा फरकपन देखिन्छ , चाकडी चाप्लुसी प्रथाले सताउन थाल्छ तब खरेल उग्ररूप लिएर निबन्धमार्फत देखापर्दछन् । यस सङ्ग्रहभित्रका निबन्धहरूमा हास्य केही शिथिल तथा व्यङ्ग्य दृढ बनेर आएको देखिन्छ र सहज, सरल, र स्पष्ट भाषाशैलीको प्रयोग, भाव, र प्रतीकको गहकिलो प्रभाव, सरल बिम्ब, लोककथात्मक शैली, विचार सुहाउँदा उखान-टुक्काको प्रयोग, उपमामूलक र दृष्टान्तमूलक अलङ्कारको प्रयोगले निबन्धको व्यङ्ग्यपक्षलाई अझ सशक्तताका साथ चमक थपेका छन् ।

## छैटौं परिच्छेद

# उपसंहार

नेपालाको सुदूरपूर्वी जिल्ला पाँचथरको फलैंचा भन्ने गाँउमा स्व. देवीचरण खरेल र माता भक्तिमायाका कान्छा सन्तानका रूपमा रुद्र खरेलको जन्म २००४ साल भदौ १८ गते भएको थियो । समान्य किसान परिवारमा जन्मिएका खरेलका पिता कमजोर आर्थिक अवस्थाका कारण समग्र परिवार लिएर दार्जिलिङ बसाई सरे । उक्त बसाई समेत सहज हुन नसकेका कारण एक डेढ वर्ष जति त्यहाँ बसेर उनी पुनः परिवार लिएर नेपाल फर्किई इलाम आई बसोबास गर्नथाले । इलाम बसाइकै सन्दर्भमा २००८ सालमा उनका पिताको देहावसान भयो । वाल्याकालमै पिता गुमाउन पुगेका खरेलले निकै दुःख सहनुपरेको देखिन्छ । पिताको देहावसान पश्चात् परिवारिक दायित्व आमाको काँधमा आइपऱ्यो । इलाममै बसेर पारिवारिक दायित्व धान्न कठिन पर्ने भएकाले उक्त परिवारले  इलामबाट झरेर झापाका विभिन्न स्थानमा पटक-पटक बसाइँ सर्दै २०११ सालतिर झापाको शनिश्चरेको कालीथानमा आएर स्थिरता प्राप्त गर्दछ । रुद्र खरेल ११ वर्षको हुदा २०१५ सालमा उनकी आमाको समेत मृत्यु हन्छ । बाल्य अवस्थामै आमाबाबू गुमाउन पुगरेको खरेलको बाल्य जीवनी अत्यन्त कारुणिक र जटिल बनेको देखिन्छ ।

इलामको वर्फल्याङ गाउबाट अक्षरारम्भ गरेको खरेलले १२ वर्षको उमेरतिर  धुलावारी बजारको प्राथमिक विद्यालयको १ कक्षामा भर्ना भए तर आमाको मृत्युका कारण उनको अध्ययन केही वर्षसम्म थन्किन पुग्यो र पछि एकै चोटि २०१७ सालमा ४ कक्षामा भर्ना हुने अवसर प्राप्त गरे । विभिन्न कारुणिक अवस्थाहरुसँग सङ्घर्ष गर्दै भए पनि उनले २०२४ सालमा शनिश्चरे हाइस्कुलबाट एस.एल.सी पास गरे । २०२६ सालमा मेची क्याम्पसबाट आइ.ए. पास गरे । अध्ययनका सन्दर्भमा समाचार सुन्ने पत्र पत्रिका पढ्ने र वामपन्थी विचारको गहिरो अध्ययन गर्ने कार्यमा सम्लग्न रहेका खरेलले २०२८ मा मेची क्याम्पसबाटै वि.ए. पास गरे । तत्कालिन पञ्चायती व्यवस्थाको खरो विरोध गरेका कारण जेल जीवन विताउन बाध्य भए पनि उनले काठमाण्डौंको नख्खु जेलमा बन्दी भएका समयमा २०३४ सालमा नेपाली विषयमा एम्.ए. पास गरे । यसरी खरेलको औपचारिक शिक्षा स्नातकोत्तर उत्तीर्ण गरेपछि टुङ्गिन्छ ।

हिन्दू धर्मको मान्यता अनुसार २००५ साल माघ २९ गते गजप्रसाद थपलिया र माता दीप कुमारी थपलियाकी जेठी सुपुत्रीका रुपमा जन्मिएकी नीरा थपलियाका साथ उनको विवाह २०२९ सालमा सम्पन्न भयो । २०३१ सलादेखि २०४२ सालसम्मको अवधिमा उनका ४ छोराहरू र २ छोरीहरूको जन्म भएको देखिन्छ । तर उनका केही छोराहरूको जन्मदै र कसैको केही वर्ष बाँचेर मृत्यु भएको पाइन्छ । हाल उनका २ छोरीहरू छन् ।

कार्यक्षेत्रका सन्दर्भमा उनको प्रमुख क्षेत्र शिक्षाण पेशा भएको देखिन्छ । उनले २०२८ सालदेखि २०३० सालसम्म झापाको गौरादहमा रहेको जनता मा.वि. मा अध्यापन गराएको देखिन्छ भने २०३५ साल श्रावणदेखि २०६२ सालसम्म नेपाल ल क्याम्पस र २०६२ जेठदेखि पाटन वहुमूखी क्याम्पसमा प्राध्यापन गरेको देखिन्छ । त्यसैगरी काठमाण्डौ स्कुल अफ ल क्याम्पसमा पनि प्राध्यापन गराएका थिए । उनले मुना साहित्य सेवा समिति शनिश्चरे झापाद्वारा प्रकाशित सामूहिक संकलन **पञ्चामृत** (२०२५), **उत्साह**, **वेदना** जस्ता पत्रिकाको सम्पादन समेत गरेको पाइन्छ । त्यसैगरी **कानून परिचर्चा** र **आन्दोलन**

**कविता**को समेत सम्पादन गरेका खरलले ४० को दशकका केही प्रगतिशील कविताहरुको तथा आन्दोलन कविता संग्रहको सम्पादन समेत उनले गरेका छन् । सामाजिक उन्नति र उत्थानका निमित्त विभिन्न संघ संस्थाहरुमा संलग्न रही  खरेलले सामाजिक कार्यमा समेत आफूलाई उभ्याएको पाइन्छ ।

राजनैतिक क्षेत्रमा उनको संलग्नतालाई हेर्दा वामपन्थी राजनैतिक चेतनाबाट प्रभावित खरेलले २०२५ सालदेखि राजनीतिक क्षेत्रमा प्रवेश गरेको देखन्छि । २०२७ साल पछि नक्सालवादी अराजक चिन्तनबाट प्रभावित एउटा छुट्टै समूह तयार भए पनि खरेलले संस्थापन पक्ष ने.क.पा. पूर्व कोशीको क्षेत्रीय समितिको संयोजक बनेर साङ्गठनिक तथा बैचारिक नेतृत्व समेत सम्हालेका देखिन्छ । तत्कालिन पञ्चायती व्यवस्थाको विरोध गरेको आरोपमा उनले २०३० देखि २०३४ सालसम्म जेल जीवन समेत भोग्नु परेको पाइन्छ । यसै गरी २०४६ सालको जनआन्दोलमा समेत उल्लेखनीय भूमिका निभाएका खरेलले २०६२/६३ को जन आन्दोलनमा ससक्तताका साथ सहभागी भएका कारण उनले एक महिना जेलजीवन समेत भोग्नु परेको देखिन्छ । प्राध्यापन पेशामा संलग्न रहे पनि उनी राजनीतिक क्षेत्रमा समेत आफ्नो उपस्थितिलाई ससक्त बनाएको देखिन्छ । जीवनको अन्तिम समयमा ने.क.पा. एकिकृत एकता केन्द्र मशाल र ने.क.पा. माले विभाजित भई बनेको ने.क.पा. (एकिकृत) का केन्द्रीय सदस्य भएको पाइन्छ । राजनीतिक क्षेत्रमा आफ्नो उल्लेखनीय भूमिका भएपनि उनी विशेषेतः साहित्यमा सिर्जनामा सुपरिचित हुन पुगेका छन् । साहित्यसिर्जनाका क्षेत्रमा विद्यार्थीकालदेखि नै सक्रिय रहेका  खरेलले २०२२ सालदेखि कविता विधाबाट साहित्ययात्रा आरम्भ गरेका भएपनि निबन्ध विधामा उनले विशेष सफलता प्राप्त गरेका छन् । साहित्य-सृजनामा सशक्तताका साथ योगदान पुऱ्याएको कारण विभिन्न पुरस्कारद्वारा सम्मानित बनेका खरेल चिन्तन र चरित्रमा सङ्गति भएका स्रष्टा हुन् ।

रुद्र खरेलका व्यक्तित्वका अनेक पाटाहरू रहेको देखिन्छ । स्वाभावजन्य व्यक्तित्वका हिसावले नम्र, मिलनसार, गम्भीर र सहयोगी र स्पष्ट वक्ता खरेल लेखकीय व्यक्तित्वमा कवि, निबन्धकार, भूमिकामूलक, जीवनीलेखक, समालोचक व्यक्तित्वका रूपमा परिचित हुनपुगेका छन् । त्यसैगरी सामाजिक, शिक्षक, प्रकाशक, सम्पादक व्यक्तित्वका रूपमा समेत आफूलाई चिनाएका छन् । विभिन्न व्यक्तित्वका पाटाहरू विकास गराउन समर्थ तथा प्रगतिवादी साहित्यका एक सशक्त प्रतिभा खरेलको २०६४ सालमा मृत्यु भएको हो ।

साहित्य-सिर्जनालाई मुख्य लेखनक्षेत्र बनाउने उनको **छोरीलाई** (२०४७) नामक कवितासङ्ग्रह प्रकाशित भएको पाइन्छ । प्रस्तुत कवितासङ्ग्रहमार्फत उनले विशेषतः पञ्चायती क्रूरतापूर्ण व्यवहारको प्रतीकात्मक प्रस्तुति गरेका छन् । उनले कविता विधाबाट साहित्ययात्रा आरम्भ गरेका भएपनि उनी निबन्ध विधामा विशेषतः सुपरिचत हुनपुगेका छन् । उनका निबन्धात्मक कृतिहरूमा **तपाईंको नाम के हो** ?(२०४९) ,**तोरीलाहुरे चोकमा एकछिन**(२०५२), **बिर्सिस्यो कि** ?(२०५७), **आषाढस्य प्रथमदिवसे** (२०५९), **तेस्रो आँखा** (२०६१), **शब्दको भ्वाङ्** (२०६४) गरी जम्मा ६ वटा निबन्धसङ्ग्रहहरू प्रकाशित भएका छन् । प्रस्तुत निबन्धात्मक कृतिहरूमा उनले सामाजिक, आर्थिक, सांस्कृतिक आदि क्षेत्रमा व्याप्त विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्यात्मक अभिव्यक्ति दिएका छन् । हास्यपूर्ण शैलीमा आमूल परिवर्तनकामी चाहना उनले निबन्धहरूमार्फत व्यक्त गरेका छन् ।

उनको निबन्धयात्रामा विषयवस्तुको प्रयोग, प्रवृत्ति, संरचात्मक स्वरूप, हार्दिकता र बौद्धिकताको उपयोग, भाषाशैली, अभिव्यक्तिको ढाँचा र चिन्तनको प्रयोगगत विविधताका

आधारमा उनको हास्यव्यङ्ग्य निबन्धयात्रा तीन चरणमा अन्तर्विभाजित हुने देखिन्छ । २०२५ सालमा **पञ्चामृत** पत्रिकामा प्रकाशित **नमस्ते** निबन्ध प्रकाशित गरेर आफ्नो निबन्धयात्रा प्रारम्भ गर्ने खरेलको प्रथम चरण २०४९ सालसम्म विस्तारित भएको पाइन्छ । यस चरणका निबन्धमा विशेष गरेर शिशु प्रजातन्त्रकालीन कुरूप राजनीतिक र सामाजिक यथार्थमाथि प्रहार गरिएको पाइन्छ । आंशिक आत्मपरकताको प्रयोग पाइएपनि त्यो विषयवस्तुलाई कलात्मक रूप दिने साधनका रूपमा प्रयोग भएको देखिन्छ । उनको हास्यव्यङ्ग्ययात्राको दोस्रो चरण २०५० देखि २०५८ सालसम्म फैलिएको पाइन्छ । यस चरणमा विशेष गरेर सामाजिक, राजनीतिक, प्रशासनिक, आदि क्षेत्रमा रहेका वेथितिको राम्रो प्रत्यङ्कन गरिएको देखिन्छ । विषयवस्तुको छनौट, अभिव्यक्तिशिल्प र चिन्तनका क्षेत्रमा नयाँ-नयाँ पवृत्तिको आत्मसात यस चरणमा भएको देखिन्छ । उनको हास्यव्यङ्ग्यलेखनको तेस्रो चरण २०५८ सालदेखि २०६४ सालसम्म विस्तारित भएको देखिन्छ भने यस चरणको समयावधिभित्र प्रकाशित पूर्वोक्त तीन वटा निबन्धसङ्ग्रहहरूले उनको हास्याव्यङ्ग्यकारितालाई परिचित गराएका छन् । २०५८ सालको दरबार हत्याकाण्ड, २०५९को शाहीप्रतिगमनको प्रथम अभ्यास, २०६१ को शाही प्रतिगमनको पूर्ण अभ्यास र २०६२/०६३ को जनआन्दोलन र यसले प्राप्त गरेको सफलता र पुनः राजनेताहरूमा देखिन थालेको गलत प्रवृत्तिको प्रकटीकरण यस चरणमा विशेष गरेर भएको पाइन्छ । यस चरणको लेखनको मूल उद्देश्य व्यक्ति, समाज, शाहीशासनका गलतकृत्य, राजनीति, शिक्षा आदि जस्ता विविध क्षेत्रका बाह्य र आन्तरिक विकृति र विसङ्गतिमाथि प्रहार गरी आमूल परिवर्तनको अपेक्षा नै रहेको देखिन्छ ।

वि.सं. १९८२/८३ मा भारतबाट प्रकाशित हुने पत्रपत्रिकामार्फत हास्यव्यङ्ग्य निबन्धलेखनको सुरुआत भएको हो । यतिखेरको **गोरखासंसार** (१९८३) पत्रिकामा प्रकाशित वेदनिधि शर्मा तथा विद्यावतीका निबन्धभित्र हास्यमिश्रित व्यङ्ग्यात्मक अभिव्यक्तिहरू भेटिन्छन् । वि.सं. १९९२ सालमा **शारदा**को प्रकाशनपछि हास्यव्यङ्ग्य निबन्धले अझ शसक्तता प्राप्त गर्छ । यसै पत्रिकाका माध्यमबाट सिलवाल पण्डित, हरिनाथ खनाल, हृदयचन्द्रसिंह प्रधान, लक्ष्मीप्रसाद देवकोटा, वासुदेव शर्मा लुइँटेल, केशवराज पिँडाली आदि निबन्धकारहरूले हास्यव्यङ्ग्य निबन्धलेखनपरम्परालाई अझ शसक्तताका साथ अगाडि बढाउँछन् । २००७ सालको क्रान्तिपछि लेखनस्वतन्त्रताका कारण रुद्रराज पाण्डे, लीला ध्वज थापा, केशवलाल कर्माचार्य आदि निबन्धकारहरू विभिन्न क्षेत्रभित्र विद्यमान विकृति र विसङ्गतिहरूमाथि शसक्तताका साथ व्यङ्ग्य गर्दै निबन्ध लिएर देखापर्छन् । २०१७ सालपछि नेपाली हास्यव्यङ्ग्य निबन्धले केशवराज पिँडाली, भैरव अर्यालजस्ता व्यक्ति प्रतिभाहरूको प्रवेशले अझ शसक्तता प्राप्त गर्छ । यस अवधिमा रामकुमार पाँडे, कृष्णचन्द्रसिंह प्रधान, श्याम गोतामे, नेरेन्द्रराज पौडेल, चोलेश्वर शर्मा, खगेन्द्र सङ्ग्रौला आदि हास्यव्यङ्ग्य निबन्धकारहरूले देशभित्र र बाहिरका अनेक खराब पक्षमाथि तीव्र प्रहार गर्दै आफूलाई स्थापित तुल्याएका छन् । त्यसैगरी २०४६ सालपछि हास्यव्यङ्ग्य निबन्धक्षेत्र अझै गतिशील बनेर देखापरेको छ । यस समयमा राजेन्द्र सुवेदी, विष्णु प्रभात, लक्ष्मण गाम्नागे, नरेन्द्रराज पौडेल आदि निबन्धकारहरूको समकालीन निबन्धकारका रूपमा रुद्र खरेलको आगमन भएको पाइन्छ । यसरी पछिल्लो चरणमा देखापरेका रुद्र खरेलले परिमाणात्मक र गुणात्मक योगदान प्रदान गर्दै नेपाली हास्यव्यङ्ग्य निबन्धलेखन परम्परामा आफूलाई शीर्ष तुल्याउन सफल भएका छन् ।

हास्यव्यङ्ग्य निबन्धकार रुद्र खरेलले सामाजिक संरचनाका कारण रहनसहन, मानमर्यादा, आस्था र सद्भाव जस्ता पक्षभित्र विद्यमान अनेकन विकृत अवस्थाहरूमाथि तीव्र व्यङ्ग्यात्मक

झटारो हानेका छन् । परम्परागत उचित संस्कारको जगेर्ना गर्नुको सट्टा भौतिकवादी बन्ने चाहनाले गलत प्रवृत्तिको विकार गरेको पक्षप्रति खरेल रुष्ट बनेर देखापरेका छन् । सहरिया परिवेशमा गलत आचरणमाथि उनले आक्रोश पोखेका छन् । सामाजिक अन्धविश्वास र समाजभित्रको वर्गीय असमानताका कारण समाजमा शोषण दमनपूर्ण परिस्थिति रहेको र त्यसको विरोध नै उनका निबन्धले गरेका छन् । महिला-महिलाबीचको असहिष्णु व्यवहारले महिला नै महिलाको प्रगतिको बाधक बनेको अस्तव्यस्तपूर्ण सामाजिक जीवनप्रणालीलाई उनले निबन्धमार्फत चित्रण गरेका छन् । आफ्नो नामको खाम लगाएर बिना योगदान आफू परिचित हुन चाहने मान्यताले समाजमा व्यपकता छाएको विकृत अवस्थाको चित्रण गर्नका साथै पितृसत्तात्मक सामाजिक संरचनाको समेत घोर विरोध उनका निबन्धमा गरिएको पाइन्छ ।

राजनैतिक क्षेत्रमा देखिएका विसङ्गतिपूर्ण अवस्थाको चित्रणमा उनले व्यङ्ग्यात्मक अभिव्यक्ति प्रणाली अपनाएको देखिन्छ । पञ्चायती शासनव्यवस्थामा सर्वसाधारण जनताले भोग्नुपरेका पीडा र त्यस विरुद्ध भएको जन-आन्दोलको उत्कर्षताको चित्रण समेत निबन्धहरूले गरेका छन् । प्रजातन्त्रको आगमनपछि नेताहरू प्रजातन्त्रको आगमनपछि नेताहरू प्रजातान्त्रिक मूल्यको संरक्षण गर्न पट्टी नलागी नेताहरूमा सत्ताव्यभिचार हाबी भएको पक्षको उद्घाटन गरिएको देखिन्छ । सरकार सञ्चालक नेताहरूमा सत्ता-व्यभिचार हाबी भएको पक्षको उद्घाटन गरिएको देखिन्छ । सरकार सञ्चालक नेताहरूमा वैयक्तिक स्वार्थमा चल्ने प्रवृत्तिको विकासको तीव्र विरोध गरिएको छ । राजनैतिक परिवेशमा देखिएको अनियमितता माओवादी जनयुद्ध आरम्भ भएको र सरकार र माओवादीबीचको भीडन्तले सर्वसाधारण जनतामा आएको पीडाको मर्मबोध उनका निबन्धले अभिव्यञ्जित गरेका छन् । समतामूलक राज्यसञ्चलनको अपेक्षासहित आफ्ना निबन्धहरूमा व्यङ्ग्य प्रहार गरेको देखिन्छ । त्यसैगरी उनका निबन्धमा मानवीय व्यक्ति विसङ्गतिमाथि तीव्र व्यङ्ग्य प्रहारसमेत गरेको पाइन्छ । समाजमा आफ्नो मैमत्ता देखाउने प्रवृत्तिले गर्दा एउटा व्यक्तिले अन्यलाई होच्याउने आचरणको विकास भएको खराब पक्षको विरोध उनले निबन्धमार्फत उद्घोष गरेका छन् ।

सामाजिक, राजनैतिक तथा मानवीय विसङ्गतिपूर्ण उतारचढाबका अतिरिक्त प्रशासनिक वेथितिको चित्रण गर्नुका साथै नेपालको प्रशासनिक संयन्त्र सुधार हुनुपर्ने वैचारिकता समेत प्रकटीकृत भएको पाइन्छ । कानुनी विसङ्गतिको चित्रण गर्ने सन्दर्भमा न्यायालयको दृष्टिदोषपूर्ण फैसला ,शैक्षिक क्षेत्रभित्रको व्यपारीकरण र चिट संस्कृतिको विकासले निम्त्याएको विकृत परिवेशको स्पष्ट चित्रण उनका निबन्धमा पाइन्छ । आर्थिक क्षेत्रभित्रको बेरुजु, सञ्चार क्षेत्रभित्रको गुणस्तरहीन उत्पादन, गैरसरकारी संस्थाका पैसामुखी आयोजनाहरू र मानव अधिकारको ह्रासोन्मुख अवस्था साथै साहित्य क्षेत्रभित्र देखिएको वैचारिक अडानमा विचलनशीलता जस्ता विषयप्रति निबन्धकारले चासो राखेका छन् भने सुधारको अपेक्षा सहित उच्च व्यङ्ग्यात्मक अभिव्यक्ति समेत दिएका छन् । सामाजिक दुर्गन्ध, सांस्कृतिक कुरुपता, धार्मिक रुग्णताका साथै राष्ट्रिय र अन्तराट्रिय परिवेशमा फैलिएको दूराचारलाई समेत निबन्धहरूले विषयवस्तुको रूपमा प्रयोग गरेको देखिन्छ ।

निबन्कार रुद्र खरेलले निबन्धहरूमा सहज, सरल, स्पष्ट, बोधगम्य भाषाशैलीको प्रयोग गरेका छन् । वर्णनात्मक, व्यख्यात्मक, विश्लेषणात्मक, विवरणात्मक, कथात्मक, आत्मपरक, वस्तुपरक, स्वैरकल्पनात्मक,, संबोधनात्मक शैलीको अयोजनाबाट उनले विषयवस्तुको प्रभावकारी ढङ्गले प्रस्तुतीकरण गरिएको पाइन्छ । अनुप्रासीय शब्दसंयोजनको कुशलता निबन्धमा पाइन्छ । विषयवस्तुको प्रस्तुत गर्दा कतै आँफैले निर्माण गरेका तथा कतिपय ठाँउमा

अन्य कविद्वरा निर्मित कवितात्मक अंशहरूको प्रयोगले निबन्धहरूलाई अझ रोचक बनाएको छ। विभिन्न सन्दर्भका संस्कृत, नेपाली, हिन्दी र अङ्ग्रजी गीत, कविता अनि तुकबन्दीयुक्त उद्धरणहरूको प्रस्तुतिले उनका निबन्धहरू अझ रोचक, घोचक र प्रभावपूर्ण बनेको देखिन्छ। उपमामूलक, दृष्टान्तमूलक र बक्राक्तिमूलक कथन ढाँचाबाट मूल कथ्यलाई निष्कर्षमा पुऱ्याउन खरेल सफल भएको देखिन्छ। उनका धेरैजसो निबन्धहरूमा हास्यपूर्णशैलीमा विभिन्न क्षेत्रका विकृति र विसङ्गतिमाथि तीक्ष्ण व्यङग्य प्रहार गरिएको छ। विभिन्न स्रोतका शब्दहरूको प्रयोग गर्नुका साथै उचित स्थानमा उखान र टुक्काको प्रयोगले निबन्धहरू अझ प्रभावपूर्ण बनेको देखिन्छ। सामाजिक, धार्मिक, राजनैतिक अनि राष्ट्रिय र अन्तराष्ट्रिय र मिथकीय बिम्बहरूको आयोजनाबाट सम्बन्धित क्षेत्रभित्रका अड्मिल्दा पक्षमाथि व्यङ्ग्य गर्नसमेत उनी सफल भएको पाइन्छ। सरलता र सरसतामा बाधा नपारीकन नयाँ-नयाँ शब्दको निर्माण गरी आफ्नो प्रयोगात्मक शिल्पको परिचय समेत दिएका छन्।

उपर्युक्त तथ्यहरू उनका हास्यव्यङ्ग्यकारिताका सबल पक्ष हुँदाहुँदै पनि उनका निबन्धहरूमा कतिपय दुर्बल पक्ष समेत फेलापर्दछन्। कतिपय निबन्धहरूमा कलामूल्यका पक्षमा सचेतता अपनाउन सकेको पाइदैन। कतिपय निबन्धहरूमा गालीगलौजको भाषा समेत प्रयोग गरिएको छ भने व्यक्तिगत आक्षेप , लाञ्छना र ठाडो निन्दा गरिएको पाइन्छ। हास्यात्मकता ल्याउनका लागि वा निबन्धमा मनोरञ्जनात्मकता प्रदान गर्नका लागि प्रस्तुत गरिएका कतिपय प्रसङ्गहरूमा अश्लीलता समेतको प्रयोग भेटिन्छ। यिनीहरूलाई खरेलको हास्यव्यङ्ग्यकारितामा देखापर्ने सीमा वा दुर्बलपक्ष मान्नुपर्ने हुन्छ।

यिनै शक्ति र सीमाका बीचमा हास्यव्यङ्ग्य निबन्धकार रुद्र खरेलको हास्याव्यङ्ग्यकारिता परिचित रहेको पाइन्छ। प्रयोजनबद्ध व्यञ्जनात्मक प्रस्तुतिको वैशिष्ट्य अँगलेर यथार्थलाई प्रतीकात्मक भाषामा पुर्नरचना गर्नु र त्यसमार्फत सुधारको सन्देश दिनु उनको लेखनधर्मिता बनेकाले आधुनिक नेपाली हास्यव्यङ्ग्य निबन्धलेखनपरम्परामा उनको विशिष्ट स्थान कायम रहेको छ भन्न सकिन्छ।

## सन्दर्भग्रन्थसूची


**(क) सन्दर्भपुस्तकसूची**

खरेल, रुद्र, **तपाईंको नाम के हो ?**, काठमाडौँ : पाठ्यसामग्री प्रकाशन, २०४७ ।

……… , **तोरीलाहुरे चोकमा एकछिन**, काठमाडौँ : खरेल, २०५२ ।

……… , **बिर्सिस्यो कि ?,** काठमाडौँ : सिर्जनशील प्रकाशन, २०५७ ।

…….. , **आषाढस्य प्रथमदिवसे**, काठमाडौँ : खरेल, रुद्र ,२०५९ ।

………. ,**तेस्रो आँखा, काठमाडौँ** : सहस्राब्दी प्रकाशन प्रा.लि., कात्तिक, २०६१ ।

………. , **शब्दको भ्वाङ्**, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन, २०६० ।

शर्मा, मोहनराज **र** लुइटेल खगेन्द्रप्रसाद, शोधविधि, दो.सं., ललितपुर : साभाप्रकाशन, २०५५ ।

सुवेदी राजेन्द्र, **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**, ते.स., ललितपुर : साझाप्रकाशन, २०५८ ।

**(ख) पत्रपत्रिकाको सूची**

उप्रेती, गङ्गाप्रसाद, 'नेपाली निबन्धमा व्यङ्ग्यको प्रयोग', **शृङ्खला** (काठमाडौँ :वर्ष १३, अङ्क२५,
२०४७) शरद हेमन्त) पृ. ६६-७२ ।

खरेल, पुण्यप्रसाद, त्यगी रुद्र खरेल, **शब्दसंयोजन** (काठमाडौँ : वर्ष ५, अङ्क ७, कात्तिक, २०६५) पृ. ९९-१०२ ।

चापागाईं ,'नरेन्द्र, रुद्र खरेलको तपाईंको नाम के हो ? को निबन्धकारिता', **वेदना** ( काठमाडौँ ,२०५४ असार) पृ. ७८-८० ।

चापागाईं निनु ,'रुद्र खरेललाई फर्केर हेर्दा' **शब्दसंयोजन**(काठमाडौँ : वर्ष ५, अङ्क ७, कात्तिक, २०६५) पृ. ३३-४४ ।

प्रधान, कृष्णचन्द्सिंह, 'नेपाली साहित्यमा हास्यव्यङ्ग्य प्राप्ति र पर्यवेक्षण', **मधुपर्क** , काठमाडौँ वर्ष ३०, अङ्क ४, भदौ २०५४) पृ. ३४-३९ ।

प्रभात, विष्णु, 'कलासाहित्यमा हास्यव्यङ्ग्य शैली', **मधुपर्क** (काठमाडौँ : वर्ष३० ,अङ्क४, भदौ,२०५४) ७१-७४ ।

………., 'हास्यहीन व्यङ्ग्यको सुन्दर कृति', **कान्तिपुर** (काठमाडौँ : शनिबार, २६, असोज, २०५९)
पृ. ६ ।

………., 'बिर्सिस्यो कि ? : हास्यहीन व्यङ्ग्य', **शब्दसंयोजन** (काठमाडौँ :वर्ष ५, अङ्क ७, कात्तिक, २०६५) पृ. ५०-५४ ।

पर्साईं, महेश, 'आषाढस्य प्रथमादिवसे', **वेदना** (काठमाडौँ : वर्ष २१ अङ्क ९, भदौ २०६०) पृ. २६-२९ ।

प्रेक्षित, जगत्, 'रुद्र खरेलको निबन्धकारिताको अध्ययन र विश्लेषण', **शब्दसंयोजन** (काठमाडौँ वर्ष ५ अङ्क ७, कात्तिक २०६५) पृ. ८३-९४ ।

पौडेल, हेमनाथः 'रुद्र खरेलका कवितामा परिवर्तनका र अग्रगमनको स्वर' **शब्दसंयोजन** ( काठमाडौँ : वर्ष ५ अङ्क ७, कात्तिक २०६५) पृ. ६९-७४ ।

फुयाँल रामचन्द्र, 'प्रगतिशील निबन्धकार रुद्र खरेल र उनका निबन्धकृतिको परिचय', **शब्दसंयोजन** (काठमाडौँ : वर्ष ५ अङ्क ७, कात्तिक २०६५) पृ. ९५-९८ ।

भट्ट, आनन्ददेव, 'जेलदेखि आर्यघाटसम्मको चिनापर्ची', **शब्दसंयोजन** (काठमाडौँ : वर्ष ५ अङ्क ७, कात्तिक २०६५) पृ.२२-२५ ।
भट्टराई रमेश, 'समकालीन प्रगतिशील लेखक र तिनका प्रकृतिहरू', **प्रलेस** (काठमाडौँ वर्ष ५, अङ्क ७ फागुन २०५३) पृ ३१-३५ ।
भण्डारी जगदीशचन्द्र, 'प्रगतिवादी नेपाली निबन्ध परम्परामा तोरी लाहुरे चोकमा एकछिन', **वेदना** (काठमाडौँ : साहित्यिक त्रैमासिक, वर्ष १, अङ्क २, फागुन-चैत्र ) पृ. २२-२५ ।
लम्साल, शक्ति, 'नेपाली निबन्ध परम्परामा तपाईंको नाम के हो ?' , **कलम** - काठमाडौँ , साहित्यिक त्रैमासिक, वर्ष १ अङ्क २, फागुन २०४९-२०५०) २३-२६ ।
लुइँटेल, नरनाथ, 'रुद्र खरेलका व्यङ्ग्य निबन्धको विषयक्षेत्र' **शब्दसंयोजन** (काठमाडौँ : वर्ष ५ अङ्क ७, कात्तिक २०६५) पृ. ६५-६८ ।

**ग) प्रमुखशोधग्रन्थसूची**

दाहाल, योगेन्द्रमणि, **नेपाली हास्यव्यङ्ग्य निबन्ध**(२०४६ पछि), अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि. वि., कीर्तिपुर २०६५ ।
फुयाँल, रामचन्द्र, **रुद्र खरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि. वि., कीर्तिपुर २०६२ ।